नेपाली राष्ट्रिय दैनिक
हिमालय टाइम्स
www.ehimalayatimes.com @ehimalayatimes @himalaya_times
वर्ष ३१, अंक ४० काठमाडौं | २०८२ माघ २० मंगलबार | फाल्गुन कृष्णपक्ष, द्वितीया | नेपाल संवत् ११४६ | HIMALAYA TIMES | Tuesday 3 February 2026 | पृष्ठ ८ | मूल्य रु ५।-

### संसद्मा प्रधानमन्त्री कार्कीको पहिलो सम्बोधन

# निर्वाचन निष्पक्ष हुने दाबी, सत्ता हस्तान्तरण गर्न आतुर

- शासकीय आकांक्षा बोकेर प्रधानमन्त्री नभएको जिकिर
- निर्वाचनमा सुरक्षाको पूर्ण प्रत्याभूत हुने दाबी
- चुनावमा एक थोपा पनि रगत बग्नु हुँदैन : प्रधानमन्त्री कार्की



सिंहदरबारमा सोमबार बसेको राष्ट्रियसभाको बैठकलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री सुशीला कार्की ।

**अनिल क्षेत्री/हिटा**

काठमाडौं, १९ माघ

गत भदौ २३ र २४ गते भएको 'जेन-जी' आन्दोलनको बलमा प्रधानमन्त्री नियुक्ति हुनुभएकी सुशीला कार्कीले पहिलोपटक संसद्मा सम्बोधन गर्नुभएको छ । माघ ४ गतेदेखि सुरु भएको राष्ट्रियसभाको १९औं अधिवेशनअन्तर्गत सोमबार बसेको अधिवेशनको पाँचौं बैठकमा सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले तोकिएको समय आगामी फागुन २१ गते नै स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन हुने बताउनुभएको छ ।

» पृष्ठ २ मा क्रमशः

## चुनाव लड्न गएका चार मन्त्रीबारे प्रधानमन्त्री- 'जेन-जीको दबाबमा आए-गए'

प्रधानमन्त्री सुशीला कार्कीले 'जेन-जी'का अगुवाहरूको दबाबमा कुलमान घिसिङ, महावीर पुन, जगदीश खरेल र बब्लु गुप्तालाई मन्त्रिपरिषद्मा ल्याउनुपरेको बताउनुभएको छ । सरकार गठनका बेला बाहिरबाट योग्य व्यक्तिहरू खोज्नुपर्ने अवस्था आएको र 'जेन-जी'को निरन्तर दबाबका कारण केहीलाई मन्त्री बनाउनै परेको प्रधानमन्त्री कार्कीले स्पष्ट पार्नुभएको हो । राजीनामा दिएर चुनावमा होमिएका चार मन्त्रीबारे राष्ट्रियसभा बैठकमा कार्कीले भन्नुभयो, 'यहाँहरूलाई थाहा होला कि भदौ २७ गते शपथग्रहण गरेपछि मन्त्रिपरिषद् गठन भएन । हामी राजनीतिक दलको मान्छे होइन ।

» पृष्ठ २ मा क्रमशः

## आसन्न निर्वाचन लोकतन्त्रको महत्त्वपूर्ण परीक्षा हो : गृहमन्त्री अर्याल



गृहमन्त्री ओमप्रकाश अर्यालले फागुन २१ मा हुने निर्वाचन लोकतन्त्रको महत्त्वपूर्ण परीक्षा भएको बताउनुभएको छ । सोमबार महाराजगञ्जस्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा आयोजित प्रहरी निरीक्षकहरूको दीक्षान्त समारोहमा गृहमन्त्री अर्यालले निर्वाचन सुरक्षा प्रभावकारी बनाउन निर्देशन दिँदै भन्नुभयो, 'आगामी निर्वाचन लोकतन्त्रको महत्त्वपूर्ण परीक्षा हो, निर्वाचन सुरक्षालाई प्रभावकारी बनाउनुहोस् । सेवाग्राहीको भरोसा टुट्न नदिनुहोस् । हामी प्रहरीलाई नियन्त्रण होइन सक्षम बनाउन चाहन्छौं ।'

## राष्ट्रियसभाबाट तीनवटा अध्यादेश स्वीकृत

राष्ट्रियसभाको बैठकबाट अगामी २१ फागुनको निर्वाचनलाई लक्षित गरी अन्तरिम सरकारले जारी गरेका तीनवटा अध्योदश स्वीकृत भएका छन् । राष्ट्रियसभाको सोमबारको बैठकबाट तीन अध्यादेशहरू स्वीकृत भएका हुन् । सभामा गृहमन्त्री ओमप्रकाश अर्यालले मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश २०८२, प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश २०८२ र नेपाल विशेष सेवा ऐन (दोस्रो संशोधन) अध्यादेश २०८२ लाई स्वीकृत गरियोस् भन्ने प्रस्ताव पेस गर्नुभएको थियो । उक्त प्रस्ताव बैठकले सर्वसम्मतिले स्वीकृत गरेको हो । बैठकमा सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति मायाप्रसाद शर्माले 'अध्यागमन ऐन २०४९ र सो ऐनअन्तर्गत बनेका प्रत्यायोजित विधायनसम्बन्धी अध्ययन प्रतिवेदन २०८२' लाई सभामा पेस गर्नुभएको छ । यस्तै, विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला पन्तले 'राष्ट्रिय सदाचार नीतिसम्बन्धी अध्ययन प्रतिवेदन २०८२' माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।

### सामाजिक न्यायको हक

# कार्यान्वयन गर्न सर्वोच्चको आदेश




**यज्ञराज पाण्डे/हिटा**

काठमाडौं, १९ माघ

सर्वोच्च अदालतले संघ, प्रदेश र स्थानीय तीनवटै तहमा सामाजिक न्यायको हक कार्यान्वयन गर्न निर्देशनात्मक आदेश जारी गरेको छ । सामाजिक न्यायको कार्यान्वयनका लागि सर्वोच्चमा दायर गरिएको एक रिटमा संविधानको धारा ४२ को सामाजिक न्यायको हकको व्यवस्था, मर्म र भावनालाई पूर्णरूपमा व्यवहारमा रूपान्तरण गर्नका लागि नियमित र निरन्तर रूपमा सक्रियता अपनाउन सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको हो ।

न्यायाधीश डा. मनोजकुमार शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले २०८२ साल असार ४ मा भएको फैसलाको हालै सार्वजनिक गरिएको पूर्णपाठमा नेपालको संविधानको धारा ४२ को सामाजिक न्यायको हक कार्यान्वयन गर्न निर्देशनात्मक आदेश गरेको हो । रौतहट, फतुवा विजयपुर नगरपालिकाका खजान्ती महतो नुनियाँले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय संसद् सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई विपक्षी बनाई सामाजिक न्यायको हक कार्यान्वयन गराउन आदेशको माग गर्दै रिट निवेदन दायर गर्नुभएको थियो ।

» पृष्ठ २ मा क्रमशः

## सामाजिक न्यायको हकको विषयमा राज्य विमुख हुन पाउँदैन : सर्वोच्च

त्यसो त मौलिक हकअन्तर्गत समानताको हक, सामाजिक सुरक्षाको हक, महिलाको हक, बालबालिकाको हक र दलितको हक जस्ता अन्य मौलिक हकले सामाजिक न्यायको मूल्य र मान्यतालाई आत्मसात् गरेका छन् । संविधानले व्यवस्था गरेका सामाजिक न्यायको मौलिक हक र अन्य संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्ने दायित्व राज्य संयन्त्रको हो ।

» पृष्ठ २ मा क्रमशः

## सामाजिक न्यायको विषय वञ्चितिमा परेकाहरूको राजनीतिक पहुँचसँग सम्बन्धित हुने

सर्वोच्चले सामाजिक न्यायको विषय वञ्चितिमा परेकाहरूको राजनीतिक पहुँचसँग सम्बन्धित हुने उल्लेख गरेको छ । सर्वोच्चको फैसलाको पूर्ण पाठमा भनिएको छ, 'सामाजिक न्यायको विषय र सेवाको प्रणाली तथा आर्थिक, सामाजिक र राजनीतिक पहुँच जस्ता विषयसँग सम्बन्धित हुन्छ ।

» पृष्ठ २ मा क्रमशः




हिमालय टाइम्स | चसक्क!



महेश बस्ताकोटी




# जापानी व्यापारीलाई नेपालमा लगानी गर्न राष्ट्रपति पौडेलको आह्वान

- आज जापानका सम्राट् नारुहितोसँग राजकीय शिष्टाचार भेट हुने

**दिपिका न्यौपाने/हिटा**

काठमाडौं, १९ माघ

राष्ट्रपति रामचन्द्र पौडेलले जापानी व्यापारीलाई नेपालमा व्यापारिक अवसरको खोजी गर्न आह्वान गर्नुभएको छ । नेपाल र जापानबीचको कूटनीतिक सम्बन्ध स्थापना भएको ७० औं वर्षगाँठका अवसरमा आयोजित कार्यक्रममा उहाँले नेपालमा लगानी गर्न जापानका व्यापारीलाई आग्रह गर्नुभएको हो ।

जापानको टोकियोमा सोमबार त्यहाँका व्यापारिक समुदायका सदस्यहरूसँगको अन्तरक्रियात्मक कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले नेपालमा लगानी गरेर धन र धर्म दुवै कमाउन सकिने बताउनुभयो । नेपालमा कृषि, जलस्रोत र पर्यटनमा लगानी गर्न सकिने उहाँको भनाइ थियो । 'हामीले लगानीमा आकर्षक प्रतिफलका साथै नाफा र पुँजी फिर्तीका लागि सहज प्रक्रियाहरू सहितको स्थिर समष्टिगत आर्थिक वातावरण तयार गरेका छौं,

» पृष्ठ २ मा क्रमशः



राष्ट्रपति रामचन्द्र पौडेलसँग सोमबार शिष्टाचार भेटवार्ता गर्नुहुँदै जापानका परराष्ट्र राज्यमन्त्री होरी इवाओ । तस्वीर सौजन्य : राष्ट्रपतिको सचिवालय

## कूटनीतिक सम्बन्धको ७०औं वार्षिकोत्सव द्विपक्षीय सम्बन्धको कोशेढुंगा : राष्ट्रपति पौडेल

राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल-जापान कूटनीतिक सम्बन्धको ७०औं वार्षिकोत्सव हाम्रो द्विपक्षीय सम्बन्धको एक कोशेढुंगा भएको बताउनुभएको छ । उहाँले नेपालको सामाजिक तथा आर्थिक विकासमा जापान एक महत्त्वपूर्ण तथा विश्वासिलो विकास साझेदार रहेको र नेपालको विकास प्रक्रियामा जापानले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभएको हो । जापानको औपचारिक भ्रमणमा रहनुभएका राष्ट्रपति पौडेलसँग जापानका परराष्ट्र राज्यमन्त्री होरी इवाओले सोमबार गर्नुभएको शिष्टाचार भेटका अवसरमा राष्ट्रपति पौडेलले सो धारणा व्यक्त गर्नुभएको हो ।

नेपाल सन् २०२६ मा अति कम विकसित राष्ट्रहरूको श्रेणीबाट स्तरोन्नतिको क्रममा रहेको र

» पृष्ठ २ मा क्रमशः

# 'भाग्यमानी नेता' नेपाललाई विरासत जोगाउने चुनौती

**डिबी शर्मा/हिटा**

काठमाडौं, १९ माघ

२०६४ को पहिलो संविधानसभा निर्वाचनमा रौतहट-६ (हाल ४) र काठमाडौं-२ बाट चुनाव लड्नुभएका नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का सहसंयोजक माधवकुमार नेपाल दुवै क्षेत्रबाट पराजित हुनुभएको थियो । ०६४ मा एमालेको गढ मानिएको ६ मा तत्कालीन नेकपा माओवादीका देवेन्द्र पटेल र काठमाडौं-२ मा झक्कु सुवेदीसँग नेपाल पराजित हुनुभएको थियो । तर, दुवै क्षेत्रबाट पराजित नेपाल पछि २०६६ मा राष्ट्रपतिबाट संसद्मा मनोनीत हुनुभयो । दुई-दुई ठाउँबाट चुनाव हार्दा पनि देशको प्रधानमन्त्री हुने भाग्यमानी नेता हो नेपाल । तिनै भाग्यमानी नेपाल यसपटक रौतहटबाटै चुनावी मैदानमा हुनुहुन्छ । अहिले फेरि उहाँ रौतहट-१ मै उम्मेदवार बन्नुभएको हो ।

रौतहट र काठमाडौंबाट गरी चारपटक चुनाव जित्नुभएका नेपाल २०४८ सालमा पहिलोपटक राष्ट्रियसभा सदस्य मनोनीत हुनुभएको थियो । रौतहट-१ बाट ०५६, ०६४, ०७० र २०७९ मा चारपटक चुनाव लड्नुभएका नेपाल ०६४ मा मात्र पराजित हुनुभएको थियो । २०७४ मा भने उहाँ काठमाडौं-२ बाट विजयी हुनुभएको थियो । ०७४ मा एमाले-माओवादी गठबन्धन भएपछि उहाँको क्षेत्रमा माओवादीका सत्यनारायण भगत विजयी हुनुभएको थियो । तर, यसपटक भने सबै दल एक्लाएक्लै चुनावमा भिडेका छन् । एक्लाएक्लै चुनावी मैदानमा उत्रिँदा नेपाललाई विरासत जोगाउने चुनौती छ ।

२०७८ सालमा एमाले विभाजन गरेर उहाँले नेकपा एकीकृत समाजवादी गठन गर्नुभयो । त्यसपछि कांग्रेस र माओवादी केन्द्रसँग चुनावी गठबन्धन गरेर रौतहट-१ बाट चुनाव जित्नुभएको थियो । अहिले अवस्था फेरिएको छ । यसपटक रौतहट क्षेत्र नं १ मा कसैले गठबन्धन गरेका छैनन् । यसपटक कांग्रेस आफैं चुनावी मैदानमा छ । त्यसैले नेपाल तत्कालीन माओवादी केन्द्र र नेकपा एसको मतको भर पर्नुपर्ने देखिन्छ । त्यसबेला माओवादी केन्द्रको दुई हजार ७९१ र नेकपा एसको नौ हजार ५७८ मत जोड्दा नेपाली कम्युनिष्ट पार्टीको १२ हजार ३६१ मत मात्र हुन्छ । यो नै नेपालको आफ्नो पार्टीको पुरानो मत हो ।



रौतहटको गौर क्षेत्र नम्बर २ महादेवपतिका स्थानीय मतदातासँग माधवकुमार नेपाल ।

## कस्ता छन् प्रतिस्पर्धी ?

अहिले रौतहट-१ मा नेपालसँगै नेकपा (एमाले)का नेता अजयकुमार गुप्ता, नेपाली कांग्रेसका अनिलकुमार झा, जनता समाजवादीका योगेन्द्र यादव र रास्वपाका राजेश चौधरी प्रतिस्पर्धामा हुनुहुन्छ । गुप्ता ०७० र ०७९ मा नेपालसँग पराजित हुनुभएको थियो । पूर्वमन्त्रीसमेत रहनुभएका झा ०७४ मा राष्ट्रिय जनता पार्टीबाट विजयी हुनुभएको थियो । पछिल्लो समय सद्भावना पार्टीका अध्यक्ष झा उम्मेदवारी दर्ताको अघिल्लो दिन कांग्रेस प्रवेश गर्नुभएको थियो । एकपटक प्रधानमन्त्रीसमेत भइसक्नुभएका नेपालले जिल्लाका लागि केही नगरेको आरोप लाग्ने गरेको छ । बर्सेनि डुबानको समस्या झेल्न बाध्य स्थानीय उहाँसँग असन्तुष्ट छन् । भ्रष्टाचारमा समेत मुछिनुभएका नेपालको राजनीतिक छविबीच रौतहट-१ को चुनाव पेचिलो बनेको छ ।

एमालेका गुप्ता पार्टीको बलियो उम्मेदवारका रूपमा चुनावी दौडमा हुनुहन्छ । मधेसकेन्द्रित दलबाट राजनीति सुरु गर्नुभएका गुप्ता दुईपटक गौर नगरपालिकाको प्रमुख भइसक्नु भएको छ । २०७० मा फोरम लोकतान्त्रिकबाट उम्मेदवार बन्नुभएका गुप्ता तत्कालीन एमालेका नेपालसित झिनो (३३८) मतान्तरले पराजित हुनुभएको थियो । २०७९ मा कांग्रेससँगको गठबन्धनमा नेपालले गुप्तालाई ६ हजार ६ सय मतले पराजित गर्नुभएको थियो । यसपटक कुनै पनि पार्टीसँग गठबन्धन नभएकाले आफूले जित्नेमा गुप्ता ढुक्क हुनुहुन्छ । अर्को प्रतिस्पर्धी चौधरी २०७४ मा प्रदेशसभा निर्वाचनमा कांग्रेसबाट लड्नुभएको थियो । ०७९ मा प्रदेशमै टिकट नपाएपछि स्वतन्त्रमा लड्नुभएको छ । यसपटक उहाँ रास्वपाबाट उम्मेदवार बन्नुभएको छ । ०७९ को चुनावमा यस क्षेत्रमा रास्वपाका मिस्टर सूर्यदेव कोइरालाले १६३ मत ल्याउँदा जमानत जफत भएको थियो । जसपा नेपालबाट उम्मेदवार बन्नुभएका यादव पनि सशक्त मानिनुहुन्छ । ०७४ को प्रदेशसभामा जित्नुभएका यादव पूर्वमन्त्री हो ।

## कडा टक्कर हुने आँकलन

गत चुनावमा कांग्रेससहित पाँच दलीय गठबन्धनको बलमा सहजै जित निकाल्नुभएका नेपाल यसपटक पनि आफ्नो विरासत कायमै राख्ने दाउमा हुनुहुन्छ । गत चुनावमा नेपालले ३३ हजार ५२२ मत ल्याएर विजयी हुँदा एमालेका गुप्ताले २६ हजार ९२२ मत ल्याउनुभएको थियो । यो चुनावमा एमाले एक्लै लड्दा तत्कालीन नेकपा अध्यक्षसमेत रहनुभएका नेपाललाई कांग्रेस, माओवादीसहितको साथ थियो । गएको निर्वाचनमा समानुपातिकतर्फ पहिलो दल कांग्रेस नै हो । कांग्रेसले १९ हजार ११९ मत ल्याएको थियो । यो क्षेत्रमा दोस्रो दल बनेको एमालेले ११ हजार ८९, तत्कालीन नेकपा एसले नौ हजार ५७८, जसपा नेपाल ६ हजार ९३५, जनमतले ६ हजार २८८, तत्कालीन माओवादी केन्द्रले दुई हजार ७९१ मत ल्याएको थियो ।

प्रतिनिधिसभा निर्वाचनअन्तर्गत रौतहट क्षेत्र नम्बर १ मा ३९ जना उम्मेदवार छन् । रौतहट-१ मा कुल एक लाख आठ हजार ७२६ मतदाता रहेको निर्वाचन आयोगले जनाएको छ । यो निर्वाचन क्षेत्रअन्तर्गत गरुडा नगरपालिकाको वडा नम्बर १, गढीमाई नगरपालिकाको वडा नम्बर ६, ७ र ८, गौर नगरपालिकाको वडा नम्बर १ देखि ९ सम्म, दुर्गा भगवती गाउँपालिकाको पाँचवटा वडा, माधवनारायण नगरपालिकाको नौवटा वडा, यमुनामाई गाउँपालिकाको पाँचवटा वडा र राजदेवी नगरपालिकाको नौवटा वडा पर्दछन् ।

# उपत्यकामा एलपी ग्यासको अभाव, पालो कुर्दाकुर्दै उपभोक्ता हैरान

- ढुवानीमा समस्या, आफ्नै बुलेट नहुँदा संकट
- आपूर्ति सहज बनाउन उद्योगीलाई कडा निर्देशन

**नारायण भण्डारी/हिटा**

काठमाडौं, १९ माघ

काठमाडौं उपत्यकामा खाना पकाउने एलपी ग्यासको अभाव झन् चर्किंदै गएको छ । विशेषगरी उपत्यकामा उच्च बजार हिस्सा रहेको 'नेपाल ग्यास' को चरम अभाव भएपछि उपभोक्ताहरू रित्तो सिलिण्डर बोकेर डिपो-डिलर चहार्दै अन्ततः कम्पनीको कार्यालयसम्म धाउन बाध्य भएका छन् । दुई सातादेखि जारी संकटका कारण दैनिक सयौं उपभोक्ता बालाजु औद्योगिक क्षेत्रमा रहेको नेपाल ग्यासको केन्द्रीय कार्यालयमै पुगेर लाइन बसिरहेका छन् । तर, कार्यालय पुग्दासमेत ग्यास नपाइएपछि उपभोक्ताको आक्रोश र निराशा बढ्दै गएको छ ।



बालाजु औद्योगिक केन्द्रमा रहेको नेपाल ग्यासको कार्यालयमा ग्यास लिन लामबद्ध उपभोक्ता ।

कुमारीगालका अक्कल देवकोटा १५ दिनदेखि डिपो धाइरहनु भएको थियो । पटक-पटक जाँदा पनि ग्यास नपाएपछि अर्को डिपोमा गएर बढी मूल्य तिरेर ग्यास लिएको उहाँको भनाइ छ । उता कीर्तिपुरका विनोद कुँवरले पनि ग्यासको सिलिण्डर बोकेर हिँड्न थालेको एक महिना पुग्न थाल्यो तर ग्यास भने पाउन

» पृष्ठ २ मा क्रमशः

CMYK

# संसद पुनस्थापना हुँदैन : कांग्रेस उपसभापति शर्मा

**राजेन्द्र गौतम/हिटा**
झापा, १९ माघ

नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले फागुन २१ मा प्रतिनिधिसभा निर्वाचन हुने र संसद पुनस्थापना नहुने दाबी गर्नुभएको छ। सोमबार झापाको बिर्तामोडमा आयोजित कार्यकर्ता भेलामा उहाँले भन्नुभयो, 'संसद पुनस्थापना हुँदैन। यदि अदालतले पुनस्थापना गर्‍यो भने त्यसलाई सामान्य रूपमा मान्नु पर्छ।'

उहाँले कांग्रेसमा विशेष महाधिवेशनका पक्ष वा विपक्षको बहस सकिएको बताउँदै, ६०-४० अवस्थाको अन्त्य भएको स्पष्ट पार्नुभयो। 'हरेक नेता आफ्नो जिम्मेवारी लिई उम्मेदवारलाई जिताउन लाग्नुपर्छ। म मात्रै सबै ठाउँको नेता नबन्न', उहाँले कार्यकर्तालाई आग्रह गर्नुभयो।



उपसभापति शर्माले फागुन १ देखि २१ गतेसम्म क्षेत्र नछाड्न, बिहे, अपरेसन र अत्यावश्यक कामबाहेक अन्य कुरामा गाउँ वा क्षेत्र नछोड्न चेतावनी दिनुभयो। उहाँले कांग्रेसको उम्मेदवार चयनमा न्याय भएको उल्लेख गर्दै झापा-२ मा प्रत्यक्ष उम्मेदवार सरिता प्रसाईं र समानुपातिक उम्मेदवार उमा शिवाकोटी तथा मनमाया विश्वकर्मालाई समर्थन गरिने जानकारी दिनुभयो।

कार्यक्रममा उहाँले नयाँ नेतृत्वको महत्त्व औंल्याउँदै भन्नुभयो, 'कांग्रेस सबैभन्दा नयाँ र इतिहासकै नवीन पार्टी हो। नयाँ नेतृत्व लिएर आउने नयाँ हो।'

उहाँले भदौ २३ र २४ को राजनीतिक घटनाक्रममा सरकार र पार्टीको कमजोरी भएको स्मरण गर्दै, अवसर पाएर काम नगर्ने वा कांग्रेस छोड्ने व्यक्तिले देश निर्माण गर्न नसक्ने बताउनुभयो। कार्यक्रममा कांग्रेस उम्मेदवार सरिता प्रसाईं, उमा शिवाकोटी, मनमाया विश्वकर्मा, केन्द्रीय सदस्य सुधीर शिवाकोटी र प्रदेश सभापति उद्धव थापाले पनि बोल्दै कांग्रेसलाई मतदान गरेर देशभर विजयी गराउन आह्वान गर्नुभयो।

# भोजपुरमा अवैध गाँजा नियन्त्रण अभियान तीव्र

## ९३४ केजीभन्दा बढी गाँजा बरामद, एक लाख ३९ हजारभन्दा बढी बोट नष्ट

**निरोज कोइराला/हिटा**
भोजपुर, १९ माघ

गाँजा लगायतका अवैध लागुऔषधको ओसारपसार तथा खेती नियन्त्रणका लागि भोजपुर प्रहरीले सञ्चालन गरेको अभियानबाट उल्लेखनीय सफलता हात परेको छ। जिल्ला प्रहरी कार्यालय भोजपुरका अनुसार गत साउन महिनादेखि हालसम्म जिल्लाका विभिन्न क्षेत्रबाट ९३४ केजीभन्दा बढी अवैध गाँजा बरामद गरिएको हो।

त्यसैगरी, सोही अवधिमा एक लाख ३९ हजार ३५ वटा अवैध रूपमा उम्रिएका तथा लगाइएका गाँजाका बोट नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक (डिएसपी) राजु लामाले जानकारी दिनुभयो। डिएसपी लामाका अनुसार हालसम्म १३ जनालाई अवैध गाँजासहित नियन्त्रणमा लिएर अनुसन्धान गरिएको छ। पछिल्लो पटक जिल्लाको दक्षिणी क्षेत्रबाट ट्र्याक्टरमार्फत ठूलो परिमाणमा गाँजा ओसारपसार भइरहेको सूचनाका आधारमा प्रहरीले विशेष निगरानी बढाएको थियो।

सोही क्रममा हतुवागढी गाउँपालिका-९, मचुवामा ना.७ त ३५० नम्बरको ट्र्याक्टर जाँच गर्दा ४३ वटा बोरामा राखिएको ८२६ केजी ६६० ग्राम अवैध गाँजा फेला परेको प्रहरीले जनाएको छ। उक्त घटनामा आमचोक गाउँपालिका-९ का २९ वर्षीय रुद्रबहादुर श्रेष्ठसहित नौ जनालाई माघ १५ गते बिहीबार नियन्त्रणमा लिइएको हो।

नियन्त्रणमा लिइएका व्यक्तिहरूलाई जिल्ला



अदालत भोजपुरमा पेस गरिएको र अदालतको आदेशअनुसार सात दिनको म्याद थप गरी आवश्यक अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ। प्रहरीले भोजपुर जिल्लालाई लागुऔषधमुक्त बनाउन निरन्तर गस्ती, निगरानी र समुदायसँगको सहकार्यलाई अझ प्रभावकारी बनाउँदै लगिने जनाएको छ। साथै, अवैध लागुऔषध कारोबारमा संलग्न जो कोहीलाई कानुनी दायरामा ल्याइने प्रहरीको भनाइ छ।

# नुवाकोटमा बाल सुधार केन्द्र स्थापना

**नुवाकोट/रासस**

केन्द्रीय कारागार नुवाकोटमा बाल सुधार केन्द्र स्थापना गरिएको छ। केन्द्रीय कारागार नुवाकोटको रिक्त ब्लक नं ३ को भवनमा आवश्यक बन्दोबस्तीसहित स्थापना गरिएको केन्द्रमा देशका विभिन्न बाल सुधार केन्द्रमा क्षमताभन्दा बढी रहेका बाल बिज्याइँकर्तालाई ल्याउने लक्ष्यसहित तत्कालको लाग १५० जना क्षमताको केन्द्र स्थापना गरिएको हो। केन्द्र स्थापनासहित आइतबार बाल सुधार केन्द्र भक्तपुरमा रहेका ७५ जना बाल बिज्याइँकर्तालाई स्थान्तरण गरेर ल्याइएको कारागार प्रमुख भेषबहादुर कुँवरले जानकारी दिनुभयो।

उहाँको अनुसार गत पुस ३ गते मन्त्रिपरिषद्ले गरेको निर्णय कार्यान्वयनअन्तर्गत बाल सुधार केन्द्र भक्तपुरमा रहेकामध्ये पहिलो चरणमा पचहत्तर जनालाई केन्द्रीय कारागार नुवाकोटको रिक्त ब्लकमा ल्याएर राखिएको छ।

उक्त ब्लकमा करिब १५० जना बाल बिज्याइँकर्ता राख्न पुग्ने आवश्यक संरचना तयार गरिएको हुँदा बाँकीलाई क्रमशः ल्याउने तयारीमा रहेको उहाँको भनाइ छ। अहिले ल्याइएको बाल बिज्याइँकर्ता सबै जना १८ वर्ष उमेर पूरा भइसकेका, संलग्न घटनामा दोषी पुष्टि भएर बाल सुधार केन्द्र पठाउन सिफारिस भएका पुरुष रहेका छन्। बाल बिज्याइँकर्ता राख्न एउटा केन्द्रीय कारागार नुवाकोटमा अहिले एक मात्र भवन भएकाले तत्कालको लागि बालक (पुरुष) लाई मात्र स्थान्तरण गर्न लागिएको छ।

देशका विभिन्न नौ स्थानमा सञ्चालित बाल सुधार केन्द्रमा क्षमताभन्दा बढी भएका बाल बिज्याइँकर्तालाई तत्कालै नुवाकोट स्थान्तरण गर्ने निर्णय गत पुस ३ मा मन्त्रिपरिषद्बाट भए पनि उनीहरूको लागी आवश्यक सुविधाको बन्दोबस्ती मिलाउन समय लागेको हो। कारागारमा निर्माण गरिएकामध्ये छुट्टै स्थानमा रहेको भवन (ब्लक नं ३) मा नेपाल प्रहरीको सुरक्षा पहरामा तोकिएका मापदण्डको सुविधासहित बाल बिज्याइँकर्तालाई स्थान्तरण गरेर ल्याइएको हो।

उनीहरूलाई बन्दोबस्ती सहितको सुविधा उपलब्ध गराउने कार्य तत्कालका लागि केन्द्रीय कारागार नुवाकोटमार्फत भए पनि केही दिनपछि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमार्फत प्रतिनिधि खटाइ प्रबन्ध मिलाइने उल्लेख छ।

## संसद्मा प्रधानमन्त्री...

« पृष्ठ १ बाट क्रमशः

सरकारका प्राथमिकताका रूपमा रहेको प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी र सुशासनका क्षेत्रमा भइरहेका कामबारे सदनलाई जानकारी दिँदै प्रधानमन्त्री कार्कीले भन्नुभयो, 'आगामी २१ फागुनमा हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि उम्मेदवारको मनोनयन सम्पन्न भएको छ। राज्यका स्रोतसाधन निर्वाचनमा केन्द्रित भएका छन्। एकीकृत निर्वाचन सुरक्षा योजना सुदृढ गरी कार्यान्वयनमा ल्याइएको छ। सबै सुरक्षा निकाय परिचालित गरिएको छ।' आसन्न निर्वाचन नयाँ यात्राको प्रस्थानबिन्दु बन्नुपर्ने उल्लेख गर्दै कार्कीले भन्नुभयो, 'यो निर्वाचन सदनमा जनप्रतिनिधि पठाउने प्रक्रिया मात्र होइन, यो नेपालको नयाँ राजनीतिक संस्कृतिको प्रस्थानबिन्दु बन्नुपर्दछ भन्ने मेरो सविनय आग्रह छ।' प्रधानमन्त्री कार्कीले 'विकास, आर्थिक मामिला तथा सुशासन' समितिका सभापति कमला पन्तबाट प्रस्तुत 'राष्ट्रिय सदाचार नीतिसम्बन्धी अध्ययन प्रतिवेदन, २०८२' माथिको छलफलमा सदस्यहरूले उठाएका प्रश्नको जवाफ पनि दिनुभएको छ। उहाँले सार्वजनिक निकायका काम कारबाहीलाई पारदर्शी र उत्तरदायी बनाउँदै भ्रष्टाचार न्यूनीकरणमा पूर्ण प्रतिबद्धताका साथ सरकार अघि बढिरहेको दाबी गर्नुभयो।

प्रधानमन्त्री कार्कीले भ्रष्टाचार न्यूनीकरणसम्बन्धी रणनीतिक योजना तथा प्रविधिमा आधारित सुशासनको मार्गचित्र निर्माणको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिँदै भन्नुभयो, 'सार्वजनिक निकायका काम कारबाहीलाई पारदर्शी र उत्तरदायी बनाई भ्रष्टाचार न्यूनीकरणमा पूर्ण प्रतिबद्धताका साथ सरकार लागिपरेको छ। भ्रष्टाचार न्यूनीकरणसम्बन्धी रणनीतिक योजना तथा प्रविधिमा आधारित सुशासनको मार्गचित्र तयारीको कार्य अन्तिम चरणमा पुगेको छ।'

## चुनाव लड्न...

« पृष्ठ १ बाट क्रमशः

हामीले बाहिरबाट खोज्नुपर्ने अवस्था आयो अन्तरिम सरकारको लागि। हामीलाई जेन-जीको ठूलो प्रेसर थियो। जेन-जीको मान्छेहरू ल्याऊ मन्त्रीमा भनेर आयो। त्यसमा महावीर पुन, कुलमान घिसिङको नाम आयो। हामीले मान्नुपर्ने अवस्था थियो। धेरैको नाम आयो। त्यसमध्येको केहीलाई मन्त्रिपरिषद्मा ल्यायौं। तत् तत् व्यक्तिहरूले आउन मान्नुभएको थिएन मन्त्रिपरिषद्मा। जेन-जीको प्रेसर के थियो भने यिनीहरूलाई तिमीहरूले लिनैपर्छ। कुलमानलाई लिनैपर्छ, पुनलाई लिनैपर्छ सञ्चारमन्त्री तिनीहरूलाई पनि लिनैपर्छ भन्ने थियो।'

सरकारमै बसेर चुनाव लड्ने अवस्था नहुने भएपछि सरकारै छाडेर गइसकेको व्यक्ति चुनावमा लड्न पाउने अधिकार रहेको उल्लेख गर्दै कार्कीले भन्नुभयो, 'राजीनामा दिएर जानेहरूसँग अहिले सम्पर्क पनि छैन। हामीलाई जान्छन् भन्ने थाहा थियो। जेन-जीको दबाबमा आए, गए। महावीर पुनलाई किताब बेच्दाबेच्दै सुधन गुरुङले अँगालो हालेर ल्याएको हो।' महावीर पुन रिसाएर चुनावमा हिँडेको समेत उल्लेख गर्दै उहाँले भन्नुभयो, 'दुई/चारवटा कानुन बनाऊँ भन्नुभएको थियो। ती कानुन राम्रै थियो। तर, यो छोटो समयमा त्यो कानुन बनाएर हामीले सहयोग गर्न सकेनौं। त्यो कानुन मुलुककै लागि थियो।'

### शासकीय आकांक्षा बोकेर प्रधानमन्त्री नभएको जिकिर

प्रधानमन्त्री सुशीला कार्कीले आफू कुनै शासकीय आकांक्षा बोकेर प्रधानमन्त्री नभएको बताउनुभएको छ। आफू कुनै पदको लालसा लिएर प्रधानमन्त्री नबनेको उल्लेख गर्दै कार्कीले भन्नुभयो, 'बिथोलिएको संवैधानिक व्यवस्थालाई ट्र्याकमा ल्याउन र देशलाई संकटबाट बचाउन परिवर्तनकामी युवा पुस्ताको आग्रह, राजनीतिक दल र सम्माननीय राष्ट्रपतिज्यूसँगको छलफलका आधारमा विषम परिस्थितिमा मैले प्रधानमन्त्रीको जिम्मेवारी लिएकी हुँ। म कुनै शासकीय आकांक्षा बोकेर पदको लोभमा प्रधानमन्त्री भएको होइन। बिथोलिएको संवैधानिक व्यवस्थालाई ट्र्याकमा ल्याउन र देशलाई संकटबाट बचाउनको लागि प्रधानमन्त्रीको जिम्मेवारी लिएको हुँ।'

### निर्वाचनमा सुरक्षाको पूर्ण प्रत्याभूत हुने दाबी

प्रधानमन्त्री सुशीला कार्कीले भदौ २३ र २४ गते भएको 'जेन-जी' आन्दोलनका क्रममा लुटिएका अधिकांश हतियार बरामद गरिएको दाबी गर्नुभएको छ। प्रधानमन्त्री कार्कीले आगामी फागुन २१ गते हुने निर्वाचनका लागि सुरक्षाको पूर्ण प्रत्याभूत गरिएको उल्लेख गर्दै भन्नुभयो, 'आन्दोलनका क्रममा लुटिएका हतियारमध्ये अधिकांश बरामद भइसकेका छन्। सुरक्षाको पूर्ण प्रत्याभूत गरिएको छ। परिस्थितिलाई सामान्यीकरण गर्दै निर्वाचनका लागि यो वातावरण बनाउन संघीय सरकारका, प्रदेश तथा स्थानीय सरकार, निर्वाचन आयोग, राजनीतिक दल, जेन-जी आन्दोलन अगुवा तथा प्रतिनिधि, नागरिक समाज र सबैको सहयोगले सम्भव भएको हो।' प्रधानमन्त्री कार्कीले निर्वाचन आचारसंहिताको पूर्णपालन गरी आगामी निर्वाचनलाई स्वच्छ, भयरहित वातावरणमा सम्पन्न गर्न सबैसँग आग्रहसमेत गर्नुभएको छ।

### चुनावमा एक थोपा पनि रगत बग्नु हुँदैन : प्रधानमन्त्री कार्की

प्रधानमन्त्री कार्कीले आसन्न निर्वाचन नेपाली लोकतन्त्रको एउटा उदाहरणीय र मानक बन्नुपर्ने बताउँदै चुनावमा एक थोपा पनि रगत बग्नु नहुने र कुनै पनि नागरिक घाइते हुन नहुनेतर्फ प्रहरीलाई सचेत गराउनुभएको छ। सोमबार काठमाडौंमा आयोजित नेपाल प्रहरी निरीक्षकहरूको दीक्षान्त समारोहमा बोल्दै प्रधानमन्त्री कार्कीले आसन्न निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीय वातावरणमा सम्पन्न गराउन नेपाल प्रहरीको भूमिका संवेदनशील र निर्णायक हुने बताउनुभएको हो। निर्वाचनका बेला प्रहरीको भूमिका अत्यन्त संवेदनशील र निर्णायक हुने बताउँदै उहाँले राजनीतिक प्रभाव, दबाब वा पूर्वाग्रहबाट माथि उठेर कानुनको मर्मअनुसार आफ्नो जिम्मेवारी पूरा गर्न आग्रह गर्दै भन्नुभयो, 'कुनै राजनीतिक प्रभाव, दबाब वा पूर्वाग्रहबाट माथि उठेर कानुनको मर्मअनुसार आफ्नो जिम्मेवारी पूरा गर्नुहोस्। तपाईंहरूको निष्पक्षता नै लोकतन्त्रको सुरक्षाकवज हो।'

## सामाजिक न्यायको...

« पृष्ठ १ बाट क्रमशः

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ४२ को सामाजिक न्यायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, आपांता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भनिएको छ। यस्तै, आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भनी व्यवस्था गरिएको छ। अपांगता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने र अपांगता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने व्यवस्था गरेको छ।

धारा ४२ मा 'प्रत्येक किसानलाई कानुनबमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउबिजन र कृषि प्रजातिको छनोट र संरक्षणको हक हुनेछ', भनी उल्लेख गरिएको छ, साथै 'नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ' भनी उल्लेख छ। उक्त हकलाई कार्यान्वयन गर्न सर्वोच्चले आदेश जारी गरेको हो।

## सामाजिक न्यायको हकको ...

« पृष्ठ १ बाट क्रमशः

यी विषयमा राज्य विमुख हुन नपाउने कुरा सर्वोच्चले उल्लेख गरेको छ। सर्वोच्चको फैसलामा उल्लेख छ, 'मौलिक हकले व्यवस्था गरेका कुरामा व्यवहारमा प्रत्याभूत गर्ने कुरालाई राज्यले कुनै पनि आधारमा पन्छिन वा असमर्थता व्यक्त गर्न मिल्ने हुँदैन। यो इजलास राज्यका समग्र संयन्त्रहरूबाट यसै मर्म र भावनाका साथ कार्य गर्दछन् भन्ने अपेक्षा राख्दछ।'

सर्वोच्चले सामाजिक न्यायको सुनिश्चितताका लागि राज्य संयन्त्रबाट विभिन्न कार्यहरू गर्नुपर्ने राज्यको दायित्व रहेको उल्लेख गरेको छ। कुनै एक कार्यबाट मात्र सामाजिक न्यायको अभिष्ट पूरा हुन नसक्ने र समाजमा विद्यमान रहेका अन्याय, असमानता र भेदभावलाई बढावा दिने तत्त्वहरूको पहिचान गर्दै तदनुरूपको नीति निर्माण गर्न जरुरी रहेको सर्वोच्चले भनेको छ। नागरिकहरूबीच रहेका आयको वितरण, स्रोत साधनको वितरण, कामको अवसर र पारिश्रमिक, शिक्षा वा ज्ञान प्राप्त गर्ने अवसर, सामजिक सुरक्षा, स्वास्थ्य सेवा, राजनीतिक र नागरिक सहभागितामा असमानताको सम्बोधन हुनुपर्ने कुरा सर्वोच्चले फैसलामा उल्लेख गरेको छ।

## सामाजिक न्यायको विषय ...

« पृष्ठ १ बाट क्रमशः

नीति निर्माण, कानुन तर्जुमा र कार्यान्वयन गर्दा वञ्चितिमा परेकाहरूको समावेशीकरण गर्नका लागि राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रहरूमा सबैको पहुँच सुनिश्चित हुने प्रबन्ध गर्नुपर्ने हुन्छ। सामाजिक न्यायको सुनिश्चितताका लागि समानता, विभेदको अन्त्य, सकरात्मक विभेद, सामाजिक सुरक्षा, समावेशीकरण र आरक्षण जस्ता उपायहरूको व्यवहारतः अवलम्बन गर्न आवश्यक हुन्छ।' साथै सीमान्तकृत र कमजोर वर्गहरूको सशक्तिकरण गर्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण हुने कुरामा सर्वोच्चले जोड दिएको छ।

सर्वोच्चले रिट खारेज गरे पनि संविधानमा भएका सामजिक न्यायसँग सम्बद्ध व्यवस्थाहरूको पूर्णरूपमा भइसकेको छ भन्न सकिने अवस्था नभएको उल्लेख गरेको छ। संविधानले परिलक्षित गरेको सामाजिक न्यायका लागि राज्यका सबै अंग र निकाय आफ्नो कर्तव्यबाट उदासिन रहने छुट प्राप्त नहुने उल्लेख गर्दै सबै संयन्त्र वा निकायबाट सामाजिक न्यायको प्रवर्द्धन गर्ने राज्यको संवैधानिक दायित्व निर्वाह गर्नुपर्नेमा सर्वोच्चले जोड दिएको छ।

**आज वि.सं. २०८२ माघ २० गते, मंगलबार, ई.स. २०२६ फेब्रुअरी ३, तिथि- फाल्गुन कृष्णपक्ष द्वितीया, मघा- नक्षत्र, शोभन- योग, तैतिल- करण, चन्द्रराशि- सिंह, सूर्योदय- ६:५२, सूर्यास्त- १७:४५।**



## तपाईंको आज

ज्योतिषाचार्य
**नारायणप्रसाद भण्डारी**

मेष : आजको दिन सिर्जनात्मक कार्य र बुद्धिपरिक्षणको लागि अनुकूल रहन्छ। सन्तान पक्षबाट सुखद समाचार प्राप्त हुनसक्छ। प्रेम सम्बन्धमा मिठास छाइरहनेछ। शैक्षिक क्षेत्रका प्रयास सफल हुनेछन्। तर, खर्चमा संयमता आवश्यक छ।

वृष : गृहस्थ जीवनमा केही मानसिक चञ्चलता देखिन सक्छ। मातृ स्वास्थ्यको ख्याल गर्नुहोला। कामको बोझले पारिवारिक समय घट्न सक्छ। सवारी साधन चलाउँदा सावधानी अपनाउनु उत्तम हुन्छ। आत्मबल र धैर्य आवश्यक हुनेछ।

मिथुन : दाजु-भाइ वा साथीहरूको सहयोग प्राप्त हुनेछ। सञ्चार माध्यम र बौद्धिक कार्यमा सफलता मिल्नेछ। छोटो यात्रा लाभदायक रहन सक्छ। आत्मविश्वास उच्च रहनेछ र निर्णय क्षमतामा परिपक्वता देखिनेछ।

कर्कट : वाणीमा मिठास राख्दा लाभ हुनेछ। आर्थिक पक्षमा मध्यम सुधारको संकेत छ। परिवारमा स-साना छलफल उत्पन्न हुन सक्नेछ, तर संयमता अपनाउँदा स्थिति सहज हुनेछ। बचततर्फ ध्यान दिनु उचित हुनेछ।

सिंह : आजको दिन आत्मबल र तेज वृद्धिका लागि अनुकूल रहन्छ। नयाँ कार्यको शुभारम्भ गर्न सकिने समय हो। प्रतिष्ठा र मान-सम्मान बढ्न सक्छ। शरीरमा स्फूर्ति अनुभूति हुनेछ। तर, अहंकारले सम्बन्धमा असर पार्न नदिनुहोस्।

कन्या : अप्रत्याशित खर्चको सम्भावना छ। शारीरिक थकान वा निद्रामा समस्या हुनसक्छ। गोप्य शत्रु सक्रिय हुन सक्छन्, सजग रहनुहोस्। ध्यान र आत्मचिन्तनबाट मन शान्त रहन सक्छ।

तुला : आज आयका स्रोतमा वृद्धि देखिन्छ। नयाँ सम्पर्क र मित्रताले फाइदा दिलाउन सक्छ। आकांक्षा पूर्ण हुने दिन हो। सामाजिक प्रतिष्ठा बढ्नेछ। लक्ष्यप्रति समर्पित रहँदा सफलता अवश्य मिल्नेछ।

वृश्चिक : पेशागत उन्नति, उच्च अधिकारीको समर्थन र कार्यक्षेत्रमा सफलता सम्भावित छ। जिम्मेवारीमा वृद्धि भए तापनि कार्यसम्पादन राम्रो हुने संकेत देखिन्छ। निर्णय क्षमताको प्रशंसा हुनेछ। समाजमा मान-प्रतिष्ठा बढ्नेछ।

धनु : धार्मिक कार्यमा रुचि बढ्नेछ। बुबाको सहयोग वा आशीर्वाद लाभदायक हुनेछ। यात्राको सम्भावना छ, जुन लाभदायक रहन सक्छ। दर्शन, ध्यान वा अध्ययनमा रुचि बढ्नेछ। गुरुजन वा ज्येष्ठ व्यक्तिको सल्लाह लाभदायक हुनेछ।

मकर : अनपेक्षित समस्याहरूले मानसिक तनाव दिन सक्छ। स्वास्थ्यप्रति ध्यान दिनु आवश्यक छ। गोप्य चिन्तन र आध्यात्मिक झुकावले राहत दिन सक्छ। वाणी वा व्यवहारमा संयमता आवश्यक छ। जोखिमपूर्ण निर्णयबाट टाढा रहनु हितकर हुनेछ।

कुम्भ : दाम्पत्य सम्बन्धमा सौहार्दता देखिनेछ। साझेदारी वा व्यापारमा लाभ सम्भावना छ। वार्तालापमा स्पष्टता राख्दा ठूला निर्णयमा सफलता मिल्नेछ। सामाजिक जीवनमा सक्रियता बढ्नेछ। प्रेम जीवनमा पनि सकारात्मक संकेत छ।

मीन : आज प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ। पुराना रोगहरूमा सुधार देखिन सक्छ। कानुनी वा ऋणसम्बन्धी कार्यमा सफलता मिल्नेछ। कार्यक्षेत्रमा कडा परिश्रमको सकारात्मक परिणाम प्राप्त हुनेछ। आत्मबल उच्च रहनेछ।

## जापानी व्यापारीलाई...

« पृष्ठ १ बाट क्रमशः

नेपाल सरकार वैदेशिक लगानीमा पूर्ण सहयोग, निर्बाध सहजीकरण र सुरक्षा प्रदान गर्न प्रतिबद्ध छ', उहाँले भन्नुभयो।

राष्ट्रपति पौडेलले नेपाल-जापान कूटनीतिक सम्बन्धको ७०औँ वार्षिकोत्सव मनाउँदै गर्दा दुई पक्षबीच पारस्परिक लाभका क्षेत्रमा गहन सहकार्य अघि बढाउन यो उपयुक्त क्षण पनि भएको उल्लेख गर्नुभएको थियो। पौडेलले दुई देशबीचको कूटनीतिक सम्बन्धको सरकारी मात्र होइन जनस्तरमा पनि प्रगाढ हुँदै गएको धारणा राख्नुभयो। उहाँले नेपालको सामाजिक-आर्थिक विकास प्रयासहरूमा एक विश्वसनीय साझेदारका रूपमा दशकौंदेखि जापानले गरेको सहयोगको उच्च प्रशंसासमेत गर्नुभएको थियो।

कार्यक्रममा जापानी व्यापारिक समुदायका कतिपय सदस्यहरूले नेपालमा यति धेरै लगानीको अवसर रहेको थाहा पाउँदा खुसी लागेको र यसले लगानीको ढोका खोल्न योगदान पुग्ने धारणा व्यक्त गरेका थिए।

## कूटनीतिक सम्बन्धको...

« पृष्ठ १ बाट क्रमशः

यसमा नेपालले सदाझैं जापानबाट सद्भाव र सहयोग प्राप्त गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। 'नेपालको विकास प्राथमिकताका क्षेत्रमा जापानी लगानी आकर्षित गर्ने ठूलो सम्भावना छ, हामीले नेपालमा व्यापार सहज बनाउन, विदेशी लगानी आकर्षित गर्न र नवप्रवर्तनलाई प्रवर्द्धन गर्न कानुनी, प्रक्रियागत र संस्थागत सुधार गरिसकेका छौं', राष्ट्रपति पौडेलले भन्नुभयो।

सांस्कृतिक रूपमा दुई मुलुक गौतम बुद्धको शिक्षाबाट प्रेरित रहेको तथा बुद्धको जन्मस्थल लुम्बिनीले नेपाल र जापानका जनताबीच बलियो पुलको काम गरेको सन्दर्भ उल्लेख गर्दै उहाँले लुम्बिनीको विकासमा जापानको सहयोगप्रति आभार प्रकट गर्नुभयो। जापानको सामाजिक-आर्थिक क्षेत्रमा आप्रवासी नेपाली समुदायको योगदानले द्विपक्षीय सम्बन्धलाई कुनै न कुनै रूपमा बलियो बनाउन मद्धत पुर्‍याएको उहाँको भनाइ थियो।

सो अवसरमा जापानका परराष्ट्र राज्यमन्त्री होरी इवाओले भदौ २३ र २४ गते भएको प्रदर्शनीपछि राष्ट्रपति पौडेलले संविधान र लोकतन्त्रको रक्षाका लागि खेल्नुभएको भूमिकाप्रति देशबाहिर पनि अत्यन्त प्रशंसा भएको बताउँदै नेपालमा शान्ति, स्थायित्व र लोकतन्त्रको सुदृढीकरणका लागि जापानले सधैँ सहयोग गर्ने बताएको राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो।

राज्यमन्त्री होरी इवाओले नेपालको शान्ति भनेको यो क्षेत्रकै शान्ति र विकास भएको उल्लेख गर्दै शान्ति र स्थायित्वका लागि फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचन सफलतापूर्वक सम्पन्न होस भन्ने जापानले चाहेको पनि बताउनुभएको थियो। यसैगरी, उहाँले जापानले नेपालको विकासमा निरन्तर सहयोग जारी राख्ने बताउँदै बाढीबाट क्षतिग्रस्त सिन्धुली सडकको पुनर्निर्माण र कोटेश्वर जाम अन्त्य गर्न आवश्यक अण्डर पास निर्माण गर्ने जापानले निर्णय गरिसकेको पनि जानकारी दिनुभयो।

### आज जापानका सम्राट् नारुहितोसँग राजकीय शिष्टाचार भेट हुने

जापानको औपचारिक भ्रमणमा रहनुभएका राष्ट्रपति पौडेलले आज (मंगलबार) टोकियोस्थित इम्पेरियल प्यालेसमा जापानका सम्राट् नारुहितोसँग राजकीय शिष्टाचार भेट गर्ने कार्यक्रम छ। आजै राष्ट्रपति पौडेल र जापानका प्रधानमन्त्री सुश्री ताकाइची सानाएबीच द्विपक्षीय भेटवार्ता हुने तालिका रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ। भेटवार्तामा दुई देशबीचको आपसी सहकार्य, विकास सहयोग, लगानी, व्यापार तथा आपसी हितका विषयमा छलफल हुने अपेक्षा गरिएको छ। भ्रमणमा राष्ट्रपति पौडेलसँगै उहाँकी धर्मपत्नी सविता पौडेल तथा उच्चस्तरीय सरकारी अधिकारीहरू पनि सहभागी रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ। जापान भ्रमण सम्पन्न भएपछि राष्ट्रपतिले जापान भ्रमणका उपलब्धि र अनुभवबारे पत्रकार सम्मेलनमार्फत जानकारी दिने कार्यक्रमसमेत रहेको छ। उहाँ माघ २१ गते अपराह्न साढे ४ बजे स्वदेश फर्कने तालिका छ।

## उपत्यकामा एलपी...

« पृष्ठ १ बाट क्रमशः

सक्नुभएको छैन। आयल निगमले ग्यासको अभाव नभएको बताए पनि बजारमा कृत्रिम अभाव सिर्जना गरेर कालोबजारी गर्न खोजिएको उहाँको दुःखेसो छ। घरमा एउटै सिलिण्डर हुने परिवार सबैभन्दा बढी समस्यामा परेका छन्। ग्यास सकिएपछि वैकल्पिक व्यवस्था नहुँदा भान्सा नै बन्द हुने अवस्था आएको उपभोक्ताहरूको गुनासो छ। रौतहट घर भई हाल बानेश्वर बस्ने प्रकाश कार्की तीन दिनदेखि हिटरमा खाना पकाएर गुजारा गरिरहेको बताउनुभयो। 'ग्यास नपाउँदा निकै समस्या भएको छ। कुनै दिन त भोकैसमेत बसेको छु। तर, पाउने छाँटकाँट छैन', उहाँले भन्नुभयो।

नेपालटारका विद्यार्थी अर्जुन सिम्खडाले पनि डिपोले बालाजु पठाएपछि कम्पनी पुगेको तर त्यहाँका गार्डहरूले 'ग्यास नआएको' जानकारी दिएको सुनाउनुभयो। 'हिजो पनि रित्तै फर्किएँ, आज पनि पाउने हो कि होइन थाहा छैन। विद्यार्थी भएकाले एउटा मात्रै सिलिण्डर थियो। अब त निकै गाह्रो भयो', उहाँले भन्नुभयो।

कीर्तिपुर, कलंकी, टेकु, रानीवन लगायतका क्षेत्रमा पनि अवस्था उस्तै देखिएको छ। त्रिभुवन विश्वविद्यालय आसपास डेरा गरी बस्ने विद्यार्थीहरू विशेष प्रभावित भएका छन्। केही स्थानमा कालोबजारी भइरहेको आरोपसमेत उठेको छ। कलंकीका एक बिक्रेताले भन्नुभयो, 'डिलरले नै कम ग्यास पठाएको छ। मागेजति नपाउँदा ग्राहकलाई रित्तै फर्काउनुपरेको छ।' कतिपय डिलरले उपभोक्ताको नाम टिपेर ग्यास आएपछि फोन गर्ने आश्वासन दिएका छन्, तर कहिले आउने टुंगो छैन।

### ढुवानीमा समस्या, आफ्नै बुलेट नहुँदा संकट

नेपाल ग्यासका कार्यकारी सञ्चालक तथा नेपाल एलपिजी ग्यास उद्योग संघका पूर्वअध्यक्ष गोकुल भण्डारीले ढुवानीमा समस्या देखिएकाले अभाव भएको स्वीकार गर्नुभयो। उहाँका अनुसार नेपाल ग्यासको दैनिक माग ८-१० बुलेट बराबर हुन्छ। 'हाम्रा आफ्नै ढुवानी बुलेट छैनन्। भारतीय ढुवानीकर्तामाथि निर्भर रहनुपरेको छ। लोडिङ र ढुवानीमा समस्या आउँदा बजारको चक्र गडबडिन्छ', उहाँले भन्नुभयो।

उहाँका अनुसार दैनिक करिब आठ हजार सिलिण्डर खपत हुने नेपाल ग्यासको माग जाडोयाममा अझ बढ्ने गर्छ। 'अहिले नियमित आपूर्ति सुरु भइसकेको छ। केही दिनमै अवस्था सामान्य हुन्छ, आत्तिनु पर्दैन', उहाँले दाबी गर्नुभयो। उहाँले पाइपलाइन परियोजना शीघ्र सम्पन्न भए यस्ता समस्या दोहोरिन नदिने पनि उल्लेख गर्नुभयो।

### आपूर्ति सहज बनाउन उद्योगीलाई कडा निर्देशन

नेपाल आयल निगमले ग्यास अभावबारे आफू जानकार रहेको जनाएको छ। निगमका प्रवक्ता मनोज ठाकुरका अनुसार केही उद्योगले भारतबाट समयमै ढुवानी गर्न नसक्दा समस्या उत्पन्न भएको हो। 'ग्यास ढुवानी गर्ने आफ्नै ढुवानीकर्ता छैनन्। अधिकांश भारतीय छन्। समयमै ढुवानी नभए समस्या आउँछ', उहाँले भन्नुभयो। निगमले उद्योगीहरूलाई अभाव तत्काल हटाउन निर्देशन दिएको र इण्डियन आयल कर्पोरेसनसँग पनि समन्वय भइरहेको जनाएको छ। चुनाव नजिकिएकाले आपूर्ति व्यवस्था सहज बनाउन विशेष चासो दिइएको प्रवक्ता ठाकुरले बताउनुभयो। निगमले कालोबजारी गर्नेहरूलाई कडा कारबाही गर्ने चेतावनीसमेत दिएको छ। यद्यपि, निगमले जाडोयाम धान्ने पर्याप्त मौज्दात रहेको दाबी गर्दै हल्लाको पछि नलाग्न आग्रह गरेको छ।

एकातिर उद्योगी र निगमले 'आपूर्ति सहज बन्दै गएको' दाबी गरिरहेका छन् भने अर्कोतर्फ बजारमा उपभोक्ता रित्तो सिलिण्डर बोकेर भौतारिन बाध्य छन्। उपभोक्ताको भान्सासँग प्रत्यक्ष जोडिएको अत्यावश्यक वस्तुमा देखिएको यो संकटले आपूर्ति प्रणाली, ढुवानी संरचना र नियमन संयन्त्रको कमजोरी उजागर गरेको छ। समयमै प्रभावकारी व्यवस्थापन नभए सामान्य नागरिकको दैनिकी थप कष्टकर बन्ने देखिन्छ।

# मतदातासँग महावीर : 'मन लागे भोट देऊ, नलागे नदेऊ'

**धु्रवसागर शर्मा/हिटा**

म्याग्दी, १९ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि म्याग्दीबाट स्वतन्त्र उम्मेदवार बनी चुनावी मैदानमा उत्रिनुभएका निवर्तमान शिक्षामन्त्री डा. महावीर पुन म्याग्दीका गाउँ-गाउँमा पुगेर मतदाताहरू भेट्न व्यस्त हुनुहुन्छ। आफ्ना सहयोगी र शुभेच्छुकहरूको साथमा पश्चिम म्याग्दीका विभिन्न गाउँहरूमा मतदाताहरूलाई भेटेर उम्मेदवार डा. पुनले आफ्ना कुरा सुनाउँदै 'चित्त बुझे र मन लागे मलाई भोट देऊ, नभए नदेऊ' भन्दै ठट्यौली शैलीमा मत मागिरहनुभएको छ। पुराना राजनीतिक दल र नेताहरूका कार्यशैली र प्रवृत्तिप्रति असन्तुष्टि व्यक्त गर्दै राष्ट्रिय आविष्कार केन्द्रका प्रमुख तथा सन् २००७ का रोमन म्यागासेसे पुरस्कार विजेतासमेत रहनुभएका उम्मेदवार पुनले आफूले चुनाव जिते शिक्षा, अनुसन्धान, नवप्रवर्तन, रोजगारी, अर्थतन्त्र र विकासका कुराहरू जनतालाई बुझाउँदै युवाहरूलाई रोजगार र उद्यमसँग जोडेर देशको अर्थतन्त्र सुधार गरी विकासका कामहरू गर्ने प्रतिबद्धता व्यक्त गरिरहनुभएको छ।

त्रिभुज चुनाव चिह्न लिएर मतदातासँग भेट माग्न गाउँ पुग्नुभएका ७१ वर्षीय डा. पुनले मतदाताहरूसँग 'जेन-जी' पुस्ताको सपना र आवश्यकता पूरा गर्न आफूले योजनाबद्ध रूपले काम गर्ने प्रतिबद्धतासमेत जनाउनुभएको छ। पुनको सहज, सरल र ठट्यौली शैलीले ग्रामीण भेगमा चुनावी माहोललाई नयाँ रंग दिएको छ। मतदाताले उहाँलाई 'व्यक्ति साधारण तर व्यक्तित्व असाधारण'



भएका उम्मेदवारका रूपमा हेरेका छन्। 'मलाई भोट दिन दबाब छैन, मन लागे दिनुहोस्, नलागे नदिनुहोस्। तर, देशलाई अघि बढाउन शिक्षा, अनुसन्धान र नवप्रवर्तनलाई प्राथमिकता दिनुपर्छ,' उम्मेदवार डा. पुनले भन्नुभयो।

मतदातासँग भेट गर्ने र मत माग्ने उहाँको शैली अनौठो र रोचक छ, धवलागिरि गाउँपालिका-४ का बलबहादुर भण्डारीले भन्नुभयो, 'पुनको मत माग्ने शैलीले ग्रामीण भेगमा चुनावी माहोललाई रमाइलो र आत्मीय बनाएको छ।' पुनले विद्यालयदेखि विश्वविद्यालयसम्म गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, अनुसन्धान र नवप्रवर्तन प्रोत्साहन गर्ने, विदेशिन बाध्य युवालाई उद्यमशीलता र प्रविधिसँग जोडेर स्वदेशमा नै रोजगारी सिर्जना गर्ने, स्थानीय उत्पादनलाई बजारसँग जोडेर ग्रामीण अर्थतन्त्रलाई सबल बनाउने जस्ता प्रतिबद्धता व्यक्त गर्नुभएको छ। डा. पुनले जनतालाई भन्नुभएको छ, 'मैले जिते शिक्षा, अनुसन्धान, रोजगारी र विकासलाई प्राथमिकता दिन्छु।'

पुन पश्चिम म्याग्दीका धवलागिरि र मालिका गाउँपालिका गाउँहरूमा पुगेर मतदातासँग प्रत्यक्ष संवाद गरिरहनुभएको छ। गाउँका चौतारो, मेलापात, चिया पसलदेखि विद्यालयसम्म पुगेर उहाँले जनतालाई आफ्नो दृष्टिकोण सुनाउँदै युवालाई रोजगारी र उद्यमसँग जोड्ने योजनाबारे जानकारी दिनुभएको छ। एउटा निर्वाचन क्षेत्र रहेको म्याग्दीमा कांग्रेसबाट कर्णबहादुर भण्डारी(केबी), नेकपा एमालेबाट हरिकृष्ण श्रेष्ठ, नेकपाबाट अर्जुन थापा, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट डम्बरबहादुर सुवेदी, नेकपा (माओवादी) बाट क्षेत्रबहादुर घिमिरेको चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ। यसैगरी प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)बाट देवेन्द्र कामी, मंगोल नेसनल अर्गनाइजेसनबाट भीमबहादुर लामा, श्रम संस्कृति पार्टीबाट विनोद लामा, राष्ट्रिय जनमोर्चाबाट क्षेमबहादुर विक, नेसनल रिपब्लिक नेपालबाट तुलप्रसाद गर्बुजा र स्वतन्त्र उम्मेदवार निवर्तमान मन्त्री डा. महावीर पुन चुनावी प्रतिस्पर्धामा उत्रिनुभएको छ।

जिल्लामा ८६ हजार ३९७ मतदाता छन्। तीमध्ये ४२ हजार ३३२ जना पुरुष, ४४ हजार ६४ जना महिला र एक जना यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका मतदाता रहेका छन्। जिल्लामा ८२ वटा मतदानस्थल र १२० वटा मतदान केन्द्र कायम गरिएको छ। जिल्ला निर्वाचन सुरक्षा समितिले भौगोलिक अवस्था र सुरक्षाका हिसाबले १५ वटा अतिसंवेदनशील, ५८ वटा संवेदनशील र आठवटा मतदानस्थललाई सामान्य भनेर वर्गीकरण गरेको छ। उम्मेदवार गाउँमा देखिन थालेपछि चुनावी प्रचारप्रसारसँगै मतदाता भेटघाटका कार्यतालिका बनाउन स्थानीयस्तरका नेताहरू व्यस्त छन्।

# त्रिभुवन विमानस्थल भन्सार कार्यालयका अधिकृतसहित तीन कर्मचारी घुससहित पक्राउ

**हिमालय टाइम्स**

काठमाडौं, १९ माघ



अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयअन्तर्गत वैदेशिक हुलाक भन्सार शाखामा कार्यरत भन्सार अधिकृत इन्द्र न्यौपानेसहित तीन जनालाई घुस लिँदै गरेको अवस्थामा पक्राउ गरेको छ। पक्राउ पर्नेमा सोही कार्यालयका कार्यालय सहयोगी गणेशप्रसाद पुडासैनी तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत हुलाक सेवा विभाग, गोश्वारा हुलाक कार्यालय डिल्लीबजारको पार्सल (निकासी) शाखामा कार्यरत नायब सुब्बा छविप्रसाद रिजाल रहेका छन्।

कुरियर कम्पनीमार्फत् विदेशमा विभिन्न सामान पठाउने क्रममा सेवाग्राहीसँग घुस मागिएको भन्ने उजुरीका आधारमा आयोगको केन्द्रीय कार्यालय, टंगालबाट खटिएको टोलीले उनीहरूलाई गोश्वारा हुलाक कार्यालय, डिल्लीबजारबाट नियन्त्रणमा लिएको हो। आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार पक्राउ परेकामाथि आवश्यक अनुसन्धान भइरहेको छ।

अनुसन्धानका क्रममा वैदेशिक हुलाक भन्सार शाखा डिल्लीबजारमा कार्यरत कार्यालय सहयोगी गणेशप्रसाद पुडासैनीको कार्यकक्षमा रहेको टेबुलको घर्राबाट घुसबापत लिइसकेको १० हजार रुपैयाँ बरामद गरिएको छ। साथै सोही स्थानबाट स्रोत नखुलेको ४० हजार ३५० रुपैयाँ र पुडासैनीको साथबाट स्रोत नखुलेको ९६ हजार ७० रुपैयाँ गरी जम्मा एक लाख ४६ हजार ४२० रुपैयाँ बरामद भएको आयोगले जनाएको छ।

त्यस्तै, गोश्वारा हुलाक कार्यालयको पार्सल शाखामा कार्यरत नायब सुब्बा छविप्रसाद रिजालको साथबाट घुसबापत लिइसकेको २० हजार रुपैयाँ, स्रोत नखुलेको १८ हजार ८४८ रुपैयाँ बरामद गरिएको छ। यसबाहेक अन्य स्रोत नखुलेको रकमसमेत गरी रिजालको साथबाट जम्मा दुई लाख ६८ हजार २८८ रुपैयाँ तथा विभिन्न व्यक्तिबाट संकलन गरिएको आशंकामा २३ थान मोबाइल सेटसमेत नियन्त्रणमा लिइएको प्रवक्ता न्यौपानेले जानकारी दिनुभयो। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले घटनामा संलग्न सबैमाथि विस्तृत अनुसन्धान गरी कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइने जनाएको छ।

### नायव सुब्बासहित तीन जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नायव सुब्बासहित तीन जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। गैरकानुनी लाभ वा हानि पुऱ्याई भ्रष्टाचार गरेको आरोपमा भूमिसुधार तथा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीमा कार्यरत नायव सुब्बा परमानन्द साहसमेत तीन जनाविरुद्ध मुद्दा दायर गरिएको छ।साविक इटहर्वाकट्टी गाविस-३ (हाल मनरा सिसवा नगरपालिका-२) स्थित कित्ता नम्बर १२७ को पाँच कट्ठा १२ धुर जग्गा गैरकानुनी रूपमा व्यक्तिको नाममा पुऱ्याएको ठहर गर्दै आयोगले सोमबार आरोपपत्र दायर गरेको हो।

स्रेस्ता केरमेट गरी सरकारी जग्गा हिनामिना आयोगका अनुसार नापीका बखत फिल्डबुकमा 'पर्ती प्रमाणित' र विरहमा 'पोखरी' उल्लेख भएको उक्त सरकारी जग्गालाई मालपोतका कर्मचारीहरूले राजिवकुमार ठाकुरको नाममा दर्ता गरिदिएका थिए। अनुसन्धानका क्रममा उक्त जग्गा कुन विधि र प्रक्रियाबाट ठाकुरको नाममा आएको हो भन्ने कुनै आधार प्रमाण फेला परेको छैन। कर्मचारीहरूले मालपोतको मूल मोठ स्रेस्तामा अनाधिकार रूपमा सच्याउने, केरमेट गर्ने र थपघट गरी २०८० साउन ८ गते मात्रै कम्प्युटर प्रणालीमा प्रविष्ट गरेको पाइएको छ। सरकारले छुट जग्गा दर्ताको कुनै सूचना वा निर्णय नगरेको अवस्थामा पनि नायव सुब्बा परमानन्द साह र कम्प्युटर अपरेटर रविन्द्रकुमार सिंहले आपसी मिलेमतोमा जग्गाधनी स्रेस्ता र पुर्जा तयार गरेको अख्तियारको निष्कर्ष छ। बिगो र सजायको मागदाबी भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वरको पत्र अनुसार उक्त जग्गाको न्यूनतम मूल्यांकन प्रति कट्ठा तीन लाखका दरले जम्मा १७ लाख २५ हजार रुपियाँ कायम गरिएको छ। सोही रकमलाई बिगो मान्दै आयोगले नासु परमानन्द साह र कम्प्युटर अपरेटर रविन्द्रकुमार सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८, ९ र ११ बमोजिम कैद र बिगो बमोजिम जरिवानाको सजाय माग गरेको छ।

यस्तै, सरकारी जग्गा आफ्नो नाममा कायम गरी लाभ लिने राजिवकुमार ठाकुरलाई पनि मुख्य कसुरदार सरह नै सजाय र बिगो असुल उपरको माग दाबी लिइएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो। अख्तियारले सरकारी सार्वजनिक सम्पत्तिमाथि दूषित मनसाय राखेर स्रेस्ता हेरफेर गर्ने र गलत लिखत तयार पार्ने कार्यमा संलग्नहरूमाथि कडा कारबाहीको माग गर्दै विशेष अदालतमा मुद्दा दायर गरेसँगै यो प्रकरणले महोत्तरीको मालपोत प्रशासनमा हलचल पैदा गरेको छ।

# रामेछापका युवा वैदेशिक रोजगारी छाड्दै जुनार खेतीतर्फ आकर्षित

**रामेछाप/रासस।** रामेछापका युवाहरू कम मिहिनेतमा मनग्य आम्दानी हुने कृषि पेशातर्फ आकर्षित हुँदैछन्। यहाँका युवा वैदेशिक रोजगारी छोडेर जुनार खेतीतर्फ लागेका छन्, जहाँ कम लगानीमा राम्रो आम्दानी हुने हुँदा उनीहरूको रोजाइ बढेको हो। रामेछाप नगरपालिकाका कृषि शाखा प्रमुख कृष्ण भुजेलका अनुसार जिल्लाका केही युवाहरूले वैदेशिक रोजगारी छोडेर जुनार खेती सुरु गरेका छन्। विशेषगरी, ६ नं. ओखेनीका हिमाल तामाङ, टेकबहादुर तामाङ, प्रेमबहादुर तामाङ र वडा नं. ७ सुकाजोरका रामकुमार कार्की यस पेशातर्फ लाग्नुभएको छ।

भुजेलका अनुसार विदेशमा मिहिनेत गर्ने बानी भएका युवाहरूले आफ्नो जुनार बगैँचामा पनि पर्याप्त समय दिनुहुँदा बगैँचा राम्रो र सफा हुने र दाना चिल्ला तथा ठूलो हुने गरेको छ। उहाँका शब्दमा, 'अर्का किसानको तुलनामा वैदेशिक रोजगारी छोडेका युवाहरूको जुनार बढी फल्ने र बिक्रीमा पनि राम्रो हुने गरेको जानकारी प्राप्त भएको छ।'

जुनार खेतीसँगै तरकारी खेती गरेर पनि किसानले अतिरिक्त आम्दानी लिन सक्ने देखिन्छ। रामेछाप-७ की किसान ज्ञानुका कार्कीका अनुसार जुनार बगैँचाभित्र तोरी, भटमास, कोसेबाली, बन्दा, काउली, मुला, साग, गाँजर, लसुन, प्याजजस्ता तरकारी उत्पादन गरेर पनि आम्दानी गर्न सकिन्छ। वर्षेनी जुनार खेती विस्तार गरेमा उत्पादन वृद्धि हुने र प्रतिकिलो ६०-८० रुपैयाँमा बिक्री हुने भएकाले यस पेशाप्रति आकर्षण बढेको छ। बगैँचाभित्रको तरकारी र कोसे बालीले पनि किसानलाई राम्रो आम्दानी दिएको कार्कीले जानकारी दिनुभयो।

किसानहरूको अनुभवअनुसार विदेश जस्तो मिहिनेत स्वदेशमै गरे आम्दानी कम छैन। रामेछाप-६ का युवा व्यवसायी हिमाल तामाङ भन्नुहुन्छ, 'भारतको गुजरातमा २५ वर्ष बसेर चालकको काम गर्दा आम्दानी सन्तोषजनक नहुँदा स्वदेश फर्केर करिब २० रोपनी जमिनमा जुनार खेती सुरु गरें र त्यसबाट सन्तुष्टि प्राप्त भएको छ।' अर्का किसान रामकुमार कार्कीले भन्नुभयो, 'विदेशमा पैसा कमाउन गइयो भने धेरै दुःख सहनुपर्छ तर स्वदेशमै उपयुक्त व्यवसाय गरेर परिवारसँग बस्दा आम्दानी पनि राम्रो हुन्छ।' यस्तै, टेकबहादुर तामाङले आफ्नो अनुभव सुनाउँदै भन्नुभयो, 'मैले खाडी मुलुकमा लामो समय काम गरे पनि सजिलो काम पाउन मुस्किल भयो। साथीभाइको आग्रहमा करिब सात रोपनी जमिनमा जुनार खेती सुरु गरेँ र सन्तुष्ट छु। अब थप ३०० बोट रोपेर बगैँचा बढाउने योजना छ।'

गत वर्ष रामेछाप जिल्लामा ५४० हेक्टर क्षेत्रमा जुनार तथा सुन्तला खेती गरिएको थियो। चालु आर्थिक वर्षमा लिखु तामाकोशी गाउँपालिकामा १०० हेक्टर थपिएपछि हाल जिल्लामा ६४० हेक्टरमा जुनार खेती भइरहेको छ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन इकाई मन्थलीका नायब प्राविधिक सहायक भवानी बस्नेतका अनुसार परियोजनाले रामेछाप, मन्थली नगरपालिका तथा लिखु तामाकोशीका केही वडालाई 'जुनार जोन' का रूपमा लिई विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ।

# नेपाल आदिवासी ज्ञान सम्मेलन हुँदै



**हिमालय टाइम्स**

काठमाडौं, १९ माघ

नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले पहिलोपटक नेपाल आदिवासी ज्ञान सम्मेलन, २०८२ को आयोजना गर्ने भएको छ। सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गरी प्रतिष्ठानले यसबारे जानकारी गराएको हो। महोत्सवले आदिवासी समुदाय, स्रोत, वर्ग, नीति निर्मातालाई एकै थलोमा ल्याई आदिवासी ज्ञानको आदानप्रदान गर्ने उद्देश्य राखेको प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङले बताउनुभयो।

उहाँका अनुसार, प्रतिष्ठानले रजत जयन्तीलाई माघ २५ देखि २७ सम्म ज्ञान सम्मेलन सांस्कृतिक तथा खाना महोत्सवको आयोजना गरी मनाउने बताउनुभयो। सम्मेलनको उद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलले गर्नुहुने उहाँले जानकारी दिनुभयो। ज्ञानको आदानप्रदान, धरोहरको संरक्षण, भविष्यको निर्माण भन्ने मूल नारासहित प्रतिष्ठान स्थापना भएको २५औँ वर्षको उपलक्ष्यमा रजत जयन्ती मनाउन लागेको बताउनुभयो।

पुस्तौंदेखि अभ्यासमा रहेका ज्ञानको संरक्षण र पुस्तान्तरण गर्ने अभियानका रूपमा प्रतिष्ठानले पहिलोपटक नेपाल आदिवासी ज्ञान सम्मेलन, २०८२ आयोजना गर्न लागेको हो। ज्ञान सम्मेलनको दोस्रो दिन आदिवासी परम्परा, प्रणालीलाई व्यापकीकरण गर्न आवश्यक कार्यक्रमहरू आयोजना हुने बताउनुभयो।

आदिवासी ज्ञान प्रणाली परम्परामात्रै नभई सांस्कृतिक पहिचान, वातावरणीय संरक्षण र दिगो विकासका आधारस्तम्भ भएको बताउनुभयो।

# नक्कली शैक्षिक प्रमाणपत्र बनाउने गिरोहका सात जना पक्राउ

**काठमाडौं।** नक्कली शैक्षिक प्रमाणपत्र बनाई ठगी गर्ने कार्यमा संलग्न रहेको आरोपमा प्रहरीले काठमाडौंका विभिन्न स्थानबाट सात जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा तनहुँ म्याग्दे गाउँपालिका-७ का किरण सिंह ठकुरी, पर्वत फलेवास नगरपालिका-१० का ४० वर्षीय अनिल शर्मा, काठमाडौं तारकेश्वर नगरपालिका-७ का ३४ वर्षीय लक्ष्मण बस्नेत, नुवाकोट ककनी गाउँपालिका-१ का ४२ वर्षीय केशव फुँयाल, नुवाकोट तादी गाउँपालिका-४ का ४७ वर्षीय विष्णु पाण्डे, काठमाडौं महानगरपालिका-२ की ४३ वर्षीया दीपा लावती र गुल्मी धुर्कोट गाउँपालिका-२ का ५२ वर्षीय शोभाखर खनाल रहेका छन्।

प्रहरीका अनुसार, किरण सिंहले अमेरिकी डाइभरसिटी भिसा प्रयोजनका लागि अमेरिकी दूतावास काठमाडौंमा पेश गरेको कक्षा १२ को शैक्षिक प्रमाणपत्र राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीबाट नक्कली भएको पुष्टि भएपछि उनीसहित अन्य व्यक्तिहरू पक्राउ परेका हुन्। उनीहरूलाई लिखतसम्बन्धी कसुरमा आवश्यक अनुसन्धान र कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान जारी राखेको जनाएको छ।

**कर्जा चुक्ता गर्ने सम्बन्धी ७ दिने सूचना**
सूचना प्रकाशित मिति : २०८२/१०/२०

ऋणीको नाम: श्री सुदूरपश्चिम मोहन्याल कृषि तथा पशुपालन व्यवसाय प्रा. लि.
ठेगाना: कैलाली जिल्ला, घोडाघोडी न. पा. १०, पहलमानपुर बजार
सम्पर्क नं.: ९८६८७५८७०६

तपाईंले यस कम्पनीबाट खरिद गर्नुभएको सवारी साधन MAT554001S7R13884 मूल्य वापतको रकम **रु. १३,६५,०००/- (तेह्र लाख पैसठ्ठी हजार)** चुक्ता गर्न बाँकि रहेको अवगत नै छ। उक्त बक्यौता रकम चुक्ता भुक्तानीको लागि बारम्बार ताकेता गर्दा समेत रकम चुक्ता भुक्तानी नगरेको र चुक्ता गर्ने मनसाय समेत नदेखाएकोले आजको मितिले ७ दिन भित्र बक्यौता सम्पूर्ण रकम चुक्ता गरी हिसाब मिलान गर्नु होला अन्यथा खरिद बिक्री भएको उपरोक्तमा उल्लेखित सवारी साधन अन्य तेश्रो पक्षलाई बिक्री गरी कम्पनीले आफ्नो लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै ७ दिने कानूनी सार्वजनिक सूचना मार्फत तपाईंलाई जानकारी गरिएको छ।

SIPRADI
सिप्रदी ट्रेडिङ्ग प्रा. लि.
नयाँ नैकाप, काठमाडौं
सम्पर्क नं. ९८०१०४६८४२

**आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड** ICFC
**निक्षेप उपर हकदावी सम्बन्धि ३५ दिने सूचना**
**सूचना प्रकाशित मिति : २०८२/१०/२० गते**

यक प्रसाद बराल तथा गुण कुमारी बरालका छोरा बागमती प्रदेश रसुवा जिल्ला कालिका गाउँपालिका वडा नं. ३ बस्ने वर्ष ८० का इन्द्र प्रसाद बरालको मिति २०८२/०७/०८ (२५/११/२०२५ ई.सं.) गते मृत्यु भएकोले यस फाइनान्स लिमिटेडमा निजको नाममा भएको खातामा रहेको रकम भुक्तानी पाँउ भनी मृतककी श्रीमती महेश्वरी बरालले मिति २०८२/१०/१४ मा निवेदन पेश गरेकोले निज मृतकको यस फाइनान्स लिमिटेडमा रहेको खाता उपर अन्य कुनै व्यक्तिहरूको हकदाबी गर्ने अधिकार भए बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो भएको सबुद प्रमाण सहित यस फाइनान्स लिमिटेडमा हकदाबी गर्न आउनु होला। अन्यथा उक्त खाता उपर हकदाबी गर्ने मृतककी श्रीमती महेश्वरी बराललाई भुक्तानी भई जाने र पछि कहीं कुनै उजुर बाजुर नलाग्ने व्यहोरा यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइएको छ।

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२, www.icfc.com.np

**नवयुग इन्भेष्टमेन्ट कम्पनी लिमिटेडको**
**साधारणसभा सम्बन्धी सूचना**
**(प्रकाशित मिति २०८२/१०/२०)**

नवयुग इन्भेष्टमेन्ट कम्पनी लिमिटेडको मिति २०८२ माघ १८ गते आइतबार बसेको सञ्चालक समितिको बैठकबाट यस कम्पनीको **प्रथम वार्षिक साधारण सभा** निम्न मिति, स्थान र समयमा सम्पन्न गरिने निर्णय भएको हुँदा, कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

अतः सम्पूर्ण शेयरधनी महानुभावहरूलाई देहायको मिति, स्थान र समयमा उपस्थितिका लागि हार्दिक अनुरोध छ।

**साधारण सभा हुने मिति, स्थान र समयः**
मिति : **२०८२ फाल्गुन ३० गते, शनिवार।**
स्थान : **कम्पनीको केन्द्रीय कार्यालय, थापागाउँ, बानेश्वर, काठमाडौं।**
समय : **बिहान ११:०० बजे।**

**छलफलका विषयहरूः**
१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल।
२. आ.व. २०८१/०८२ को लेखा परीक्षकको प्रतिवेदन।
३. कम्पनीको प्रबन्ध-पत्र तथा नियमावलीमा आवश्यक संशोधन।
४. आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण।
५. नयाँ सञ्चालक समितिको चयन।
६. विविध।

**आज्ञाले,**
**प्रबन्ध निर्देशक**

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको सूचना**
**प्रकाशित मितिः २०८२/१०/२०**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका संस्थापक समूहका शेयरधनी श्री रोशन श्रेष्ठले २,६४,०६१.५८ कित्ता (बिक्री मूल्य न्यूनतम रु. १००/- प्रति शेयर) तोकि संस्थापक शेयर बिक्री गर्नको लागि यस बैंकमा निवेदन दिनु भएकोमा बैंकका सम्पूर्ण संस्थापक शेयरधनीहरुको जानकारीको लागि मिति २०८१/०९/२६ को नेपाली हिमालय टाइम्स राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गरिएकोमा उक्त शेयर खरिद गर्नको लागि निवेदन प्राप्त नभएकोले उल्लिखित शेयर खरिद गर्न चाहने सर्वसाधारणहरुको जानकारीको लागि मिति २०८१/१२/११ को नेपाली हिमालय टाइम्स राष्ट्रिय दैनिकमा २,६४,०६१.५८ कित्ता (बिक्री मूल्य न्यूनतम रु. १००/- प्रति शेयर) तोकि ३५ दिने सूचना प्रकाशित गरिएकोमा उक्त शेयर खरिद गर्नको लागि निवेदन प्राप्त नभएकोले उक्त २,६४,०६१.५८ कित्ता (र बैंकको १९ औं वार्षिक साधारण सभाबाट पारित बोनस शेयर समेत) (बिक्री मूल्य न्यूनतम रु. १००/- प्रति शेयर) तोकि संस्थापक शेयर बिक्री गर्नको लागि यस बैंकमा पुनः निवेदन दिनु भएकोले सर्वसाधारण तथा संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

अतः प्रचलित कानून बमोजिम संस्थापक शेयर खरिद गर्न योग्यतम व्यक्ति वा संस्थालाई उपरोक्त संस्थापक शेयर खरिद गरि लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बैंकको केन्द्रीय कार्यालय नारायणहिटी पथमा निवेदन दिनु हुन अनुरोध छ।

Citizens Bank
**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 | THE BANKER BANK OF THE YEAR 2025
www.ctznbank.com

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको सूचना**
**प्रकाशित मितिः २०८२/१०/२०**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका संस्थापक समूहका शेयरधनी श्री यदुनाथ घिमिरेले ५४,८११.५७ कित्ता (बिक्री मूल्य न्यूनतम रु. १२०/- प्रति शेयर) तोकि संस्थापक शेयर बिक्री गर्नको लागि यस बैंकमा निवेदन दिनु भएकोमा बैंकका सम्पूर्ण संस्थापक शेयरधनीहरुको जानकारीको लागि मिति २०८१/१०/१५ को नेपाली हिमालय टाइम्स राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गरिएकोमा उक्त शेयर खरिद गर्नको लागि निवेदन प्राप्त नभएकोले उल्लिखित शेयर खरिद गर्न चाहने सर्वसाधारणहरुको जानकारीको लागि मिति २०८१/१२/११ को नेपाली हिमालय टाइम्स राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गरिएको थियो तसर्थ उक्त शेयर खरिद गर्नको लागि निवेदन प्राप्त नभएकोले उल्लिखित शेयर खरिद गर्न चाहने सर्वसाधारण तथा संस्थापक शेयरधनीहरुको जानकारीको लागि मिति २०८२/०५/१२ को नेपाली हिमालय टाइम्स राष्ट्रिय दैनिकमा ७ दिने सूचना प्रकाशित गरिएको थियो र उक्त शेयर खरिद गर्नको लागि निवेदन प्राप्त नभएकोल सो ५४,८११.५७ कित्ता (र बैंकको १९ औं वार्षिक साधारण सभाबाट पारित बोनस शेयर समेत) (बिक्री मूल्य न्यूनतम रु. १००/- प्रति शेयर) तोकि संस्थापक शेयर बिक्री गर्नको लागि यस बैंकमा पुनः निवेदन दिनु भएकोले सर्वसाधारण तथा संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

अतः प्रचलित कानून बमोजिम संस्थापक शेयर खरिद गर्न योग्यतम व्यक्ति वा संस्थालाई उपरोक्त संस्थापक शेयर खरिद गरि लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बैंकको केन्द्रीय कार्यालय नारायणहिटी पथमा निवेदन दिनु हुन अनुरोध छ।

Citizens Bank
**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 | THE BANKER BANK OF THE YEAR 2025
www.ctznbank.com

**राष्ट्रिय खेलकुद परिषद्**
**त्रिपुरेश्वर, काठमाडौं**
राष्ट्रिय खेलकुद परिषद्-नेपाल National Sports Council-Nepal
**बोलपत्र स्विकृत गर्ने आशयको सुचना**
**प्रकाशित मिति २०८२।१०।२०**

यस परिषद्बाट मिति २०८२/०८/११ गतेको राष्ट्रिय दैनिक नेपाल समचारपत्र पत्रीकामा प्रकाशित सुचना अनुसार आह्वान गरिएको Supply of Security Guard Service (NCB/service/security/82/83) ठेक्कामा तोकिएको अवधि भित्र रितपुर्वक पर्न आयका बोलपत्रहरुको मुल्यांकन समितिबाट मुल्यांकन गरि स्विकृतका लागि सिफारिस भइ आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप-दफा २ र ३ अनुसार सम्बन्धीत सबैको जानकारीका लागि सो सुचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विवरण | स्विकृतका लागि छनौट भएका बोलपत्रदाताको विवरण | स्विकृत कवोल रकम रु. (भ्याट र पी.एस. वाहेक) |
|---|---|---|---|
| १ | Supply of Security Guard Service (NCB/service/security/82/83) | M.S./ Khukuri Nepal Security Pvt. Ltd. Golfutar, Kathmandu | २२,९४,०६१.६८ |

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**काठमाडौं चक्रपथ सुधार योजना**
**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**
**सूचना प्रकाशन मिति २०८२/१०/२०**

यस कार्यालयबाट तपशिलमा उल्लेखित निर्माण कार्यको लागि मिति २०८२।०८।२९ (15 Dec 2025) मा नेपाल समाचार पत्र दैनिकमा सूचना नं **02/2082/83** मार्फत बोलपत्र आब्हानको प्रकाशित सूचना बमोजिम निर्धारित समय सिमा भित्र E-bid मार्फत् पेश हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा सार्वजनिक खरिद नियमावलि २०६४ (संसोधन सहित) को नियम ३१ज. को उपनियम ४ बमोजिम तपशिलका प्राविधिक प्रस्ताव सफल हुने देखिएकोले सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सोहि नियमको उपनियम ५ अनुसार मिति २०८२।१०।२७ (10 Feb 2026) गते दिउँसो १:०० बजे यस योजना कार्यालयमा खोलिने भएकोले सफल बोलपत्रदाताहरुलाई आर्थिक प्रस्ताव खोल्ने मिति र समयमा यस कार्यालयमा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं | कार्य विवरण | सफल बोलपत्रदाताहरु |
|---|---|---|
| KRIP/ 33701120/ 082/83-04 | Extension and Improvement of Balkhu-Chovar Dry Port Road Section (1+620-1+960), Kathmandu) | 1. M/S Manakamana Nirman Sewa and Suppliers Pvt.Ltd. Kathmandu<br>2. M/S APM / RM/ Surak JV, Kathmandu<br>3. M/S Kantipur Suppliers, Lalitpur<br>4. M/S Flyover / Bhattrai / Om Laxmi JV Kathmandu<br>5. M/S SN / Sufiyana / Highway JV, Kathmandu |

**योजना प्रमुख**

## सम्पादकीय

# मतदातामा अपरिहार्य सचेतता

प्रतिनिधिसभा सदस्यका लागि आगामी फागुन २१ गते हुनगइरहेको निर्वाचनलाई लिएर सरकार र निर्वाचन आयोगले युद्धस्तरमा तयारी गरिरहेका छन् । बाहिरको चुनावी माहोल नियाल्दा केही महिनाअघिसम्म चर्चामा रहेको भदौको 'जेन-जी' आन्दोलन, प्रतिनिधिसभा पुनःस्थापना र निर्वाचन नै नहोला कि भन्ने आशंका अहिले क्रमशः ओझेलमा परेको देखिन्छ । अब निर्वाचन हुन एक महिनामात्र बाँकी रहँदा राजनीतिक र प्रशासनिक दुवै संयन्त्र पूर्णरूपमा सक्रिय भएका छन् ।

निर्वाचन आयोगले मतदाता नामावली अद्यावधिक, मतपत्र तथा मतपेटिका छपाइ, तिनको सुरक्षित ढुवानी, निर्वाचन सामग्री सम्बन्धित स्थानमा पुऱ्याउने कार्यदेखि शान्ति-सुरक्षासम्मका सबै तयारी तीव्र बनाएको छ । आयोगका लागि यो संवैधानिक दायित्व हो र त्यसप्रति देखिएको तल्लीनता स्वाभाविक पनि हो । आयोगका कर्मचारीहरू रातदिन नभनी जिम्मेवारीमा खटिएको अवस्था छ ।

राजनीतिक दलहरू पनि चुनावी तयारीमा जुटेका छन् । उम्मेदवार भेटघाट, घरदैलो कार्यक्रम, प्रचारप्रसार र घोषणापत्र निर्माणमा व्यस्त देखिन्छन् । सबै दलले आफ्ना घोषणापत्र अरूभन्दा फरक, प्रभावकारी र मतदातालाई आकर्षित गर्ने खालका बनाउने प्रयास गरिरहेका छन् । यद्यपि, निर्वाचनमा सहभागी दलहरूको संख्या धेरै भए पनि वास्तविक प्रतिस्पर्धा केही सीमित दलबीच नै केन्द्रित हुने संकेत देखिँदै आएको छ । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी नै प्रमुख प्रतिस्पर्धीका रूपमा देखिएका छन् ।

यीमध्ये पनि कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीबीच मुख्य टक्कर हुने लगभग निश्चित देखिन्छ । केही स्थानमा श्रमसंस्कृति पार्टी वा उज्यालो पार्टीदेखि तराईमधेस केन्द्रित दलहरूको उपस्थिति पनि प्रतिस्पर्द्धाका लागि महत्त्वपूर्ण हुने सम्भावना छ । दलहरूले औपचारिक रूपमा आरोप-प्रत्यारोप कम गरे पनि सामाजिक सञ्जालमा समर्थकहरूबीच गालीगलौज, व्यक्तिगत आक्रमण र विरोधी दलका नेताहरूको कमजोरी खोतल्ने प्रवृत्ति सुरु भइसकेको छ । यसले चुनावी वातावरणलाई स्वस्थभन्दा बढी उत्तेजनात्मक बनाउने खतरा बढेको छ ।

शान्ति-सुरक्षाका दृष्टिले पनि व्यापक तयारी भइरहेको छ । जनपथ प्रहरी, सशस्त्र प्रहरी र अस्थायी निर्वाचन प्रहरीलाई संगठित गरी दश दिने विशेष तालिम दिइएको छ । मतपेटिकाको सुरक्षा, भीड नियन्त्रण, मतदातासँग शिष्ट व्यवहार, निर्वाचन आचारसंहिता पालना गराउने जस्ता विषयमा उनीहरूलाई प्रशिक्षण दिइँदैछ । ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन हुने संकेतले निर्वाचनलाई सुरक्षित र व्यवस्थित बनाउने अपेक्षा गरिएको छ ।

यसैबीच दलहरूले आ-आफ्ना घोषणापत्र सार्वजनिक गर्ने तयारी गरेका छन् । नेपाली कांग्रेसले 'भिजन-१०' नाम दिएर संक्षिप्त र लक्ष्य-केन्द्रित घोषणापत्र ल्याउने तयारी गरेको जनाएको छ । नेकपा एमालेले पाँच वर्षभित्र पूरा गर्न सकिने प्रतिबद्धतामा आधारित घोषणापत्र बनाइरहेको पूर्वजानकारी दिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले रोजगारीलाई प्राथमिकतामा राख्दै मध्यम वर्ग लक्षित घोषणापत्र तयार गरिरहेको बताएको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीले राजसंस्था र हिन्दुराष्ट्रलाई मुख्य एजेण्डा बनाउने भएको देखिन्छ ।

घोषणापत्र दल वा उम्मेदवारले जनतासामु गर्ने औपचारिक प्रतिबद्धताको दस्तावेज हो । मतदातालाई विश्वस्त बनाउने र आफ्नो नीति-कार्यक्रम सार्वजनिक गर्ने माध्यमका रूपमा यसको महत्त्व अस्वीकार गर्न सकिँदैन । तर, नेपालको सन्दर्भमा घोषणापत्रकै आधारमा मत दिने मतदाताको संख्या अत्यन्त सीमित छ । धेरै मतदाताले घोषणापत्र पढ्दैनन्, पढे पनि त्यसमा उल्लेखित प्रतिबद्धता व्यवहारमा कार्यान्वयन हुन्छ कि हुँदैन भन्ने मूल्यांकन गर्न सक्दैनन् ।

पुराना दल र नेताका हकमा मतदाताले विगतमा के गरे, कति वाचा पूरा गरे वा नगरे भन्ने आधारमा निर्णय गर्ने अपेक्षा गरिन्छ । तर, व्यवहारमा यस्तो विवेकशील विश्लेषण गर्ने मतदाता निकै कम छन् । चुनावको पूर्वसन्ध्यामा बनेको माहोल मौन अवधिका दुई दिनमै फेरिनु, मतदान केन्द्रमा लाममा उभिएका मतदातासमेत कानेखुसी र प्रलोभनमा पर्नु हाम्रो राजनीतिक यथार्थ हो । मासुभात, रक्सी वा साना प्रलोभनबाट प्रभावित भई मतदान गर्ने प्रवृत्तिले निर्वाचनको वास्तविक जनादेश विकृत बनाइरहेको छ । यही प्रवृत्ति हाम्रो लोकतान्त्रिक अभ्यासको सबैभन्दा कमजोर पक्ष हो ।

घोषणापत्र र प्रतिबद्धताको हिसाब-किताब गरेर अर्को चुनावमा प्रश्न गर्ने बौद्धिक मतदाताको अभावले दल र नेताहरू जवाफदेही बन्न सकिरहेका छैनन् । नयाँ दल र उम्मेदवारका हकमा पनि उनीहरूको पृष्ठभूमि, क्षमता र प्रतिबद्धता पूरा गर्न सक्ने हैसियत छ कि छैन भन्ने गहिरो मूल्यांकन आवश्यक हुन्छ । आकाशका तारा झारिदिने खालका कपोलकल्पित आश्वासन र व्यवहारमा सम्भव प्रतिबद्धता छुट्याएर हेर्ने चेतना मतदातामा विकास हुनु जरुरी छ । घोषणापत्र केवल आकर्षणको साधनमात्र होइन, लोकतान्त्रिक उत्तरदायित्वको आधार बन्नुपर्छ । उम्मेदवार, उसको दल, विचार, विगतको कार्यसम्पादन र प्रस्तुत प्रतिबद्धता सबै पक्षलाई समेटेर विवेकपूर्ण निर्णय गर्ने हो भनेमात्र निर्वाचनको निष्पक्षता र सार्थकता बढ्छ । अन्यथा, एकपटक गरिएको गलत निर्णयले मतदातालाई पाँच वर्षसम्म पछुतो मान्न बाध्य बनाइरहनेछ ।

निर्वाचन केवल मिति, तयारी र घोषणापत्रको प्रतिस्पर्धा मात्र होइन, यो नागरिक चेतनाको परीक्षा पनि हो । राज्य संयन्त्रले आफ्नो दायित्व पूरा गर्ने प्रयास गरिरहेको छ, दलहरू आफ्ना एजेण्डा लिएर मैदानमा उत्रिएका छन्, तर अन्ततः लोकतन्त्रको गुणस्तर निर्धारण गर्ने शक्ति मतदाताकै विवेकमा निहित हुन्छ । यदि मत निर्णय क्षणिक भावनामा, सामाजिक सञ्जालको उत्तेजनामा वा साना प्रलोभनमा आधारित रहिरह्यो भने जति युद्धस्तरको तयारी गरे पनि त्यसले जनताको वास्तविक चाहना प्रतिबिम्बित गर्न सक्दैन ।

अबको चुनौती निर्वाचन सम्पन्न गर्नुमात्र होइन, निर्वाचनलाई अर्थपूर्ण बनाउनु हो । त्यसका लागि मतदाताले घोषणापत्रलाई वाचामात्र होइन, आगामी दिनमा प्रश्न गर्ने आधारका रूपमा लिनुपर्नेहुन्छ । दल र उम्मेदवारले पनि आकर्षक नाराभन्दा व्यवहारमा सम्भव र जवाफदेही प्रतिबद्धता प्रस्तुत गर्नुपर्ने समय आएको छ । सचेत नागरिकता, उत्तरदायी राजनीति र विवेकपूर्ण मतदानबीचको सम्बन्ध बलियो बन्यो भनेमात्र निर्वाचन लोकतन्त्रको उत्सव बन्नसक्छ, नत्र यो केवल आवधिक प्रक्रियामा सीमित हुने जोखिम रहिरहन्छ ।

# अबको राजनीति : गालीको वर्षा कि समृद्धिको मार्गचित्र ?

**नेपाली राजनीति यतिबेला दोबाटोमा उभिएको छ । एकातिर पुरानो पुस्ताको अहंकार, षड्यन्त्र र भ्रष्टाचारको गन्ध छ भने अर्कोतिर नयाँ पुस्ताको काँचो तर आक्रामक शैली । देशलाई हिलोको दलदलबाट बाहिर निकाल्न न गालीले काम गर्छ न त रित्तो नाराले । अबको निर्वाचनमा जनताले पात्रमात्र होइन, प्रवृत्ति फेर्नुपर्नेछ ।**



● प्रा.देवीभक्त ढकाल

नेपाली राजनीतिको आकाश यतिबेला विचारको मन्थनले होइन, आरोप-प्रत्यारोपको धमिलो बादलले ढाकिएको छ । निर्वाचनको पूर्वसन्ध्यामा जब जनताले विकासका योजना र समृद्धिका स्पष्ट खाकाको सूत्र सुन्न चाहन्छन् । तब नेतृत्व तहबाट गालीगलौज, व्यक्तिगत आक्षेपका बाछिटाहरू मात्रै बर्सिरहेका छन् । यो कुनै एकपात्र वा प्रवृत्तिको मात्र समस्या रहेन, बरू यो त हाम्रो राजनीतिक संस्कारकै एउटा गम्भीर विचलन हो । के नेपाली राजनीति सधैं यसरी नै हिलो छ्यापाछ्याप गरेरै गुज्रिने कि अब नयाँ पुस्ताले सफा गर्ने सामर्थ्य राख्छ ? यो प्रश्न सचेत नागरिकको मनमा उब्जिएको छ ।

वर्तमान समयमा केपी शर्मा ओलीदेखि, पुष्पकमल दाहाल हुँदै बालेन साहसम्मका स्वघोषित शीर्षहरूका अभिव्यक्तिले लाग्छ राजनीति नीतिहरूको प्रतिस्पर्धा होइन, बरू गालीको वर्षा र अहंकारको भिडन्त हो । हाल नेपाली राजनीति एउटा पक्षले अर्कोलाई नीच देखाएर आफू उच्च बन्ने होडबाजीमा रुमलिएको छ । 'समृद्ध नेपाल, सुखी नेपाली' जस्ता नाराहरू केवल चुनावी पोष्टरमा सीमित छन् । व्यंग्य, अहंकार र अशिष्ट गालीको वर्षा नै निर्वाचनमा मत माग्ने प्रविधि बन्यो । पुराना पुस्तामा इतिहासको ब्याज खाने धुन छ भने नयाँ पुस्तामा लोकप्रियतावादको चर्को मोह । जब निर्वाचन प्रचारप्रसारको र बहसको केन्द्रबिन्दु 'म को हुँ' र 'अर्को को हो' भन्नेमा केन्द्रित हुन्छ भने तब 'हामी कहाँ जाँदैछौं' भन्ने मार्गचित्र ओझेलमा पर्छ ।

ओली, दाहाल र देउवा जस्ता पात्रहरूले दशकौंदेखि नेपाली राजनीतिको मियो समातिरहे । उनीहरूले सिर्जना गरेको कुशासन र सत्ता-स्वार्थको 'हिलोलाई उनीहरूकै विधि र शैलीले पखाल्न खोज्नुभनेको हिलोले हिलो पखाल्नु हो । त्यसका लागि त सफा विवेक र नयाँ विचारको कञ्चन जल चाहिन्छ । जबसम्म राजनीतिलाई सत्ता प्राप्तिको भऱ्याङ बनाइन्छ, तबसम्म षडयन्त्रका तानावाना अनिवार्य हुन्छन् । जब राजनीतिलाई सेवाको व्रत मानिन्छ तबमात्र विकासको ढोका खुल्छ ।

पुरानाको विकल्पमा आएका नयाँ पुस्ताका नेताहरूमा जोश छ तर होसको नितान्त कमी देखिन्छ । बालेन वा अन्य वैकल्पिक शक्तिहरूले ल्याएको तरंगले जनतामा एउटा आशा त जगाएको छ तर उनीहरू पनि यदि गालीकै शैलीमा रमे भने पुरानो 'हिलो' र नयाँ 'धुलो'मा तात्विक अन्तर भेटिँदैन । नयाँ पुस्ताको सत्तामा 'हैकम'मात्र होइन, 'संस्कार' आउनु जरुरी छ । सत्ता कब्जा गर्ने लालसाभन्दा सत्ता सञ्चालन गर्ने दक्षता आजको आवश्यकता हो । यदि नयाँ पुस्ताले पनि सामाजिक सञ्जालको ताली र गालीलाई नै आफ्नो राजनीतिक पुँजी मान्ने हो भने देश झन् ठूलो अस्थिरताको खाडलमा भासिन्छ । नयाँ पुस्ता आशाको दियो बन्नुपर्छ न कि आशंकाको खाडल ?

अबको राजनीति विचार प्रधान र विकास प्रधान दुबै हुनुपर्छ । गालीको वर्षालाई रोकेर समृद्धिको मार्गचित्र कोर्ने बुँदाहरूमा बहस हुनुपर्छ । उत्पादनमुखी अर्थतन्त्रको खाका जसले दिन्छ त्यो व्यक्ति र त्यो पार्टी नै देश हाँक्न योग्य ठहरिनुपर्छ । उत्पादन भाषणमा वृद्धि गर्ने नेतृत्व होइन, खेतबारी, कारखानाका लागि स्पष्ट अनुदान र प्रविधिको विकासको खाका भएको नेतृत्व चाहिएको छ । जबसम्म शिक्षा र स्वास्थ्य जस्ता आधारभूत आवश्यकतामा राजनीति गरिन्छ तबसम्म नागरिक स्वतन्त्र हुन सक्दैन । विपक्षीलाई शत्रु होइन, विचारको प्रतिस्पर्धी मान्ने संस्कार अबको राजनीतिको मार्गचित्र बन्नुपर्छ । अहिले विदेश पलायन भइरहेको युवाशक्तिलाई स्वदेशमै अवसर दिने ठोस नीति र युवा जनशक्तिमैत्री राजनीति नै आजको आवश्कता हो ।

नेपाली राजनीति यतिबेला दोबाटोमा उभिएको छ । एकातिर पुरानो पुस्ताको अहंकार, षड्यन्त्र र भ्रष्टाचारको गन्ध छ भने अर्कोतिर नयाँ पुस्ताको काँचो तर आक्रामक शैली । देशलाई हिलोको दलदलबाट बाहिर निकाल्न न त गालीले काम गर्छ न त रित्तो नाराले । अबको निर्वाचनमा जनताले पात्रमात्र होइन, प्रवृत्ति फेर्नुपर्नेछ । यदि नयाँ पुस्ताले पुरानाको गल्तीबाट पाठ सिकेर, शिष्टता र विकासको एजेण्डालाई प्राथमिकता दियो भनेमात्रै राजनीति 'सफा' हुनेछ । अन्यथा पात्र फेरिनेछन् तर नियति उही रहनेछ । राजनीतिलाई गालीको वर्षाबाट जोगाएर समृद्धिको छहारी बनाउनु नै आजको युगधर्म हो । राजनीतिलाई 'हिलो' भन्ने तर त्यही हिलोमा रमाइरहने नेतृत्वलाई अब 'खरो र निर्मम' समीक्षाको कसीमा राख्नेबेला आएको छ । अब गाली होइन, 'गाली' गर्नेको विकल्प खोज्ने बेला हो ।

राजनीतिको रंगमञ्च अचेल कुनै नीतिशास्त्रीहरूको थलोजस्तो होइन बरू सडकको सामान्य 'भनाभन' र 'दोहोरी' खेल्ने थलो बन्यो । निर्वाचन नजिकिँदै गर्दा जनताले चुल्होको महँगी र छोराछोरीको पलायन रोक्ने मार्गचित्र खोजिरहेका छन् । हाम्रा महारथीहरू भने शब्दकोशका निकृष्ट शब्दहरू चयन गरेर एकअर्कामाथि हिलो छ्याप्न व्यस्त छन् । केपी ओलीको उखानटुक्का र व्यंग्यले विकासको गति समात्ने भ्रम अब चिरिइसकेको छ । उता, पुरानालाई गाली गरेकैं भरमा स्थापित हुनखोज्ने बालेन शैलीमा नयाँ तानाशाहीको गन्ध आउन थालेको छ । गाली आफैंमा विकास होइन । जबतर्क सकिन्छ तब गाली सुरु हुन्छ । पुराना नेताहरूले 'जेल बसेको' ब्याज मागेर देश सिध्याए, नयाँले 'सञ्जालको ताली' खाएर शिष्टता बिर्सिए ।

> **भावनात्मक राजनीतिबाट मुक्ति नै निर्वाचनको गन्तव्य हुनुपर्छ । अब ओलीको राष्ट्रवादी गफ, दाहालको क्रान्तिकारी लेपन, गगन थापाको भनाइमा फेरिएको कांग्रेस वा नयाँहरूको पपुलिष्ट आवेशमा होइन, तिनीहरूको 'डेलिभरी', नियतमा आधारित भएर निर्वाचनको बेला विकासको डंकामात्र पिटने चरित्र र प्रवृत्तिलाई लोकतन्त्रमा निर्वाचनबाटै बढार्नुपर्छ ।**

ओली र दाहालकै प्रवृत्तिले राजनीति सफा हुन्छ भन्नु आकाशको फल आँखा तरी मर भन्नुसरह हो । एउटाले अर्कोलाई भ्रष्ट भन्नु र अर्कोले पहिलोलाई राष्ट्रघाती देख्नु कुनै वैचारिक मन्थन होइन, यो भागबण्डा नमिलेपछिको रोदनमात्र हो । देश यतिबेला यस्तो षड्यन्त्रको शिकार भएको छ, जहाँ भ्रष्ट नै 'भ्रष्टाचारविरोधी' आन्दोलनको नायक बन्न खोज्दैछन् । नयाँ पुस्ता सत्तामा आउनुमात्र समाधान होइन । यदि नयाँ पुस्ताले पनि उही पुरानो 'अहंकार' र 'असहिष्णुता'को बाटो पक्रिने हो भने, देश सुध्रिने होइन, झन् दुर्घटनामा पर्नेछ । म नै सर्वज्ञानी हुँ भन्ने हैकमवादी सोच, आलोचना सुन्नै नसक्ने असहिष्णु प्रवृत्तिसँग विकासको खोक्रो नाराका साथै बिनाकुनै ठोस योजना सस्तो लोकप्रियताका लागि गरिने स्टन्टले देश किमार्थ बन्दैन ।

अबको राजनीतिमा 'म यस कारण राम्रो छु' भन्नेले ठाउँ पाउनुपर्छ, 'त्यो त्यसकारण नराम्रो छ' भन्नेले होइन । समृद्धिको मार्गचित्र कोर्न निम्न कुराहरूमा खरो बहस जरुरी छ । बजेटको न्यायोचित वितरणको प्रष्ट खाका, कार्यकर्ता पाल्ने योजना होइन, रोजगारी सिर्जना गर्ने उद्योगमा लगानीको मार्गचित्र, छिमेकीसँगको सम्बन्ध गाली गरेर होइन, टेबलमा बसेर राष्ट्रिय हितमा मिलाउने सामर्थ्य भएको कूटनीतिको मर्यादित खाका, प्रविधि र उत्पादन वृद्धिको समयसीमासहितको योजना साथै युवालाई खाडी पठाएर रेमिट्यान्समा रजाइँ गर्ने अर्थतन्त्रको अन्त्य नै जनताको चहाना हो ।

अहिलेको राजनीति मुसा र बिरालोको खेलजस्तै भएको छ । कहिलेको माथि, कहिलेको तल तर यो खेलमा थिचिने र मिचिने सधैं आमनागरिक नै हुन् । पात्र फेरेरमात्र पुग्दैन, प्रवृत्ति र नियत फेर्नुपर्छ । हालसम्मको नेपाली राजनीति 'एउटालाई फालेर अर्कोलाई काँधमा बोक्ने' आत्मघाती चक्रमा फसेको छ । राजनीतिलाई सफा गर्न अर्को एउटा 'गालीशिरोमणि' होइन, विधिको शासन र इमानको राजनीति चाहिएको हो ।

हिजोका क्रान्तिकारीहरू आज सत्ताको सुकुमार बन्नु र नयाँ भनिएकाहरू अशिष्टतामा रमाउनुको एउटै कारण हो, नैतिकताको खडेरी । राजनीति भनेको केवल गणितको खेल र कुर्सीको जोडघटाउमात्र होइन यो त समाजप्रतिको एउटा उच्च नैतिक प्रतिबद्धता हो । म घुस खाँदिन र अरूलाई पनि खान दिन्न भन्ने कुरा फेसबुकको स्टाटसमा होइन, नेताको जीवनशैली र निर्णयहरूमा देखिनुपर्छ । नयाँ पुस्ताले सत्ताको हैकम खोज्ने कि प्रणाली सुधार्ने ? यदि नयाँहरूले पनि पुरानाकै जस्तो गुटबन्दी, अपारदर्शी चन्दा र प्रतिशोधको राजनीति गर्ने हो भने त्यो विस्थापन होइन, केवल 'उत्तराधिकारी' बन्नुमात्र हो ।

हिलो पखाल्न हिलो होइन सफा पानी चाहिन्छ । अर्थात्, पुरानो प्रवृत्तिको अन्त्य गर्न नयाँ पुस्तासँग अझ बढी धैर्य, शिष्टता र विकासको स्पष्ट खाका हुनु अनिवार्य छ । अबको अन्तिम सन्देश भनेको ओलीको विरुद्ध दाहाल वा पुरानोको विरुद्ध बालेन हुने समय होइन । यो त 'कुसंस्कारको विरुद्ध सुसंस्कार' र 'अराजकताको विरुद्ध थिति' बसाल्ने समय हो । निर्वाचनको पूर्वसन्ध्यामा मतदाताले चिन्नुपर्ने कुरा यही हो कसको झोलाभित्र समृद्धिको मार्गचित्र छ र कसको जिब्रोमा केवल विषालु गाली ? जसले कानुनी डण्डा सहने साहस राख्छ र नैतिक निष्ठाको मियो छोड्दैन, त्यही अब नेपालको वास्तविक नेतृत्व हुनसक्छ ।

### निष्कर्ष

अबको नेपाली राजनीतिको प्रस्थानबिन्दु भनेको पात्र फेरेर हुँदैन, प्रवृत्ति नै उखेल्नुपर्ने यो चेतना नै वास्तविक परिवर्तनको बिउ हो । यो 'उखेल्ने' संकल्पलाई तीनवटा खरो बुँदामा यसरी व्याख्या गर्न सकिन्छ : सत्ताको सिन्डिकेट भत्काउने सोच हुनुपर्छ । दशकौंदेखि आलोपालो सत्ता भोग्ने र एकले अर्काको भ्रष्टाचार लुकाउने जुन मौन सहमति छ त्यसलाई नभत्काई नयाँ बिरुवा फस्टाउन सक्दैन । भावनात्मक राजनीतिबाट मुक्ति नै निर्वाचनको गन्तव्य हुनुपर्छ । ओलीको राष्ट्रवादी गफ, दाहालको क्रान्तिकारी लेपन, गगन थापाको भनाइमा फेरिएको कांग्रेस वा नयाँहरूको पपुलिष्ट आवेशमा होइन, तिनीहरूको 'डेलिभरी' र नियतमा आधारित भएर निर्वाचनको बेला विकासको डंकामात्र पिटने चरित्र र प्रवृत्तिलाई लोकतन्त्रमा निर्वाचनबाटै बढार्नुपर्छ ।

मतपत्रको विद्रोह नै अन्तिम विकल्प हो । सडकको गर्जनले शासक तर्साउँछ तर मतपत्रको चोटलेमात्र प्रवृत्ति उखेल्छ । अबको चुनाव केवल प्रतिनिधि छान्नेमाध्यम होइन, सडेका प्रवृत्तिलाई राजनीतिको मूलधारबाटै बिदा गर्ने अन्तिम अवसर बन्नुपर्छ । बाटो स्पष्ट छ : कि नेतृत्वले आफ्नो अहंकार र अशिष्टता त्यागेर 'समृद्धिको मार्गचित्र' समात्नुपर्छ कि सचेत जनताको विवेकको डण्डाले सधैंका लागि विश्राम लिनुपर्छ । निर्वाचन कुनै दलको जित वा हारको विषयमात्र होइन यो नेपाली नागरिकले आफ्नो नियति बदल्ने कि उही हिलोमा रमाउने भन्ने परीक्षा हो । उखेल्नुपर्ने प्रवृत्ति हो र रोप्नुपर्ने पद्धति हो ।

# घोषणा पत्रमा राजसंस्था र हिन्दु राष्ट्र समावेस होस्

**नयाँ राजनीतिक क्षेत्र कांग्रेसको आफ्नो मौलिक क्षेत्र होइन । कांग्रेसले अहिले बोकेको वा परिवर्तन गरेको राजनीतिक मुद्दा वामपन्थी दलको भएकाले कांग्रेसलाई जनताले विगतमा जस्तो पत्याएनन् । सत्य यही, आत्म ज्ञान यति हो । यो राजनीतिक यथार्थलाई नबुझ्दासम्म, राजनीतिक रोड करेक्सन गरेर अगाडि नबढ्दासम्म नेपाली कांग्रेसले विगतको जस्तो गौरवशाली स्थान प्राप्त गर्न सक्दैन ।**



● लोकेश ढकाल
(नेता नेपाली कांग्रेस)

नेपालको राजनीतिमा प्रजातान्त्रिक मूल्यमा नेपाली कांग्रेस क्रान्तिकारी शक्ति हो भन्नेमा कांग्रेसइतर कुनै पनि दलले अस्वीकार गर्दैनन् । संवैधानिक राजसंस्था र हिन्दुराष्ट्रको मान्यतालाई स्वीकार गर्दै आएको नेपाली कांग्रेस समग्र नेपाली राजनीतिमा देशको कन्जभेटिभ पार्टी नै थियो । तत्कालीन नेतृत्वको राजनीतिक महत्त्वकांक्षा, बाह्य हस्तक्षेप, प्रभाव वा दबाबमा बाह्रबुँदे समझदारीपछि नेपाली कांग्रेसले आफ्नो परम्परागत कन्जरभेटिभ राजनीतिक सिद्धान्त, चरित्र र अडानलाई परित्याग गरेर वामपन्थीहरूले उठाएको संविधानसभा, धर्मनिरपेक्षता, गणतन्त्र, संघीयता आदि (जुन मुद्दालाई नेपाली राजनीतिमा माओवादीले स्थापित गरेका थिए) मुद्दालाई बोकेपछि कांग्रेसको परम्परागत भोट बैंक (कष्टिट्युएन्सी) क्षेत्र भत्कियो ।

नयाँ राजनीतिक क्षेत्र कांग्रेसको आफ्नो मौलिक क्षेत्र होइन । कांग्रेसले अहिले बोकेको वा परिवर्तन गरेको राजनीतिक मुद्दा वामपन्थी दलको भएकाले कांग्रेसलाई जनताले विगतमा जस्तो पत्याएनन् । सत्य यही, आत्म ज्ञान यति हो । यो राजनीतिक यथार्थलाई नबुझ्दासम्म, राजनीतिक रोड करेक्सन गरेर अगाडि नबढ्दासम्म नेपाली कांग्रेसले विगतको जस्तो गौरवशाली स्थान प्राप्त गर्न सक्दैन । नेतृत्व बदल्यौं अब देश बदल्छौं भनेर आसन्न निर्वाचनका लागि सुशासन, विकास र व्यावहारिक कार्ययोजनासहित घोषणापत्र लेख्न बसेकाहरूमा यो राजनीतिक चेत भयो भनेमात्र कांग्रेस बदलिन सक्छ ।

राजा ज्ञानेन्द्रले आफूबाट भएको भुलको महसुस गरेको कुरा उनका नियमित रूपमा आउने सन्देशहरूले प्रष्ट पारिसकेको छ । राजाले नेपालको सन्दर्भमा प्रजातन्त्रविनाको राजसंस्था र राजसंस्थाविनाको प्रजातन्त्रको औचित्य छैन भन्नु बीपी कोइरालाको राष्ट्रिय एकता र मेलमिलाप नीतिकै सार हो । सार्वभौम शक्तिको स्रोत नेपाली जनता नै हुन् । सबै राजनीतिक दलहरूसँग मिले देश बचाउने कार्यमा सहकार्य गर्न तयार भएको स्पष्ट अभिव्यक्ति राजा ज्ञानेन्द्रले गरिसकेको आवस्थामा अब नेपाली कांग्रेस अग्रसर भएर राजसंस्थासहित देशको सबै दलहरूको बीचमा आमसहमति निर्माण गर्दै सनातन हिन्दुराष्ट्र र राजसंस्थाको पुनःस्थापनाको आँटलो ऐतिहासिक निर्णय लिनेबेला अहिले नै हो । कांग्रेस यसमा चुक्यो भने कांग्रेसले क्षति व्यहोर्ने नै, कहिल्यै पराधीन नभएको स्वतन्त्र हिमाली राष्ट्र नेपालले अकल्पनीय क्षति व्यहोर्न सक्छ । समय बाँकी रहँदै उचित निर्णय लिएर राष्ट्र पहिले अनि बाँकी भन्ने भावकासाथ कांग्रेसले निर्णय गरोस् ।

उपरोक्त ऐतिहासिक तथ्य, राजनीतिक पृष्ठभूमिलाई मध्यनजर गर्दै पार्टीको स्थापनाकालीन नीति, सिद्धान्तलाई ख्याल गर्दै, नेपाली कांग्रेसको संस्थापक नेता राजनेता बीपी कोइरालाको राष्ट्रिय एकता र मेलमिलाप नीतिको सान्दर्भिकता र अर्का तत्कालीन अन्तिम जीवित संस्थापक सन्तनेता कृष्णप्रसाद भट्टराईको २०६४ साल आश्विन ९ गते नेपाली कांग्रेस परित्यागको घोषणा गर्नुभएको मार्मिक पक्षलाई गहिरोसँग हृदयंगम गर्दै नेपाली कांग्रेसका संस्थापक नेताहरू सुवर्ण शमशेर, गणेशमान सिंह, सूर्यप्रसाद उपाध्याय आदिले हिँड्नुभएको सिद्धान्त, निष्ठा र आदर्शको बाटोलाई पछ्याउँदै, राष्ट्र सुगौली सन्धिपछि कै सबैभन्दा कठिन मोडमा उभिएको कुरालाई गहिरोसँग ख्याल गर्दै नेपाली कांग्रेसले आउँदो २१ फागुन २०८२ हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सुशासन, आर्थिक एवं भौतिक विकाश र व्यावहारिक कार्ययोजनाकासाथ घोषणा पत्र तयार गर्दै गर्दा निम्न बमोजिमको राष्ट्रियता, राष्ट्रको आफ्नो मौलिक पहिचान, धार्मिक एवं सांस्कृतिक विषयलाई

> **आसन्न निर्वाचनलाई समेत ध्यानमा राखेर नेपाली कांग्रेसले विगतका आफ्ना राजनीतिक भुलबाट सिकेर राजनीतिक रोड करेक्सन गरेर अगाडि बढ्न सक्यो भने इतिहासको आफ्नो गौरवशाली स्थान र भूमिकालाई पुनः प्राप्त गर्न सफल हुनेछ । नीतिको परिवर्तनले मात्र नेतृत्व परिवर्तनको सार्थकता रहन्न ।**

गम्भीरतापूर्वक अंगीकार गर्न नेपाली कांग्रेसको एक निष्ठवान कार्यकर्ता हुनुको नाताले जोडदार मागसहित सुझावको रूपमा निम्न उल्लेखित विशेष प्रस्ताव पेश गर्दछु ।

(१) आमनेपाली जनताको माग र भावनाको कदर गर्दै, नेपाली कांग्रेसको फागुन २०६९ सालमा नवलपरासी जिल्लाको त्रिवेणी धाम र अझ विशेष गरी मंसिर २०७५ काठमाडौं र फागुन २०८० ललितपुरको गोदावरीमा सम्पन्न भएको महासमिति बैठकमा बहुमत महासमिति सदस्यले वैदिक सनातन हिन्दुराष्ट्रको पक्षमा हस्ताक्षरसहित व्यक्त अभिमतलाई ध्यानमा राख्दै, नेपाल परापूर्व वैदिक सनातनकालदेखि नै ऋषिमुनिहरूको तपोभूमि रहेको, यही सनातन धर्म र संकृतिले नै नेपाललाईयही एक सूत्रमा बाँधेर राखेको र राष्ट्रियतालाई बलियो बनाएको यथार्थतालाई आत्मसात गर्दै षड्यन्त्रको तहमा देशलाई जनभावनाविपरीत जबरजस्तीसँग धर्मनिरपेक्ष राष्ट्र घोषणापछि हाम्रा मौलिक सनातन धर्म र संस्कृतिमाथि बाह्य अतिक्रमण बढ्दै गएको र नेपाली साझा पहिचान कमजोर बन्न गई देश नै जटिल स्थितिमा पुगेको डरलाग्दो स्थितितर्फ नेपाली कांग्रेस समयमै गम्भीर बन्दै आसन्न प्रतिनिधिसभा निर्वाचनको घोषणापत्रमा सबै अल्प संख्यक धार्मिक समुदायको धार्मिक स्वतन्त्रताको सुनिश्चितता गर्दै नेपाललाई बौद्ध, बोन, किरात, लिम्बुसहितका सनातनी ॐकार परिवारको भावनाको कदर गर्दै वैदिक सनातन (हिन्दु) राष्ट्रको पक्षमा आफ्नो अडान राख्न यो प्रस्ताव राख्दछु ।

(२) नेपाली कांग्रेसले आफ्नो स्थापनाकालदेखि नै 'संवैधानिक राजतन्त्र' को मान्यतालाई एउटा प्रमुख राजनीतिक अडानको रूपमा स्वीकार गर्दै आएको ऐतिहासिक तथ्य हो । १ पौष २०१७ मा राजा महेन्द्रले प्रजातन्त्रको अपहरण गरेर बीपी कोइराला जस्तो लोकप्रिय जननिर्वाचित प्रधानमन्त्रीलाई कठोर कारावासमा राखे, राजाले त्यति कठोर कदम चाल्दा पनि प्रतिशोधको भावना कहिल्यै राखेनन् । गणतन्त्रको बाटोमा कहिल्यै गएनन् । बरू देशको भू-राजनीतिक जटिलता, राष्ट्रियता, राष्ट्रिय अखण्डता, देशको स्वतन्त्रता र सार्वभौम सत्ताको संवेदनशीलतालाई विचार गरेर राजा र जनता मिलेर देश बचाउनुपर्छ भनेर २०३३ सालमा राष्ट्रिय एकता र मेलमिलापको नीति लिएर स्वदेश फर्कनु भयो ।

सन्तनेता कृष्णप्रसाद भट्टराई जुनदिन नेपाली कांग्रेस राष्ट्रिय एकता र मेलमिलाप नीति र संवैधानिक राजतन्त्रको मान्यतालाई परित्याग गर्दै गणतन्त्रको मार्गमा गऱ्यो । त्यसै दिनबाट किसुनजीले मन दुःखित बनाउँदै सदाका लागि नेपाली कांग्रेस परित्याग गर्नुभएको दुःखद् प्रसंगलाई स्मरण गर्दै, करिब २० वर्षको गणतन्त्रकालमा देशको राष्ट्रियता थप कमजोर बनेको, राष्ट्रिय अखण्डतामाथि चुनौती थपिएर देश सुगौली सन्धिपछि कै सबैभन्दा कठिन र चुनौतीको अवस्थामा परेको अवस्थातर्फ गम्भीर बन्दै, १२ बुँदे साझा समझदारीपछि राजनीतिक दलहरू सत्ता स्वार्थमा केन्द्रित हुँदा देश भक्तिको भवना हराएको, कूटनीति र परराष्ट्र मामिलामा दलहरूको लापरबाही, अक्षमता र अकर्मण्यताले अन्तराष्ट्रिय जगत्मा नेपालको साख गिर्दै गएको अवस्थामा सर्वत्र आमनेपाली जनतामा राष्ट्र प्रमुखको रूपमा एउटा तटस्थ (न्युट्रल) शक्तिको आवश्यकता महसुस भएको कुरातर्फ गम्भीर ध्यान दिँदै शन्ति प्रक्रिया र संविधान निर्माणका क्रमममा बाध्यता वा विभिन्न पक्ष शक्तिको दबाबले नेपाली कांग्रेस गणतन्त्रको लाइन निर्णय गर्न बाध्य भए तापनि उपरोक्त राजनीतिक तथ्य र देशको आवश्यकता र जनताको भावनाको कदर गर्दै नेपाली कांग्रेस संवैधानिक राजसंस्थालाई पुनःस्थापित गर्न अग्रसर हुनेछ भनेर आफ्नो चुनावी घोषणा पत्रमा प्रतिबद्धता जाहेर गरोस् भनी जोदारसँग यो विशेष प्रस्ताव सुझावको रूपमा पेश गर्दछु ।

आसन्न निर्वाचनलाई समेत ध्यानमा राखेर नेपाली कांग्रेसले विगतका आफ्ना राजनीतिक भुलबाट सिकेर राजनीतिक रोड करेक्सन गरेर अगाडि बढ्न सक्यो भने इतिहासको आफ्नो गौरवशालीस्थान र भूमिकालाई पुनः प्राप्त गर्न सफल हुनेछ । नीतिको परिवर्तनले मात्र नेतृत्व परिवर्तनको सार्थकता रहन्न । देशप्रेमको भावनाबाट यसरी स्पष्ट नीतिका नेपाली कांग्रेस आउन सक्यो भने नेपाली कांग्रेस देश बचाउन र प्रजातान्त्रिक आन्दोलनलाई सकारात्मक बाटोमा लग्दै देश बदल्न समर्थ हुनेछ ।

*(लेखक ढकाल नेपाली कांग्रेसको महासमिति सदस्य र सहसंयोजक, नेपाली कांग्रेस, वैदिक सनातन हिन्दु राष्ट्र स्थापना महाअभियान हुनुहुन्छ । उहाँले आसन्न निर्वाचनमा नेपाली कांग्रेसको घोषणापत्रमा समावेश गर्न दिनुभएको निकै लामो सुझावपत्रको मुख्य अंशलाई मात्रै सम्पादन गरी यहाँ प्रस्तुत गरिएको छ : सं)*

# दिनेश अधिकारीलाई 'आइएनएलए ज्ञानेन्द्र गदाल गीत सम्मान'

हिमालय टाइम्स
काठमाडौं, १९ माघ

अन्तर्राष्ट्रिय नेपाली गीतकार संघ (आईएनएलए) ले आफ्नो दोस्रो महाधिवेशन तथा अन्तर्राष्ट्रिय सम्मेलन आगामी मार्च २९, २०२६ मा अमेरिकाको पेन्सल्भेनिया राज्यस्थित ल्यांकास्टरमा आयोजना गर्ने भएको छ। नेपाली गीतसंगीतलाई विश्व समुदायमा प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित संघले उक्त सम्मेलन आयोजना गर्न लागेको हो।

सम्मेलनको संयोजन तथा व्यवस्थापन ल्यांकास्टरस्थित स्थानीय साहित्यिक संस्था 'साहित्य कला संगम'ले गर्नेछ। सम्मेलनमा संघका हालसम्मका गतिविधिबारे समीक्षा तथा भावी योजनामाथि छलफल गरिनुका साथै विविध साहित्यिक र सांगीतिक कार्यक्रम प्रस्तुत गरिने जनाइएको छ।

सम्मेलनकै अवसरमा नेपाली गीतसंगीत तथा गायन क्षेत्रमा उल्लेखनीय योगदान




पुऱ्याएका सातजना सर्जकहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरिने जनाइएको छ। संघको निर्णयानुसार यस वर्षको प्रतिष्ठित 'आइएनएलए ज्ञानेन्द्र गदाल गीत सम्मान' विशिष्ट कवि तथा लोकप्रिय गीतकार दिनेश अधिकारीलाई प्रदान गरिने भएको छ। अधिकारी उक्त सम्मानबाट सम्मानित हुने दोस्रो व्यक्तित्व हुनुहुन्छ। यसअघि गतवर्ष पहिलो पटक प्रदान गरिएको उक्त सम्मान चलचित्र कलाकार तथा ख्यातिप्राप्त गीतकार नीर शाहलाई प्रदान गरिएको थियो।

त्यसैगरी, गीत लेखनतर्फ नेपालबाट पुरुषोत्तम लम्साल (पुरु लम्साल) र प्रवासबाट साबु गदाल कार्की, संगीत सिर्जनातर्फ नेपालबाट तृप्ति खड्का र प्रवासबाट अगम गुरुङ, तथा गायनतर्फ नेपालबाट यशोदा पराजुली र प्रवासबाट डम्बर खापुङ सुब्बा सम्मानित हुनुहुने भएको छ।

आईएनएलए ज्ञानेन्द्र गदाल गीत सम्मानअन्तर्गत सम्मानपत्रसहित अमेरिकी डलर १,००१ नगद प्रदान गरिनेछ भने अन्य छजना सर्जकहरूलाई जनही अमेरिकी डलर ५०० नगदसहित आइएनएलए सम्मानपत्र प्रदान गरिने संघका अध्यक्ष डा.हरि उप्रेतीले जानकारी दिनुभयो।

संघले यस्ता कार्यक्रममार्फत नेपाली गीत-संगीत र सर्जकहरूको योगदानलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने उद्देश्य लिएको जनाएको छ।

हार्दिक बधाई तथा शुभकामना
IGI PRUDENTIAL INSURANCE LIMITED
सुरक्षाको पूर्वाधार, भविष्यको आधार
२५ औं बार्षिकोत्सव
सफलताको २६ औं वर्षमा प्रवेश
SATA ENGINEERING ASSOCIATES Pvt. Ltd.
Consulting Engineers, Insurance Surveyors, Loss Adjustors & Valuers
Mid Baneswore, Kathmandu
Tel: 4585825 E-mail: sataengassoc@gmail.com
Mobile: 9851034320 (S.C. Saakha)
Er. Dekh B. Pandit
H. P. SURVEYOR & ENGINEERING PVT. LTD.
GWARKHO, LALITPUR
MOBILE: 9851139447
STMS Pvt. Ltd.
Er. Ramesh Chandra Jha, CEO
Bagdole, Lalitpur
Tel: 5190260, 5190292
Mobile: 9851078425
Global Oasis
Engineering Consultancy Pvt. Ltd.
Ekantakuna, Lalitpur - 18
Mob: 9851125508
Er.Deependra K. Bariyait
Insurance Surveyor
Naxal, Bagabatibahal,
Kathmandu, Nepal
Mob:9851003067
Er. Anand Ram Paudel
Insurance Surveyor
Hetauda
Mob: 9855068559

## Golanjor Rural Municipality
### Office of the Rural Municipal Executive
Gwaltar-3, Sindhuli
Bagamati Province, Nepal

**Invitation for Bids**

(First Date of Publication: 20th Magh 2082)

1. The **Golanjor Rural Municipality** invites sealed bids from the eligible bidders for the procurement of following works under National Competitive Bidding (NCB) procedure:

| Contract ID No. | Description | Estimated Amount NRs. (Excluding Vat & Contingencies) | Minimum Bid Security Amount (NRS) | Cost for Bid document (NRs) |
|---|---|---|---|---|
| GRM/SIN/WORKS/NCB/12/082/083 | Aambote Sichai Yojana | 21,32,867.76 | 70,000.00 | 3000 |
| GRM/SIN/WORKS/NCB/13/082/083 | Baleni Bhandas Gaudakhola Aadhamara Mewabote Chhepta Haiba Chad Sadak Staronnati | 42,86,672.23 | 1,30,000.00 | 3000 |
| GRM/SIN/WORKS/NCB/14/082/083 | Bhadaure Swasthya Kendra Nirman | 55,76,778.67 | 1,50,000.00 | 3000 |

2. Eligible bidders may obtain the further information and inspect the bidding documents at the office within office hours or may visit **PPMO egp system website www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

## Arun Rural Municipality
### Office of the Rural Municipal Executive
### Pyauli, Bhojpur
### Koshi Pradesh, Nepal

**Date of Publication: 3rd February, 2026**

1. **Arun Rural Municipality, Bhojpur, Koshi Pradesh. Nepal, invites single Stage Double Envelope electronic bids** only from Nepalese eligible bidders for the **following works under** National Competitive Bidding (NCB) procedures.

| S. N. | Contract ID | Descriptions | Bid Security Amount (NRs) | Bid Document Cost NRs | Last date and time of bid submission | Date, time and Place of bid opening. | Bid Validity/Bid security Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1. | NCB/08/WSW /ARUN/ 082/083 | ARUN NAADI BARAHAPOKHARI LIFTING WATER SUPPLY PROJECT | 4,90,000/- | 5,000.00 | 12:00 Hrs. of 9th March, 2026 | 14:00 Hrs. of 9th March, 2026 Arun Rural Municipality Office. | 90 days/120 days from the last date of Bid Submission. |

2. Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 2,93,88,272.27 /-
3. Minimum Work experience of similar size and nature: At least one contract within the last 10(Ten) years, each with a value of at least NRs. 78,36,872.60 /-
4. Pre-bid meeting shall be held at Arun Rural Municipality office at Arun Rural Municipality -03, Bhojpur, and Koshi Pradesh. Nepal on 25th February, 2026 at 14:00 Hrs.
5. Following are the account number for Bid security and Document Purchase.

| Type | Amount | Name of the Bank | Name of the Office | Account Number | Account Name |
|---|---|---|---|---|---|
| Bid Security | NRs.4,90,000 | Prabhu Bank Ltd. Pyauli Branch, Bhojpur | Arun Rural Municipality. Pyauli, Bhojpur | 2697087361900068 | GA-3-1 Arun ga.pa. Sthaniyataha Dharauti Khata |
| Document Cost | NRs. 5000/- | | | 2697087361900188 | GA-1-1 Arunga.pa. Antarik Rajswa Khata |

6. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office at Arun Rural Municipality 03, Bhojpur or may visit Arun Rural Municipality Website at: https://www.arunmun.gov.np/ or PPMO website at: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## धितोमा रहेको चल/अचल सम्पतिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/१०/२० गते

यस माछापुच्छ्रे बैंक लि. हिले शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित ताकेता गरिएको एवं मिति २०८१/०२/२३ गतेको आर्थिक राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत तोकिएको समयमा बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरू उल्लंघन गर्नु भएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्रीको गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरी लिलाम बिक्री गर्दा समेत धितो सम्पत्ति लिलाम बिक्री नभएकोले पुनः गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरूले बैंकबाट प्राप्त हुने बोलपत्र फाराम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरूको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरू १६ (सोह्रौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधि, ऋणी, प्रोपाइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरू अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोपाइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरू सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गरी सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

**तपसिल**

**ऋणीको नाम ठेगाना**

बिर बहादुर राई
ना.प्र.न. ४९३/२४८, जि.प्र.का. धनकुटा, जारी मिति : २०५२/०६/२९
बाबु : चन्द्र बहादुर राई, बाजे : हर्क बहादुर राई
ठेगाना : धनकुटा जिल्ला, आखिसल्ला गा.वि.स. वडा नं. ९

**व्यक्तिगत जमानतकर्ताहरु**

| | |
|---|---|
| बिर बहादुर राई<br>ना.प्र.नं. ४९३/२४८, जि.प्र.का. धनकुटा<br>जारी मिति : २०५२/०६/२९<br>बाबु : चन्द्र बहादुर राई<br>बाजे : हर्क बहादुर राई<br>ठेगाना : धनकुटा जिल्ला, आखिसल्ला गा.वि.स. वडा नं. ९ | २. टंक माया राई<br>ना.प्र.न : ४२१, जि.प्र.का. धनकुटा<br>जारी मिति : २०६३/०३/१२<br>बाबु : चक्र बहादुर राई<br>पति : बिर बहादुर राई, ससुरा : चन्द्र बहादुर राई<br>ठेगाना : धनकुटा जिल्ला, आखिसल्ला गा.वि.स. वडा नं. ९ |

**धितोमा रहेको सम्पत्तिको विवरण**

चन्द्र बहादुर राईको बुहारी, चक्र बहादुर राईको छोरी, बिर बहादुर राईको पत्नी, धनकुटा जिल्ला, आखिसल्ला गा.वि.स. वडा नं. ९ बस्ने टंक माया राईको नाममा मालपोत कार्यालय सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, एकम्बा गा.वि.स. वडा नं. ९ स्थित कि.नं. ५१७ को क्षेत्रफल ०-०-१०$^{1/4}$ (बि.क.धु.क.) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण सिमसंरचना समेत।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु**

१. बोलपत्र फाराम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगत्तै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगत्तै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफूले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/"क" वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफ्नामा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा सकेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दाबी गर्न पाइने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पुनश्च** : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साबिकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरी लियो भनी कहिँ कतै उजुरबाजुर गर्न पाउनुहुने छैन।

| बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : | बोलपत्र खोलिने मिति, समय र स्थान : |
|---|---|
| २०८२/११/०५ मंगलबार कार्यालय समय सम्म शाखा कार्यालय, हिले | २०८२/११/०८ शुक्रबार दिनको १:३० बजे शाखा कार्यालय, हिले |

**माछापुच्छ्रे बैंक**
सरल, उत्कृष्ट एवं विश्वसनीय
शाखा कार्यालय, हिले

# माघ महिनाको बक्सअफिस : गोबर गणेश अगाडि

हिमालय टाइम्स

काठमाडौं, १९ माघ



चलचित्र विकास बोर्डले माघ महिनामा प्रदर्शनमा आएका नेपाली चलचित्रहरूको बक्सअफिस कमाइ सार्वजनिक गरेको छ। बोर्डले शनिबार (माघ १७ गते) सम्मको व्यापारिक विवरण सार्वजनिक गरेको हो। बोर्डको तथ्यांकअनुसार मरिचमान श्रेष्ठ (बल्छी धुर्बे)को डेब्यु निर्देशनमा बनेको चलचित्र 'गोबर गणेश' ले सबैभन्दा राम्रो व्यापार गरेको देखिएको छ। उक्त चलचित्रले शनिबारसम्म एक करोड ३६ लाख २० हजार ८६६ रुपैयाँ ग्रस कलेक्सन गरेको छ। यो अवधिमा चलचित्रका ४८ हजार ५३ वटा टिकट बिक्री भएका छन्। अन्य समकालीन चलचित्रको तुलनामा 'गोबर गणेश' ले उल्लेख्य दर्शक तानेको देखिन्छ।

त्यसैगरी माघ १ गतेबाट प्रदर्शनमा आएको चलचित्र 'भाइरल गोर्खे'ले अपेक्षित व्यापार गर्न सकेन। सौगात मल्ल र सृष्टि श्रेष्ठको मुख्य भूमिका रहेको उक्त चलचित्रले हालसम्म ३६ लाख १० हजार ९२५ रुपैयाँमात्र कमाएको बोर्डले जनाएको छ।

माघ १ गते नै रिलिज भएको अर्को चलचित्र 'मिरमिरे' पनि बक्सअफिसमा कमजोर देखिएको छ।

दयाहाङ राई, प्रकाश सपुत र सिर्जना निङलेखको मुख्य भूमिका रहेको यस चलचित्रले शनिबारसम्म ३३ लाख ९३ हजार ७२५ रुपैयाँ ग्रस कलेक्सन गरेको छ।

त्यस्तै, माघ ९ गतेबाट प्रदर्शनमा आएको सुशील श्रेष्ठ स्टारर एक्सन चलचित्र 'परिवर्तन'ले पनि राम्रो व्यापार गर्न सकेन। बोर्डका अनुसार यस चलचित्रले शनिबारसम्म ३१ लाख नौ हजार रुपैयाँ ग्रस कमाएको छ। चलचित्रका ११ हजार ६ वटा टिकट बिक्री भएका छन्।

चलचित्र विकास बोर्डको तथ्यांकले माघमा रिलिज भएका अधिकांश चलचित्रले अपेक्षित व्यापार गर्न नसकेको देखाउँदा 'गोबर गणेश' भने तुलनात्मक रूपमा सफल देखिएको छ।

# कला क्षेत्रमा सदामको सक्रियता

**काठमाडौं/हिटा।** भोजपुरी सिनेमा र म्युजिक भिडियो क्षेत्रका मोडल एवं कलाकार सदाम हुसैन नेपाली सिने क्षेत्रमा सक्रिय हुनुहुन्छ। बारा जिल्ला, कलैयाका ३१ वर्षिय हुसैनले सानै उमेरदेखि चलचित्रको नायक बन्ने सपना लिएर यो क्षेत्रमा अघि बढनुभएको हो। उहाँको कला यात्रा मुम्बईबाट २०१३ मा सुरु भएको थियो। प्रारम्भमा असिस्टेन्ट निर्देशकको रूपमा विभिन्न भोजपुरी र नेपाली चलचित्रमा काम गरेपछि, २०२० मा उहाँ मुख्य कलाकारको रूपमा अभिनय क्षेत्रमा प्रवेश गर्नुभयो। सदाम हुसैनले 'कमाण्डो आ'न मिशन, गैंग्स और गवार, चुलबुल की बुलबुल, मिशन चाइना' जस्ता चलचित्रमा आफ्नो अभिनय क्षमता प्रस्तुत गर्नुभएको छ।



अभिनयको क्षेत्रमा मात्र होइन, नृत्यमा पनि आफूलाई दक्ष ठान्ने हुसैनले दर्जनौं भोजपुरी म्युजिक भिडियोमा मोडलिङ गरेर दर्शकसामु आफ्नो प्रतिभा देखाइसक्नुभएको छ। उहाँ अभिनयलाई केवल संवाद बोल्ने कला नभई भावनाको समझदारी र पात्रको जीवंतता प्रस्तुत गर्ने माध्यमका रूपमा लिनुहुन्छ।

सदाम रोमान्टिक, भावुक र सामाजिक ड्रामाटिक भूमिकामा काम गर्न रुचाउनुहुन्छ। यद्यपि उहाँ मान्नुहुन्छ कि कलाकार भएको नाताले सबै प्रकारको भूमिका निर्वाह गर्नु आवश्यक छ। प्रायः रोमान्टिक भूमिकामा देखिए पनि, सेन्टिमेन्टल भूमिकामा पनि उहाँको अभिनय उच्चस्तरको रहेको सम्बन्धित बताउँछन्। समयको परिवर्तनसँगै सदाम डिजिटल प्लेटफर्ममा बढी सक्रिय हुनुहुन्छ। सोशल मिडिया, शर्ट फिल्म, म्युजिक भिडियो जस्ता माध्यममा आफ्नो कला प्रस्तुत गरिरहनुभएको छ उहाँले।

काठमाडौंलाई कर्मथलो बनाएर कला यात्रालाई निरन्तरता दिइरहुनभएका उहाँ यस क्षेत्रमै आफूलाई पूर्णरूपमा समर्पित गरेर लागेको बताउनुहुन्छ। 'भूमिका लामो होस् वा छोटो, समाजमा प्रभाव पारोस् र दर्शकको मनमा लामो समयसम्म जीवित रहोस् भने मैले गरेको कामले सार्थकता पाउँछ', उहाँ भन्नुहुन्छ।

# पूर्वी नेपालको 'कुमारी लाइभ म्युजिकल कन्सर्ट'मा झुमे दर्शक

हिमालय टाइम्स

काठमाडौं, १९ माघ



यही माघ २३ गतेदेखि प्रदर्शनको तयारीमा रहेको चलचित्र 'कुमारी'ले आफ्नो प्रवर्द्धन अभियानलाई आक्रामक र भव्य बनाएको छ। काठमाडौंको भृकुटीमण्डपमा १० हजार दर्शकमाझ ऐतिहासिक रूपमा ट्रेलर सार्वजनिक गरेपछि चलचित्रको टोली यतिबेला पूर्वी नेपालको प्रचार यात्रामा जुटेको छ। चलचित्रको प्रचार-प्रसारका क्रममा मोरङको मधुमल्ला बजारमा आयोजित 'कुमारी लाइभ म्युजिकल कन्सर्ट' भव्य रूपमा सम्पन्न भएको छ।

भगवती माध्यमिक विद्यालयको प्रांगणमा आयोजित उक्त सांगीतिक कार्यक्रममा चलचित्रका मुख्य कलाकारहरू अविषेक खड्का र आकृति राजभण्डारीले फिल्मको चर्चित गीत 'डोको बुन्ने'मा लाइभ नृत्य प्रस्तुत गर्दा दर्शकहरू समेत उनीहरूसँगै झुमेका थिए। त्यस्तै, चलचित्रका पार्श्व गायक केहर सिंह लिम्बुले 'डोको बुन्ने', 'तिमी बिना' र 'कता छौ'लगायत आफ्ना लोकप्रिय गीतहरू प्रस्तुत गर्नुभएको थियो। दर्शकहरू राति ११ बजेसम्म कार्यक्रमस्थलमै बसेर कलाकाराई साथ दिएका थिए।

यसैबीच, अभिनेता अविषेक खड्का शनिबार दिउँसो झापाको बिर्तामोडस्थित आफ्नो घर पुग्नुभएको थियो। अभिनेत्री आकृति राजभण्डारीसहित गृह नगर पुग्नुभएका उहाँलाई आफन्त र छिमेकीहरूले भव्य स्वागत गरेका थिए। लामो समयपछि घर फर्कँदा बुबासँग भेट हुँदा माहोल भावुक बनेको थियो। डेब्यु चलचित्रबाटै उल्लेखनीय चर्चा बटुलिरहनुभएका अविषेक र आकृति दुवै सो अवसरमा भावुक देखिनुभएको थियो।

विनिश इन्टरटेन्मेन्टको व्यानरमा महेन्द्र अधिकारीले निर्माण गरेको चलचित्र 'कुमारी'मा प्रेम, संघर्ष र पारिवारिक अन्तर्द्वन्द्वलाई चित्रण गरिएको छ। चलचित्रमा अविषेक खड्का र आकृति राजभण्डारी मुख्य भूमिकामा रहनुभएको छ। यसका गीतहरू 'डोको बुन्ने', 'कता छौ मेरो फूल' र 'तिमी बिना' यसअघि नै हिट भइसकेका छन्। 'डोको बुन्ने' गीतले युट्युबमा ८५ लाखभन्दा बढी भ्युज पाइसकेको छ। चलचित्रमा घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकांक्षा कार्कीलगायत कलाकारहरूको पनि अभिनय छ। विकास सुवेदीको लेखन, सुसन प्रजापतिको छायांकन र सुप्रिम पराजुलीको सम्पादन रहेको चलचित्रको पोष्टर तथा पब्लिसिटी डिजाइन रोयल भीमसेनले गर्नुभएको हो। चलचित्रका कार्यकारी निर्माता केदार भुसाल हुनुहुन्छ।

# सबिनको 'हामी सबै नेपाली, हाम्रो नेपाल'

हिमालय टाइम्स

काठमाडौं, १९ माघ



सविन खड्काको स्वरमा रहेको राष्ट्रप्रेमको भाव बोकेको गीत 'हामी सबै नेपाली, हाम्रो नेपाल' सार्वजनिक गरिएको छ। समसामयिक परिस्थिति र राष्ट्रियताको गहिरो अनुभूतिलाई समेटिएको गीतले देशप्रतिको माया, एकता र नागरिक जिम्मेवारीको सशक्त सन्देश प्रवाह गरेको छ। गीतका शब्द स्वयं गायक सबिन खड्काकै हुन् भने संगीत बैकुण्ठ महतले तयार पार्नुभएको छ। गायनमा खड्कासँगै गायिका सुनितामी परियारको स्वर रहेको छ।

देवेन्द्र कुँवरले निर्देशन गरेको गीतको भिडियोमा नवीना सिलवाल र कमल जिसीको मुख्य अभिनय छ। साथै लोकप्रिय गायक मोतिराज खनाल, मीना बेलबासे, आशा ढकाल, स्मारिका खड्का, डिबी पाण्डे, मणि अधिकारी, धुर्व बस्नेत, रोशन घिमिरे, हरि आचार्य, पुष्पा शाह, मुकुन्द घिमिरे, गणेश पाण्डेलगायत थुप्रै कलाकारहरूको उपस्थिति भिडियोको अर्को आकर्षण बनेको छ। 'द म्युजिक इरा' स्टुडियोमा रेकर्ड गरिएको गीतको रेकर्डिङ सुरज भुसालले गर्नुभएको हो भने मिक्सिङ कृष्ण बाजुरालीले गर्नुभएको छ। भिडियोलाई राजेश कुमारले सम्पादन गर्नुभएको हो।

# हेमन्ता राईको 'महँगो माया'

हिमालय टाइम्स

काठमाडौं, १९ माघ



सानैदेखि गायनमा रुचि राख्दै आउनुभएकी खोटाङ दिक्तेलकी हेमन्ता राई पछिल्लो समय नेपाली सुगम संगीतमा आशा लाग्दो प्रतिभाका रूपमा हुनुहुन्छ। काठमाडौंलाई कर्मथलो बनाएर कला क्षेत्रमा सक्रिय रहनुभएकी उहाँ आफ्नो सुमधुर स्वर, निरन्तर मिहिनेत र परिश्रमका कारण क्रमशः सफलता हासिल गर्दै हुनुहुन्छ।

विभिन्न शैलीका गीतहरूमा स्वर दिँदै चर्चा बटुलिरहनु भएकी हेमन्ता पछिल्लो समय पप तथा आधुनिक गीत गायनमा व्यस्त रहनुभएको छ। उहाँको हालै सार्वजनिक भएको 'महँगो माया' बोलको गीतले श्रोता-दर्शकबाट राम्रो प्रतिक्रिया पाइरहेको छ। साथै, चाँडै नयाँ गीतको भिडियो निर्माण गरी सार्वजनिक गर्ने तयारीमा रहेको उहाँ बताउनुहुन्छ। पद्मकन्या क्याम्पसबाट संगीत विषयमा स्नातक अध्ययन पूरा गर्नुभएकी राईका 'डाली डाली', 'नौलो छ', 'नाई नाई', 'मुटु बनी धड्किदिन्छु'लगायत दर्जनौं गीतहरू श्रोता/दर्शकले मन पराएका छन्।

हेमन्ता गीतसंगीतको माध्यमबाट समाजमा सकारात्मक परिवर्तन ल्याउने चाहना राख्नुहुन्छ। 'आत्मसन्तुष्टि र चर्चाका लागि गाउनु मुख्यकारण भए पनि त्यतिमै सीमित हुनुहुँदैन। गीतसंगीतमार्फत समाज परिवर्तनमा योगदान दिन सकियो भने त्यो नै कलाकारका लागि ठूलो उपलब्धि हुन्छ', उहाँ भन्नुहुन्छ।

Government of Nepal
Ministry Of Agriculture and Livestock Development
Department of LIvestock Services
**Veterinary Standards and Drug Regulatory Laboratory**
Budhanilkantha, Kathmandu

**Invitation of Sealed Quotation (ISQ)**

**Date of Publication: February 03, 2026**

1. **Veterinary Standards and Drug Regulatory Laboratory (VSDRL),** Budhanilkanth, Kathmandu invites ***Sealed Quotation*** from eligible bidders for the procurement of followings:

| S.N. | Description of Contracts | Cost of Bid documents NRs (Non Refundable) | Bid Security NRs |
|---|---|---|---|
| I | Invitation for Sealed Quotation for the Procurement of Supply and Delivery of 62.5 KVA Generator with Complete Installation (VSDRL/G-082/083-01) | 1000.0 | 29,900.0 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of VSDRL, Budhanilkantha, Kathmandu,vsdrlktm@gmail.com, **Website: www.vsdrl.gov.np,** Phone: 977-01-4650457, 01-4650833, Cell : 9851246833.

Lumbini Province Government
Ministry of Social Development
Social Development Division Office Dang

**INVITATION FOR RE-BIDS**

**Publication Date: 2082/10/20**

1. The Social Development Division Office, Dang invites electronic bids from eligible bidders for following works under National Competitive Bidding. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Social Development Division Office, Dang or may visit.

| S. N. | Contract No/ Bid No/IFB No | Description of Work | Estimated Cost Excluding VAT | Bid Security Amount (NRS) | Bid Document Price (NRS) | Last date of bid submission & Time |
|---|---|---|---|---|---|---|
| 2 | 01/GOODS/SQ/ SDDOD/082/083 | Shree Bhanu Ma. Bi Parshduwa ma ICT Bebasthapan Ko lagi Samagri Kharidh Dangisharan-6 Dang | 8,96,075.41 | 25,000.00 | 1000 | 2082/11/06 up to 12.00 |
| 4 | 03/GOODS/SQ/ SDDOD/082/083 | Ma.Bi Jhingni Banjari ma ICT Bebasthapan Ko lagi Samagri Kharidh Ghorahi-3 Dang | 8,96,075.42 | 25,000.00 | | |

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धनमा।**

सामाजिक विकास डिभिजन कार्यालय तुलसीपुर दाङबाट विभिन्न मितिमा प्रकाशित सूचना अनुसार रितपूर्वक विधुतीय माध्यम E-Bidding बाट पेश हुन आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमका बोलपत्र दाताहरुको कबोल अंक मुल्यांकनबाट सारभूत रुपमा प्रभावग्राही देखिएका देहाय बमोजिमका बोलपत्रदाताहरुलाई स्वीकृतिका लागि छनोट गर्ने निर्णय भए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं | बोल पत्र/बोलपत्र नं. | छनोट गरिएका बोलपत्रदाताहरु | स्वीकृत बोलपत्रको रकम मु.अ.क. सहित | कैफियत |
|---|---|---|---|---|
| 1 | SQ/WORKS/SDDOD/ 14/ 082/083 | Bhupati Nirman Sewa Pvt. Ltd Tulsipur -16 Dang | रु. ५,९९,२८९.१९ (अक्षेरुपी पाच लाख उनान्सय हजार दुई सय उनान्वब्बे रुपैया उन्नाईस पैसा मात्र) | |
| 2 | SQ/WORKS/SDDOD/ 07/ 082/083 | Chitrepatan nirman sewa order and suppliers pvt.ltd | रु. ५,७४,८५३.७४ (अक्षेरुपी पाच लाख चौहत्तर हजार आठ सय त्रिपन्न रुपैया चौहत्तर पैसा मात्र) | |
| 3 | SQ/WORKS/SDDOD/ 15/ 082/083 | Panthi Nirman Sewa | रु. ६,२५,६१४.८६ (अक्षेरुपी छ लाख पच्चीस हजार छ सय चौध रुपैया छयासि पैसा मात्र) | |
| 4 | SQ/WORKS/SDDOD/ 16/ 082/083 | Mask Dream Builders And Construction Pvt. Ltd | रु. ६,१४,९६५.५५ (अक्षेरुपी छ लाख चौध हजार नौ सय पैसट्ठी रुपैया पचपन्न पैसा मात्र) | |
| 5 | SQ/WORKS/SDDOD/ 22/ 082/083 | Mask Dream Builders And Construction Pvt. Ltd | रु. ५,३९,३०४.७७ (अक्षेरुपी पाच लाख उन्नचालिस हजार तिन सय चार रुपैया सतहत्तर पैसा मात्र) | |
| 6 | SQ/WORKS/SDDOD/ 21/ 082/083 | Dambar construction and Suppliers Pvt.Ltd | रु. ५,८१,२८७.८७ (अक्षेरुपी पाच लाख एकासी हजार दुई सय सत्तासी रुपैया सत्तासी पैसा मात्र) | |

**कार्यालय प्रमुख**

# प्रवीनको स्वरमा 'सोल्टिनी'

हिमालय टाइम्स

काठमाडौं, १९ माघ



प्रवीन बज्राचार्यको स्वर रहेको गीत 'सोल्टिनी' सार्वजनिक गरिएको छ। ललित गोलेको शब्द रचना, द गोक्टे'ज (कमल उपासक)को संगीत र प्रदीप जोशीको संगीत संयोजन रहेको गीतको भडियो सार्वजनिक भएको हो।

ओएसआर डिजिटल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको यस गीतको भिडियोमा प्रवीन बज्राचार्य, बिना राउत र गीता भुजेलको अभिनय देख्न सकिन्छ।

भिडियोको निर्देशन पनि प्रवीन बज्राचार्यले नै गर्नुभएको हो भने छायांकन अनिल र गोपालको छ।

**हकदावीको सूचना**

गण्डकी प्रदेश पर्वत जिल्ला, जलजला गाउँपालिका, वडा नं. ३ बस्ने श्री मेख बहादुर जीसीकी नातीनि, श्री मोतीराज घर्ति क्षेत्रीकी छोरी श्री यम बहादुर खत्रीकी श्रीमति भगवतीदेवी खत्रीको मिति २०८२/०८/१३ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ०६४०५०८०२५०२७६ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनि निजको छोराहरु प्रकाश बहादुर खत्री/प्रताप खत्रीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा निवेदकहरु बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुत प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, जलजला, पर्वत
फोन नं.: ०६९-५२२०२४

**आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड** ICFC

**निक्षेप उपर हकदावी सम्बन्धि ३५ दिने सूचना**

**सूचना प्रकाशित मिति : २०८२/१०/२० गते**

बाबुराम थिङ तथा मुसी थिङका छोरा बागमती प्रदेश रसुवा जिल्ला उत्तरगया गाउँपालिका वडा नं. ४ बस्ने वर्ष ४९ का राम बहादुर थिङको मिति २०७९/११/१६ (१०/०३/२०२३ ई.सं.) गते मृत्यु भएकोले यस फाइनान्स लिमिटेडमा निजको नाममा भएको खातामा रहेको रकम भुक्तानी पाँउ भनी मृतककी श्रीमती हिरामाया थिङले मिति २०८२/१०/१४ मा निवेदन पेश गरेकोले निज मृतकको यस फाइनान्स लिमिटेडमा रहेको खाता उपर अन्य कुनै व्यक्तिहरूको हकदाबी गर्ने अधिकार भए बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो भएको सबुद प्रमाण सहित यस फाइनान्स लिमिटेडमा हकदाबी गर्न आउनु होला। अन्यथा उक्त खाता उपर हकदाबी गर्ने मृतककी श्रीमती हिरामाया थिङलाई भुक्तानी भई जाने र पछि कहीं कुनै उजुर बाजुर नलाग्ने व्यहोरा यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइएको छ।

१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२, www.icfc.com.np

# 'माया पिरती सबै खल्ली बल्ली' सार्वजनिक



हिमालय टाइम्स

काठमाडौं, १९ माघ

महेन्द्रराज बराल र कला लम्सालको स्वर रहेको दोहरी गीत 'माया पिरती सबै खल्ली बल्ली' सार्वजनिक भएको छ। रमेश परियारको शब्द तथा संगीत र कृष्ण केसीको संगीत संयोजन रहेको गीतको भिडियो सार्वजनिक भएको हो।

विक्रम चौहानको निर्देशन रहेको गीतको भिडियोमा विजय पुन, तुलसी गुरुङलगायत कलाकारको अभिनय देख्न सकिन्छ। अजय रेग्मीको छायांकन रहेको भिडियोको सम्पादन मनोज कार्कीले गर्नुभएको छ। ग्रामीण परिवेश, प्रेम र दोहरी संस्कृतिको स्वाद समेटिएको भिडियोले दर्शकको ध्यान आकर्षित गर्दछ।

## साफ यू-१९ महिला च्याम्पियनसिप
# नेपालको फाइनल खेल्ने सम्भावना कायमै, भुटानमाथि रोमाञ्चक जित

**हिमालय टाइम्स**

पोखरा, १९ माघ

पोखरामा जारी साफ यू-१९ महिला च्याम्पियनसिपको दोस्रो खेलमा नेपालले भुटानलाई पराजित गरेको छ। पोखरा रंगशालामा सोमबार भएको खेलमा नेपालले भुटानमाथि दुई-एकको जित निकालेको हो। नेपालको जितमा संगीता बडुवाल र प्रजिता राईले एक-एक गोल गर्नुभयो।

संगीताले ३६औं मिनेटमा गोल गर्दै नेपाललाई पहिलो हाफमा अग्रता दिलाउनुभएको थियो। प्रजिताले दोस्रो हाफको ७०औं मिनेटमा गोल गर्दै नेपालको अग्रता दोब्बर पार्नुभयो। भुटानले ८७औं मिनेटमा गोल फर्काउँदै खेलमा फर्किने प्रयास गरेको थियो। पूर्णिमा श्रेष्ठको डिफेन्सिभ गल्तीमा भुटानले गोल गरेको थियो। यद्यपी नेपाल इन्जुरी समयमा पनि अग्रता जोगाइराख्न सफल रह्यो। जितपछि नेपालको फाइनल सम्भावना कायमै रहेको छ। पहिलो खेलमा नेपाल भारतसँग एक-शुन्यले पराजित भएको थियो। नेपाल अंक तालिकामा भारतलाई पछि पार्दै दोस्रो स्थानमा उक्लिएको छ। यी दुई टोलीको समान दुई खेलबाट तीन अंक छ। भुटान पहिलो खेलमा बंगलादेशसँग भुटान १२-० ले पराजित भएको थियो। अब नेपालले अन्तिम खेल बुधबार बंगलादेशसँग खेल्नेछ। भुटानले भने भारतसँग खेल्नेछ। अंक तालिकाका शीर्ष दुई टोलीले फाइनल खेल्नेछन्।

**बंगलादेशसँग भारत पराजित**

पोखरा अन्तर्राष्ट्रिय फुटबल रंगशालामा सञ्चालन भइरहेको १९ वर्षमुनिको साफ महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताको पहिलो खेलमा भारतलाई बंगलादेशले दुई-शून्य गोलले पराजित गरेको छ। बंगलादेशले खेलको पहिलो हाफमा गरेको दुई गोल नै भारतलाई हराउन पर्याप्त रह्यो। खेलको २९ औं मिनेटमा कप्तान अरपिता विश्वास अरपिताले गोल गरेर अग्रता बनाउनुभयो। यसैगरी खेलको ४०औं मिनेटमा अल्पी अक्तरले बंगलादेशका लागि गोल गर्दै अग्रता दोब्बर बनाउनुभयो। पहिलो हाफमा दुई गोलले पछि परेको भारतले खेलमा फर्कन प्रयास गरे पनि सफल हुन सकेन।

दुई खेलमा जित हासिल गरेपछि बंगलादेश जारी प्रतियोगिताको अंक तलिकामा शीर्षस्थानमा रहेको छ। बंगलादेशले ६ अंक जोड्दा समान खेल खेलेको भारत तीन अंकसहित दोस्रो स्थानमा छ।

प्रतियोगितामा यसपटक चार टोलीले मात्र सहभागिता जनाएका छन्। दक्षिण एसियाली फुटबल महासंघ (साफ)को समन्वय तथा अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा भएको प्रतियोगिता 'राउण्ड रोबिन लिग' प्रणालीमा खेलाइएको छ। जहाँ प्रत्येक टोलीले अन्य टोलीसँग एक-एक खेल खेल्नेछन्। प्रतियोगिताको लिग चरणपछि शीर्ष दुई टोलीले माघ २४ मा हुने फाइनल खेलमा उपाधिका लागि प्रतिस्पर्धा गर्ने साफका महासचिव पुरुषोत्तम कट्टेलले जानकारी दिनुभयो।

## झापा गोल्डकपको उद्घाटन खेलमा झापा-११ र नेपाल पुलिस क्लब भिड्ने

**काठमाडौं/हिटा।** झापाको बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा आयोजना हुने सातौं संस्करणको झापा गोल्डकप फुटबल प्रतियोगिता (विनोद बस्नेत स्मृति संस्करण) को उद्घाटन खेलमा आयोजक झापा-११ फुटबल क्लब र नेपाल पुलिस क्लबबीच प्रतिस्पर्धा हुने भएको छ।

आयोजक झापा गोल्डकप आयोजक समितिले सोमबार प्रतियोगिताको खेल तालिका सार्वजनिक गर्दै उद्घाटन खेलको जानकारी दिएको हो। प्रतियोगिता यही माघ २४ गते शनिबारदेखि सुरु हुनेछ। यस संस्करणमा स्वदेशी तथा विदेशी गरी कुल १० टोलीको सहभागिता रहने आयोजकले जनाएको छ। तालिकाअनुसार, माघ २५ गते त्रिभुवन आर्मी फुटबल क्लब र चर्च ब्वाइज युनाइटेडबीच प्रतिस्पर्धा हुनेछ। माघ २६ गते हुने पहिलो क्वाटरफाइनल खेलमा उद्घाटन खेलको विजेता टोलीले भारतको सिक्किमस्थित सिग्लिङ स्पोर्टिङ क्लबको सामना गर्नेछ।

त्यसैगरी माघ २७ गते हुने दोस्रो क्वाटरफाइनलमा दोस्रो खेलको विजेता टोली र पोखराको लालीगुराँस एसोसिएसनबीच प्रतिस्पर्धा हुने झापा गोल्डकपका अध्यक्ष केदार गिरीले जानकारी दिनुभयो।

माघ २८ गते हुने तेस्रो क्वाटरफाइनल खेलमा एपिएफ फुटबल क्लब र भुटानको रोयल थिम्पु कलेज आमनेसामने हुनेछन् भने माघ २९ गते हुने अन्तिम क्वाटरफाइनलमा मच्छिन्द्र फुटबल क्लब र मलेसियाको एन पेनाङ फुटबल क्लबबीच प्रतिस्पर्धा हुनेछ।

प्रतियोगिताका सेमिफाइनल खेलहरू फागुन १ र २ गते आयोजना हुनेछन् भने फाइनल खेल फागुन ४ गते सम्पन्न हुनेछ। पुरस्कार राशितर्फ प्रतियोगिताको विजेता टोलीले नगद १५ लाख रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ भने उपविजेता टोलीले सात लाख ५० हजार रुपैयाँ प्राप्त गर्ने झापा गोल्डकपका कोषाध्यक्ष चन्द्रमणि कट्टेलले जानकारी दिनुभयो।

व्यक्तिगत विधातर्फ सर्वोत्कृष्ट खेलाडीलाई यामाहा कम्पनीको एक थान मोटरसाइकल प्रदान गरिनेछ। त्यसैगरी उत्कृष्ट गोलरक्षक, उत्कृष्ट प्रशिक्षक तथा सर्वाधिक गोलकर्तालाई जनही ३५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ। प्रत्येक खेलको 'प्लेयर अफ द म्याच' ले २५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्। झापा गोल्डकपलाई पूर्वाञ्चल क्षेत्रकै प्रतिष्ठित फुटबल प्रतियोगिताका रूपमा लिइन्छ। यस प्रतियोगिताले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडीलाई एउटै मैदानमा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्दै नेपाली फुटबलको विकासमा योगदान पुऱ्याउँदै आएको आयोजकको दाबी छ।

## टी-२० विश्वकप- भारतविरूद्धको खेल बहिष्कार गर्ने पाकिस्तानको निर्णय




**एजेन्सी।** आइसिसी टी-२० विश्वकपमा पाकिस्तानले भारतविरूद्धको खेल बहिष्कार गर्ने भएको छ। पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी)ले टी-२० विश्वकपमा भारतविरुद्धको खेल नखेल्ने घोषणा गरेको हो। पाकिस्तान सरकारले आफ्नो टिमलाई श्रीलंका यात्रा गर्न अनुमति दिएको छ। तर, उसले घोषणा गरेको छ, 'पाकिस्तान क्रिकेट टिम १५ फेब्रुअरी २०२६ मा भारतविरुद्ध निर्धारित खेलमा मैदानमा उत्रने छैन।' समूह चरणमा दुई टोली कोलम्बोमा एकअर्कासँग भिड्ने तालिका थियो।

वक्तव्यमा यो निर्णयको कारण भने निर्दिष्ट गरिएको छैन। तर, आइसिसीले बंगलादेशलाई विश्वकप खेल्न वञ्चित गरेपछि त्यसको प्रतिक्रियामा पाकिस्तानले यस्तो निर्णय लिएको हुन सक्ने अनुमान छ। जनवरी २४ मा अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले बंगलादेशको सट्टा स्कटल्याण्डलाई प्रतियोगितामा प्रवेश गर्न अनुमति प्रदान गरेको थियो।


**तुलसीपुर उप-महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**E-Bidding मार्फत बोलपत्र आहवानको सूचना**

(प्रथम पटक प्रकाशन मिति : February 03, 2026 (२०८२।१०।२०)

तुलसीपुर उपमहानगरपालिकाको तपशिल बमोजिमको सार्वजनिक निर्माण कार्य विधुतीय खरिद प्रणाली (E-Bidding) मार्फत गर्नु पर्ने भएकोले इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं | आयोजनाको नाम | ठेक्का प्रकिया | बोलपत्रको मुल्य र मान्य अवधि | धरौटी | | लागत रकम मु अ कर र पीएस बाहेक |
|---|---|---|---|---|---|---|
| | | | | रकम | मान्य अवधि | |
| TSMC/NCB/47/W/082/083 | Sakram Syalapani Sadak Antargat Lama Kholama Culvert Tatha Nala Nirman ( Box Culvert) | NCB | NRs 5000 90 days | NRs 4,92,000.00 | 120 days | |
| TSMC/NCB/48/W/082/083 | Ma vi Bhitri Sakram School Building at TSMC -19 | NCB | NRs 3000 90 days | NRs 2,20,000 | 120 days | NRs 74,36,768 |

थप जानकारी PPMO को website: www.bolpatra.gov.np/egp तथा तुलसीपुर उपमहानगरपालिकाको website: www.tulsipurmun.gov.np वा तुलसीपुर उपमहानगरपालिकाको सूचना र गतिविधी नामको फेसबुक पेज बाट लिन सक्नुहुने छ।

**प्रमुख प्रशासकीय अधिकृत**



**Mangala Rural Municipality**
**Office of Rural Municipal Executive**
**Babiyachaur, Myagdi**

**Invitation for Online (Electronic) Sealed Quotation**

**Date of publication:- 3rd Feb 2026 (2082/10/20)**

**Mangala Rural Municipality, Office of Rural Municipal Executive, Babiyachaur, Myagdi** invites Only online/e-Sealed Quotation Works under e/procurement system from eligible Nepalese bidders for the following package of Construction Works mentioned below under competitive bidding procedures. Bid document can be downloaded from PPMO's website **www.bolpatra.gov.np/egp** and bidder may obtain all other information at office, website: **www. https://mangalamun.gov.np & www.bolpatra.gov.np/egp.** All eligible bidders are requested to submit Sealed Quotation online as per instruction within mentioned period. **The scanned copy of bid document fee, bid security, company/firm registration, Buisseness Lisence (ijjajat), renewal, tax clearance certificate (upto f/y- 2081/082) should be uploaded at the time of bid submission**. The Purchaser reserves the right to accept or reject all the bids, wholly or partly with or without assigning any reason. Any information otherwise stated in this notice will be as per Public Procurement Act-2063 (with Amendment) & Public procurement Regulations 2064 (with Amendment).

| Contract. ID. | Description of Works | Category | Estimated Amount with VAT & P.S (NRs.) | Last Date of Bid submission | Date of Bid Opening | Bid Security Amount (NRs.) | Validity Period of Bid security | Bid Document Fee Details (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| MRM/Myagdi/SQ/W/01/082/083 | Shree Sharada Ma.Vi. Infrastructure Construction | WORKS | 11,51,994.35/- | 20/02/2026 12:00:00PM | 20/02/2026 13:00:00 PM | 30,000/- | 75 days | 1000/- | |
| MRM/Myagdi/SQ/W/02/082/083 | Upgradation of Thaibang Tusarepani Roadway | WORKS | 16,43,246.59/- | 20/02/2026 12:00:00PM | 20/02/2026 13:00:00 PM | 43,000/- | 75 days | 1000/- | |
| MRM/Myagdi/SQ/W/03/082/083 | Construction of Community Building of Kuhun Malika Aama Samuha | WORKS | 16,43,586.96/- | 20/02/2026 12:00:00PM | 20/02/2026 13:00:00 PM | 43,000/- | 75 days | 1000/- | |
| MRM/Myagdi/SQ/W/04/082/083 | Construction of Bukeni Soldhara Motorable Road | WORKS | 19,19,394.47/- | 20/02/2026 12:00:00PM | 20/02/2026 13:00:00 PM | 50,000/- | 75 days | 1000/- | |
| MRM/Myagdi/SQ/W/05/082/083 | Construction of Community Health Unit Building Ward No.4 | WORKS | 17,27,830.19/- | 20/02/2026 12:00:00PM | 20/02/2026 13:00:00 PM | 45,000/- | 75 days | 1000/- | |

**Bank Details :**
- **Bid Document Fee must be deposit in Prabhu Bank**, Mangala Rural Municipality **Khata No.** 1500110309300101
- **Bid security amount must be deposit in Prabhu Bank**, Mangala Rural Municipality **Dharauti Khata**, 1500110309300061 **in case of cash deposit OR may submit Bank Guarantee with sufficient validity period.**

**Chief Administrative Officer**



**कुवेतमा रोजगार**
KUWAITHA TRADING & INDUSTRY CO
KUWAIT
L.T. No.: 338174

1. Labour 40 0

(10 February 2026)

**GOLD OVERSEAS PVT. LTD.**
Basundhara Kathmandu, Tel: 5903225.
Email: goldova2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com



नेपाल सरकार
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**नयाँ शहर आयोजना कार्यालय**
खुर्कोट, सिन्धुली

**बोलपत्र स्वीकृतीको आशय सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२/१०/२० गते**

यस कार्यालयको विभिन्न मितिमा प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रीतपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| S. N. | Contract No. | Name of Successful Bidders | Bid Amount (Without PS & VAT) |
|---|---|---|---|
| 1. | KNTPO/NCB/Works/02/082/083 | JAGADAMBA -D&D-SWADESHI JV, Naya Baneswor, Ktm | 2,18,03,010.69 |



नेपाल सरकार
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**
बबरमहल, काठमाण्डौ

**Food safety Surveillance vehicle (Five Door Compact SUV/SUV) खरिद सम्वन्धि विद्युतिय बोलपत्र आव्हान गरिएको सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०८२/१०/२० गते)**

यस विभागको आ. व. ०८२/०८३ का लागि आवश्यक Food safety Surveillance vehicle (Five Door Compact SUV/SUV) विद्युतिय बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३१ दिनभित्र यस विभागको कार्यालय कोड नं. ३१२०३३५०३, राजश्व शिर्षक नं. १४२२९ मा बोलपत्र दस्तुर वापतको रकम रू. ३०००/- दाखिला गरेको सक्कलै भौचर तथा चालु आ. ब. को लागि नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, आयकर दर्ता (PAN) प्रमाण पत्र, मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र र आ. ब. ०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिका साथै रीतपूर्वकको विद्युतिय बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैलाई आव्हान गरिन्छ। विस्तृत सूचना यस विभागको सूचना पाटी र विभागको वेभसाइट www.dftqc.gov.np मा राखिएको व्यहोरा जानकारी गरिन्छ।

| सि.नं. | बोलपत्र सूचना नं. | मालसामानको विवरण | बोलपत्र जमानत रकम |
|---|---|---|---|
| १ | DFTQC/NCB-02/2082/083 | Five Door Compact SUV/SUV | रू. २,३५,०००/- |



**Rolpa Municipality**
**Office of the Municipal Executive**
**Liwang 2 Rolpa**

**Invitation for Bids**

**Date of publication: 2/2/2026**

1. Rolpa Municipality, Rolpa invites the bids only from Nepaleses elegible bidders for the construction of Projects as mentioned below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rolpa Municipality, Rolpa, e-mail: rolpanagarapalika@gmail.com , phone no. 086-440071

| Contract ID | Last Date of Bid Submission | Date and time of Bid Opening | Bid Validity Period | Remarks |
|---|---|---|---|---|
| RM/ROLPA/NCB/W/16/2082-083, RM/ROLPA/NCB/W/17/2082-083, RM/ROLPA/NCB/W/18/2082-083 | 4-3-2026 on or before 12:00 hrs. | 4-3-2026 at 14:00 hrs. | 90 days + 30 days | |

**Details of the Contract**

| S. N. | Contract ID No. | Description of Works | Estimated Amount without VAT (NRs) | Bid Security (NRs.) | Bid Document Price |
|---|---|---|---|---|---|
| 1 | RM/ROLPA/NCB/W/16/2082-083 | Chhapa Bhaidakhuti Lift Khanepani Yojana, Rolpa Municipality 5. | 1,06,31,673.57 | 3,15,000/- | 3000/- |
| 2 | RM/ROLPA/NCB/W/17/2082-083 | Kapai Jankot Khanepani Yojana, Rolpa Municipality 8. | 30,63,647.19 | 90,000/- | 3000/- |
| 3 | RM/ROLPA/NCB/W/18/2082-083 | Kapaseni Sichai Kulo Marmat Yojana, Rolpa Municipality 1. | 17,75,295.21 | 65,000/- | 3000/- |

**Information to deposit the cost of bidding document in the Bank**

| Name of the Bank | Name of Office | Office Code no | Office Account no ( Dharauti Khata) | Rajaswa Shirshak | Rajaswa Account No |
|---|---|---|---|---|---|
| Nepal Bank Limited | Rolpa Municipality, Rolpa | 801055401 | 07603000003000000001 | | 07603000001001000001 |

**Chief Administrative Officer**


CMYK

# नेपाल लाइफको एमडिआरटी एचिभर्स अवार्ड



**काठमाडौं ।** नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले माघ १३-१५ गतेसम्म पोखरामा 'एमडिआरटी' एचिभर्स अवार्ड, २०२६ आयोजना गरेको छ । सन् २०२५ को जनवरीदेखि डिसेम्बर अन्तिमसम्ममा 'एमडिआरटी २०२६' का लागि योग्य एक सय १० जना अभिकर्तालाई सम्मान गरिएको थियो । कार्यक्रममा कम्पनीका सञ्चालक कमलेशकुमार अग्रवालले एमडिआरटी जस्तो अन्तर्राष्ट्रिय संस्थाले तोकेको मापदण्ड पूरा गरी क्वालिफाई हुन सफल भई कार्यक्रममा सामेल हुनुभएका अभिकर्तालाई बधाई दिँदै आगामी दिनका लागि शुभकामना दिनुभएको थियो । क्वालिफाई भएका अभिकर्तालाई अन्तर्राष्ट्रियस्तरमा गई एक्स्पोजर लिन पनि उहाँले आग्रह गर्नुभएको थियो ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले नेपाल लाइफले बीमा बजारको करिब एक तिहाइ हिस्सा ओगटेको जानकारी गराउँदै आगामी दिनमा आमनागरिकबीच बीमा पहुँचलाई विस्तार गर्दै कम्पनीको उपस्थितिलाई झन् बलियो बनाउन आग्रह गर्नुभएको थियो । उहाँले कम्पनीको मेरुदण्ड भनेकै अभिकर्ता रहेकाले नेपाल लाइफ सफल भएको र आगामी दिनमा झन् बलियो र सबल भएर बजारमा प्रस्तुत हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा कम्पनीका नेसनल सेल्स हेड उमापति पोखरेलले सम्मानित हुनेलाई बधाई दिँदै आगामी वर्ष झन् बढी संख्यामा एमडिआरटीलाई सम्मान गर्न कम्पनी लालायित रहेको बताउनुभएको थियो भने पेशागत बीमा अभिकर्ता महासंघका महासचिव ओम केसीले गत वर्षको लक्ष्य प्राप्तिका लागि सबै अभिकर्तालाई धन्यवाद दिँदै नेपाल लाइफका अभिकर्ता नेपालकै सबैभन्दा अब्बल र सक्षम अभिकर्ता रहेको बताउनुभएको थियो । पेशागत बीमा अभिकर्ता संघ नेपाल बीमक समिति नेपाल लाइफका अध्यक्ष गणेश अधिकारीले कम्पनीले आयोजना गरेको भव्य र सभ्य कार्यक्रमका लागि कम्पनी व्यवस्थापनलाई धन्यवाद दिनुभएको थियो ।

# नेपालमा कपास उत्पादन अवस्था सुधारोन्मुख

**हिमालय टाइम्स**

काठमाडौं, १९ माघ

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गरेको छ । प्रतिवेदनअनुसार गत आर्थिक वर्ष कृषि क्षेत्रले मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा २५.१६ प्रतिशत योगदान दिएको छ भने कृषि क्षेत्रको वार्षिक वृद्धिदर ३.२८ प्रतिशत रहेको छ । समग्रमा मन्त्रालयको वित्तीय प्रगति ८४.५४ र भारित प्रगति ८५.१८ प्रतिशत रहेको छ ।

प्रतिवेदनअनुसार कपास विकास कार्यक्रममा उल्लेखनीय प्रगति हासिल भएको छ । आर्थिक वर्ष २०८१/८२ मा उत्पादन, प्रशोधन र बीउ वितरणमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ । गत आर्थिक वर्ष कपास विकास कार्यक्रमअन्तर्गत दाङ र बाँके जिल्लाका दुई सय १५ जना कपास खेतीमा संलग्न कृषक परिवारबाट बीउसहितको कपास (सिड कटन) खरिद गरिएको छ । कुल ४३.५८५ मेट्रिक टन बीउसहितको कपास खरिद गरी जिनिङ तथा डिलिन्टिङपछि १४.७७ मेट्रिक टन कपास रेशा, दुई सय ७० केजी फज, २७.४८ मेट्रिक टन अप्रशोधित बीउ तथा १.५ मेट्रिक टन प्रशोधित बीउ उत्पादन गरिएको छ । हालसम्म १४.७७ मेट्रिक टन कपास रेशा बेरलिङ गरिएको छ । साथै कपास रेशा तथा अप्रशोधित कपास बीउ बिक्रीका लागि मूल्य निर्धारण गरी राइलसमेत तयार गरिएको छ । कार्यक्रमअन्तर्गत आगामी उत्पादन विस्तारलाई ध्यानमा राख्दै एक सय ५० हेक्टर क्षेत्रफलमा कपास खेतीका लागि दुई सय ५० जनाभन्दा बढी कृषकलाई एक हजार केजी कपास बीउ ५० प्रतिशत अनुदानमा उपलब्ध गराइएको छ । त्यसैगरी, किरा तथा रोग व्यवस्थापनका लागि औषधि तथा उपकरण वितरण गरिएको छ । करिब १५ सय लिटर विषादी तथा ३३ थान स्प्रेयर टंकी ५० प्रतिशत अनुदानमा कृषकलाई वितरण गरिएको प्रतिवेदनमा उल्लेख छ ।



प्रतिवेदनअनुसार बीउ उत्पादनतर्फ पनि प्रगति भएको छ । आर्थिक वर्ष २०८१/८२ मा अमोल जात १.५ हेक्टर क्षेत्रफलमा (स्थानः जमुनी रामथली, बर्दिया) तथा सुरलिम जात १.५ हेक्टर क्षेत्रफलमा बीउ उत्पादन भएको छ । कार्यक्रमले कपास खेती प्रवर्द्धन, किसानको आय वृद्धि तथा स्वदेशी कपास उत्पादनमा आत्मनिर्भरता बढाउने लक्ष्यमा ठोस योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

रासायनिक मल आपूर्तितर्फ भने लक्ष्यअनुसार पूर्ण आयात हुन सकेन । मन्त्रालयले पाँच लाख ५० हजार मेट्रिक टन मल आपूर्तिका लागि बोलपत्र आह्वान गरे पनि हालसम्म चार लाख ८८ हजार सात सय ३७ मेट्रिक टनमात्रै आयात भएको छ । आयातितमध्ये चार लाख ४१ हजार तीन सय सय १५ मेट्रिक टन मल कृषकहरूलाई बिक्रीवितरण गरिएको मन्त्रालयले जनाएको छ । कृषि तथा पशुपन्छी बीमा कार्यक्रमअन्तर्गत सरकारले बीमा प्रिमियममा ८० प्रतिशत अनुदान दिँदै आएको छ । आर्थिक वर्ष २०८१/८२ मा बीमा शुल्क अनुदानबापत एक अर्ब ६० करोड १६ लाखभन्दा बढी भुक्तानी गरिएको छ भने पशुपन्छी बीमातर्फ मात्रै एक लाख ६६ हजारभन्दा बढी बीमालेख जारी भएका छन् ।

प्रतिवेदनअनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत देशभर २१ सुपर जोन र दुई सय छवटा जोन सञ्चालनमा रहेका छन् । चक्लाबन्दी खेती कार्यक्रममार्फत् सात हजार आठ सय ४० हेक्टर क्षेत्रमा खेती विस्तार भएको छ भने चैते धान प्रवर्द्धन कार्यक्रमअन्तर्गत छ हजार एक सय २६ हेक्टर थप क्षेत्रमा धान खेती विस्तार गरिएको छ । उत्पादनतर्फ धानको उत्पादकत्व ४.१९ मेट्रिक टन प्रतिहेक्टर, मकै ३.४६, गहुँ ३.०० र आलुको १६.८ मेट्रिक टन प्रतिहेक्टर रहेको छ । दूध उत्पादन २७ लाख ५१ हजार मेट्रिक टन र मासु उत्पादन चार लाख ६४ हजार मेट्रिक टन पुगेको छ ।

त्यस्तै, किसान सूचीकरण कार्यक्रममा २३ लाख ६८ हजारभन्दा बढी कृषकले आवेदन दिएका छन् । पशुपन्छी खोप उत्पादनतर्फ चार करोड ३४ लाखभन्दा बढी डोज खोप उत्पादन भएको छ । कृषिमा लगानी अभिवृद्धि गर्ने उद्देश्यसहित २०८१ देखि २०९१ सम्मको अवधिलाई 'कृषि लगानी दशक' घोषणा गरिएको छ । गत आर्थिक वर्ष २०८१/८२ का लागि मन्त्रालयलाई कुल ५७ अर्ब २९ करोड पाँच लाख रुपैयाँ विनियोजन गरिएकोमा संघीय सरकारमार्फत् ५० अर्ब २६ करोड ५५ लाख रुपैयाँ खर्च गर्नुपर्ने थियो भने प्रदेश तहमा एक अर्ब १५ करोड ६६ लाख र स्थानीय तहमा तीन अर्ब २२ करोड ८४ लाख रुपैयाँ सशर्त अनुदानका रूपमा हस्तान्तरण गरिएको थियो ।

> **मन्त्रालयका अनुसार आगामी उत्पादन विस्तारलाई ध्यानमा राख्दै एक सय ५० हेक्टर क्षेत्रफलमा कपास खेतीका लागि दुई सय ५० जनाभन्दा बढी कृषकलाई एक हजार केजी कपास बीउ ५० प्रतिशत अनुदानमा उपलब्ध गराइएको छ ।**

# कात्यायनी चोकमा 'करेन्ट मार्ट'




**काठमाडौं ।** नेपाली बजारमा 'हट एण्ड स्पाइसी' नुडल्स सेग्मेन्टमा आफ्नो बलियो पकड जमाउन सफल 'करेन्ट नुडल्स' को उत्पादक संस्था यशोदा फुड्सले आफ्नो रिटेल आउटलेट 'करेन्ट मार्ट' को दोस्रो शाखा काठमाडौंमा सञ्चालनमा ल्याएको छ । भैरहवामा सञ्चालनमा रहेको पहिलो आउटलेटको सफलता र ग्राहकको बढ्दो मागलाई मध्यनजर गर्दै कम्पनीले काठमाडौंको बानेश्वरस्थित कात्यानी चोकमा नयाँ शाखा विस्तार गरेको हो । उक्त विस्तारित 'करेन्ट मार्ट' उद्घाटन यशोदा फुड्सका डाइरेक्टर मधुसुदन घिमिरे तथा नेसनल सेल्स म्यानेजर युगराज पाण्डेले संयुक्त रूपमा गर्नुभएको थियो । कार्यक्रममा कम्पनीका एरिया सेल्स म्यानेजरहरू सोनी पुडासैनी, विमला खाती र सपना भुसाललगायतको उपस्थिति रहेको थियो ।

कम्पनीका अनुसार, नवनिर्मित 'करेन्ट मार्ट' मा उपभोक्ताले यशोदा फुड्सद्वारा उत्पादित सम्पूर्ण रेन्जका उत्पादनहरू एकै छानामुनि प्राप्त गर्न सक्नेछन् । यहाँ करेन्ट ब्राण्डका लोकप्रिय नुडल्स (चाउचाउ), विभिन्न प्रकारका स्न्याक्स, चिज बल्स, स्टिक्स तथा पोट्याटो क्र्याकर्स उपलब्ध हुनेछन् । त्यसैगरी चिया पारखीका लागि करेन्ट गोल्ड मसला र सिटिसी चिया तथा विभिन्न प्रकारका मसला (जिरा पाउडर, धनियाँ पाउडर, रातो खुर्सानी पाउडर) आदि पनि मार्टमा उपलब्ध हुने कम्पनीले जनाएको छ ।

यशोदा फुड्सका चेयरम्यान चुन्नप्रसाद पौडेलले भन्नुभयो, 'भैरहवाका उपभोक्ताहरूले 'करेन्ट मार्ट' लाई देखाउनुभएको माया र विश्वासले हामीलाई राजधानीमा पनि सेवा विस्तार गर्न उत्साहित बनाएको छ । उपभोक्ताले अब कात्यायनी चोकबाटै हाम्रा ताजा र गुणस्तरीय उत्पादनहरू सहज रूपमा खरिद गर्न सक्नुहुनेछ ।' यसअघि कम्पनीले काठमाडौंको अनामनगर र शंखमूलमा 'करेन्ट पोइन्ट' मार्फत् नुडल्स पारखीलाई नयाँ स्वाद पस्किरहेको सन्दर्भमा नयाँ मार्टले पनि यशोदा फुड्सका प्याकेज्ड फुड खरिद गर्न चाहने ग्राहकलाई विशेष सुविधा दिने विश्वास लिएको छ ।

# 'ग्लोबल एकाउन्टिङ एण्ड फाइनान्स आउट सोर्सिङ' सम्मेलन

**काठमाडौं/हिटा ।** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान)ले २९औं वार्षिकोत्सवका अवसरमा काठमाडौंमा ग्लोबल एकाउन्टिङ एण्ड फाइनान्स आउट सोर्सिङ विषयक सम्मेलन आयोजना गरेको छ । 'विश्वव्यापी लेखा तथा वित्तीय आउट सोर्सिङ : प्रवृत्ति, क्षेत्रीय दृष्टिकोण र उदीयमान विश्वव्यापी अवसरहरू' विषयक पहिलो सत्रमा सरकारको स्थायित्व, व्यवसाय गर्न सहजता, भाषिक दक्षता, विशेष योग्यताको गहिराइ, पेशागत दक्षता तथा लागत पक्ष आउट सोर्सिङ बजारका प्रमुख प्रेरक तत्त्वहरू भएकोमा जोड दिइएको थियो । साथै प्रविधि अनुकूलन, सीप विकास, रणनीतिक नेतृत्वमा लगानी गर्दै परम्परागत लेखाबाट रोबोटिक प्रोसेस अटोमेसन (आरपिए), एआई अटोमेसन उपकरणजस्ता नयाँ युगका लेखा प्रणालीतर्फ रूपान्तरण गर्न सकेमा नेपालले विश्वव्यापी लेखा तथा वित्तीय सेवाको आउट सोर्सिङ बजारमा आफूलाई प्रतिस्पर्धी राष्ट्रका रूपमा स्थापित गर्न सक्ने धारणा सहभागीहरूले राखेका थिए । सिएफओका डाइरेक्टर अफ रिमोट सर्भिसेज डेविड हिलले विषयवस्तुमाथि मन्तव्य प्रस्तुत गर्नुभएको थियो । सत्रका प्यानलिस्टहरूमा एजिके पार्टनरका साझेदार सरोज सापकोटा, जेएचएस कन्सल्टिङका आउट सोर्सिङ पार्टनर तथा सेन्टर अफ एक्सेलेन्सका प्रमुख सिए धवलकुमार दीपक थोक्कर तथा स्ट्रेलिङ वेल्सका सिइओ सिए राजु गजुरेल हुनुहुन्थ्यो ।

'नेपालमा बिजनेस प्रोसेस आउट सोर्सिङ (बिपिओ), नलेज प्रोसेस आउट सोर्सिङ (केपिओ) र सूचना प्रविधि (आइटी) आउट सोर्सिङ : प्रवृत्ति, आर्थिक प्रभाव र नीतिगत हस्तक्षेप' विषयक सम्मेलनको दोस्रो सत्रमा बिपिओ/केपिओ क्षेत्रसँग सम्बन्धित विद्यमान नीति, चुनौती, पहल तथा आगामी मार्गचित्र' विषयमा छलफल भएको थियो । उक्त सत्रले विषयवस्तुमाथि गहन छलफलपछि सरकार र बहुपक्षीय निकायबीच सहकार्य, नीतिगत सुधार र स्थायित्वले नेपालमा बिपिओ/केपिओ क्षेत्रको विकासलाई तीव्रता दिन सक्ने निष्कर्ष निकालेको छ ।

सिए आनन्दराज शर्मा वाग्लेले संस्थाले अघि सारेको गेन परियोजनाले आगामी एक दशकमा वार्षिक रूपमा एक लाख ५० हजारभन्दा बढी रोजगारी सिर्जना गर्ने र छ अर्ब अमेरिकी डलरभन्दा बढी वैदेशिक मुद्रा आर्जन गर्ने लक्ष्य राखेको जानकारी दिनुभयो । आइक्यान उपाध्यक्षसमेत रहनुभएका सिए वाग्लेले 'नेपालमा बिजनेस प्रोसेस आउट सोर्सिङ (बिपिओ), नलेज प्रोसेस आउट सोर्सिङ (केपिओ) र सूचना प्रविधि (आइटी) आउट सोर्सिङ : प्रवृत्ति, आर्थिक प्रभाव र नीतिगत हस्तक्षेप' विषयक सम्मेलनको दोस्रो सत्रमा बिपिओ/केपिओ क्षेत्रसँग सम्बन्धित विद्यमान नीति, चुनौती, पहल तथा आगामी मार्गचित्र' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सत्रका प्यानलिस्टहरूमा अर्थ मन्त्रालयका उपसचिव गोविन्दराज आचार्य, विश्व बैंकका वित्तीय व्यवस्थापन विशेषज्ञ सिए विश्वराज बसौला र नास आइटीका अध्यक्ष गौरवराज पाण्डे हुनुहुन्थ्यो ।

सम्मेलनको तेस्रो सत्रमा स्टार्टिङ स्मल थिंकिङ ग्लोबलः प्रिपेयरिङ नेप्लिज एकाउन्टिङ फर्म फर इन्टरनेसनल आउट सोर्सिङ इन्गेजमेन्ट विषयमा छलफल भएको थियो । उक्त सत्र नेपालमा आउट सोर्सिङ व्यवसायमा संलग्न पेशाकर्मीहरूको वास्तविक अनुभव आदानप्रदानमा केन्द्रित थियो । प्यानल छलफलले नेपालका आउट सोर्सिङ फर्महरूले दिगो सञ्चालनका लागि बुककिपिङ तथा नियमित सेवामा मात्र केन्द्रित हुनुको सट्टा विशिष्टीकृत सेवा प्रवाह, मानव संसाधन विकास तथा कार्य संस्कृति/आचारसंहिता विकासमा ध्यान दिनुपर्ने निष्कर्ष निकालेको छ । तेस्रो सत्रको अध्यक्षता आइक्यानका काउन्सिल सदस्य सिए उमेशराज पाण्डेयले गर्नुभएको थियो । सत्रका प्यानलिस्टहरूमा एक्यानका महासचिव सिए प्रदीप अर्याल, एसिसिए नेपालका प्रमुख रविन कटवाल, फोर सिमेट्रोन्सका निर्देशक सिए शंकर थापा, इन्भेस्टर फ्रेन्ड्ली सिपिएका सिइओ आशिष आचार्य र फोकस योर फाइनान्सका सिइओ सोही दिन आइक्यानको २९औं वार्षिकोत्सव समारोह सम्पन्न भएको थियो । सो अवसरमा अर्थमन्त्री रामेश्वर खनालले आइक्यानको स्थापनाकालदेखि हालसम्मका गतिविधिहरूको प्रशंसा गर्दै नेपालको सार्वजनिक वित्त व्यवस्थापन सुधारमा आइक्यान सदस्यहरूको भूमिकाको प्रशंसा गर्नुभएको थियो । उहाँले नेपालबाट सेवा निर्यातको आवश्यकता औंल्याउँदै सूचना प्रविधिमा आधारित लेखा सेवाहरू निर्यात गर्ने ठूलो सम्भावना रहेको बताउनुभयो । साथै चार्टर्ड एकाउन्टेन्टहरूलाई सरकारी राजस्व सेवा तथा सार्वजनिक वित्तीय व्यवस्थापन सेवामा प्रवेशको व्यवस्था गरेर सरकारले उनीहरूको महत्त्वलाई मान्यता दिएको उहाँको भनाइ थियो ।

महालेखा नियन्त्रक शोभाकान्त पौडेलले नेपालका वित्तीय सेवा क्षेत्रमा चार्टर्ड एकाउन्टेन्ट तथा लेखा व्यवसायीहरूको महत्त्वमाथि प्रकाश पार्दै महालेखा नियन्त्रक कार्यालय र आइक्यानबीच सम्पन्न समझदारीपत्र (एमओयु) कार्यान्वयन महत्त्वपूर्ण रहेको बताउनुभएको थियो । महालेखा परीक्षक तोयम रायाले आइक्यानका नियामक भूमिकाहरूलाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याउनुभएको थियो । संस्थाका अध्यक्ष सिए निलबहादुर सारु मगरले आइक्यानको वर्तमान रणनीतिमाथि प्रकाश पार्दै संस्थाको नेपाल परियोजनाअन्तर्गतको ग्लोबल अकाउन्टिङ इनिसिएटिभ, क्याम्पस प्लेसमेन्ट परियोजना तथा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी), राष्ट्रिय सहकारी नियमन प्राधिकरण र सार्वजनिक खरिद अनुगमन कार्यालयलगायत विभिन्न निकायहरूसँग भएका समझदारीबारे जानकारी दिनुभएको थियो ।

# हायात प्लेसको भ्यालेन्टाइन्स 'रोमान्टिक एस्केप' अफर

**काठमाडौं ।** बुटवलस्थित हायात प्लेस होटलले प्रेमी-प्रेमिकाको सम्बन्ध अझ प्रगाढ र आत्मीय बनाउने उद्देश्यले 'एन इभिनिङ ड्याट लिङ्गर्स' मात्र १४ हजार नौ सय ९९ रुपैयाँको विशेष प्याकेज ल्याएको हो । शान्त वातावरण र स्तरीय आतिथ्य सत्कारको खोजीमा रहेका जोडीका लागि प्याकेज एक उत्कृष्ट रोजाइ बन्न सक्ने कम्पनीले जनाएको छ । बुटवलमा हालै सञ्चालनमा आएको 'हायात प्लेस बुटवल' ले यस वर्षको भ्यालेन्टाइन्स डे (प्रेम दिवस) मनाउन नेपालको जीवन्त लुम्बिनी प्रदेशमा रोमान्टिक गेटवेका लागि सम्पूर्ण जोडीलाई आमन्त्रित गरेको छ । १४ हजार नौ सय ९९ रुपैयाँ तोकिएको प्याकेजले भ्यालेन्टाइन्स डेलाई विलासी र रोमान्टिक बनाउनुका साथै प्रेम गर्ने जोडीबीच मायाको सम्बन्ध अझ आत्मीय बनाउने बताइएको छ । होटलका अनुसार प्याकेजअन्तर्गत जोडीहरूले 'वान-नाइट स्टे' सँगै 'ब्रेकफास्ट इन बेड', भव्य रोमान्टिक ' बफे डिनर' र दुई गिलास 'स्पार्कलिंक वाइन' तथा 'सट्स' को मज्जा लिन सक्नेछन् । साथै आफ्नो बसाइलाई अझ आरामदायी बनाउन जोडीहरूले 'अनवाइन्ड टुगेदर' अफरमार्फत् ६० वा ९० मिनेटको 'स्पा सेसन' बुकिङ गर्दा १५ प्रतिशत विशेष छुट प्राप्त गर्न सक्नेछन् । जसले जोडीहरूलाई सँगै रिल्याक्स गर्न र तरोताजा महसुस गर्न मद्दत गर्नेछ । होटलमा एक सय नौवटा फराकिला रुमहरू उपलब्ध छन्, जहाँबाट हरियाली जंगल र डाँडाकाँडाको मनमोहक दृश्य देख्न सकिन्छ । आधुनिक सुख-सुविधा र शान्त वातावरणको उत्कृष्ट समिश्रण रहेको होटल एकान्तमा समय बिताउन र एक-अर्कासँग नजिकिन चाहने जोडीहरूका लागि उत्तम गन्तव्य हुन सक्ने होटलको दाबी छ । 'डिनर डेट' का लागि होटलको ' जिङ बार' मा अन्तर्राष्ट्रिय परिकार र स्थानीय स्वाद मिसिएका 'ककटेल'हरूको विशेष सेलेक्सन उपलब्ध छ ।

# इनड्राइभको यात्रु सुरक्षा अभियान

inDrive

**काठमाडौं ।** नेपालका प्रमुख शहरी क्षेत्रमा राइड-हेलिङ सेवा प्रयोग तीव्र गतिमा बढ्दै गएको सन्दर्भमा इनड्राइभले यात्रु सुरक्षाप्रतिको आफ्नो प्रतिबद्धता थप मजबुत बनाएको छ । प्रयोगकर्तालाई केन्द्रमा राख्ने आफ्नो मूल सिद्धान्त छनोटको स्वतन्त्रतालाई निरन्तर कायम राख्दै इनड्राइभले इन-एप सुरक्षा सुविधाहरू र निरन्तर जनचेतनामूलक पहलमार्फत् यात्रुलाई सुरक्षित, विश्वसनीय र सूचित यात्राका लागि आवश्यक मार्गदर्शन प्रदान गर्दै आएको छ ।

इनड्राइभका सुरक्षा उपायहरू यात्राअघि यात्राका क्रममा र यात्रा सम्पन्न भएपछि समेत लागू हुने गरी डिजाइन गरिएका छन्, जसले प्रयोगकर्तालाई प्रत्येक चरणमा सचेत निर्णय लिन सक्षम बनाउँदै यात्रालाई थप पारदर्शी र सुरक्षित बनाउँछ । यात्रा सुरु गर्नुअघि इनड्राइभले प्रयोगकर्तालाई एपभित्र उपलब्ध चालकसम्बन्धी विवरण चालकको नाम, फोटो, सवारी साधनको विवरण तथा नम्बर प्लेट सावधानीपूर्वक समीक्षा गर्न प्रोत्साहित गर्छ । साथै यात्रुहरूले आफ्नो यात्रा विवरण परिवार सदस्य वा विश्वसनीय व्यक्तिसँग सेयर गर्न सक्ने सुविधा पनि उपलब्ध छ, जसले तेस्रो पक्षलाई रियल-टाइममा यात्राको अवस्थाबारे जानकारी दिन मद्दत गर्छ । उल्लेखित सुविधाहरूले यात्रुहरूलाई आफ्नो यात्राको योजना बनाउँदा सुरक्षित र स्वतन्त्र छनोट गर्न सशक्त बनाउँछन् ।

यात्राका क्रममा इनड्राइभको लाइभ लोकेसन ट्र्याकिङ सुविधामार्फत् यात्रुहरूले आफ्नो अवस्थाबारे निरन्तर जानकारी सेयर गर्न सक्छन्, जसले पारदर्शिता र विश्वास कायम राख्न सहयोग पुर्‍याउँछ । प्रयोगकर्ताको गोपनीयतालाई उच्च प्राथमिकता दिँदै इनड्राइभले मास्क्ड कल फिचर उपलब्ध गराएको छ, जसले यात्रु र चालकबीच व्यक्तिगत फोन नम्बर नखुलाइकन सुरक्षित सम्पर्क सम्भव बनाउँछ ।

कुनै असहज अवस्था वा आपत्कालीन परिस्थितिमा, इन-एप एसओएस बटन प्रयोग गरी तुरुन्त सहयोग लिन सकिने व्यवस्था गरिएको छ, जसले यात्रुहरूलाई आफ्नो यात्रामाथि थप नियन्त्रण र सुरक्षा प्रदान गर्ने कम्पनीको दाबी छ । कम्पनीका अनुसार यात्रा सम्पन्नपछि प्रयोगकर्तालाई चालकलाई रेटिङ दिन र प्रतिक्रिया साझा गर्न प्रोत्साहन गरिन्छ ।

इनड्राइभको रिपोर्टिङ तथा फिडब्याक प्रणालीमार्फत् प्रयोगकर्ताले आफ्नो अनुभव, गुनासो वा सुझाव सहजै दर्ता गर्न सक्छन् । जसले सेवा सुधार, उत्तरदायित्व अभिवृद्धि तथा यात्रु र चालक दुवैका लागि सुरक्षित र जिम्मेवार समुदाय निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्छ । कम्पनीको नेपाल कन्ट्री रिप्रेजेन्टेटिभ रीता पोखरेलले भन्नुभयो, 'नेपालको शहरी मोबिलिटी इकोसिस्टम तीव्र रूपमा विकसित हुँदै गएको अवस्थामा सुरक्षा र छनोटको स्वतन्त्रता एक-अर्काका पूरक तत्त्व हुन् ।

स्पष्ट जानकारी र प्रयोगमैत्री सुरक्षा उपकरणहरू उपलब्ध गराएर इनड्राइभले प्रयोगकर्तालाई आफ्नो निर्णयमाथि नियन्त्रण राख्दै आत्मविश्वासका साथ यात्रा गर्न सक्षम बनाइरहेको छ ।' उल्लेखित पहलहरूमार्फत् कम्पनीले पिपुल-सेन्ट्रिक मोबिलिटी इकोसिस्टम निर्माण गर्ने आफ्नो प्रतिबद्धता पुनः पुष्टि गरेको जनाएको छ ।


नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय**
धनुषा, जनकपुरधाम

**बोलपत्र स्वीकृतीको आशय सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८२/१०/२०

यस कार्यालयको मिति २०८२/०४/२८ गते प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रीतपूर्वक प्राप्त हुन आएका बोलपत्रमध्ये तपसिल बमोजिमको बोलपत्रहरु न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्रहरु स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Name of Successful Bidders | Bid Amount (With VAT) |
|---|---|---|---|
| 1 | FUDBCO/Dhanusha/Works/NCB/38/082/083 | Pinus Construction Pvt. Ltd., Baneshwor, Kathmandu | 1,85,61,943.81 |
| 2 | FUDBCO/Dhanusha/Works/NCB/41/082/083 | Creation/Jay/Nayak J.V., Jaleshwor-5 | 2,31,25,135.64 |
| 3 | FUDBCO/Dhanusha/Works/NCB/42/082/083 | Shabitri Nirman Sewa, Janakpurdham. | 2,36,68,331.18 |
| 4 | FUDBCO/Dhanusha/Works/NCB/43/082/083 | Lo/B.M.M.Builders J.V., Janakpurdham-5 | 2,31,32,121.13 |
| 5 | FUDBCO/Dhanusha/Works/NCB/44/082/083 | S&R-Aashish J.V., Janakpur-19 | 2,02,63,904.04 |
| 6 | FUDBCO/Dhanusha/Works/NCB/45/082/083 | S&R-Aashish J.V., Janakpur-19 | 2,02,39,704.98 |
| 7 | FUDBCO/Dhanusha/Works/NCB/46/082/083 | Creation/Jay/Nayak J.V., Jaleshwor-5 | 2,16,17,046.71 |
| 8 | FUDBCO/Dhanusha/Works/NCB/47/082/083 | A Plus Design & Construction Pvt. Ltd., Lalitpur | 2,00,48,158.61 |
| 9 | FUDBCO/Dhanusha/Works/NCB/48/082/083 | A Plus Design & Construction Pvt. Ltd., Lalitpur | 2,00,69,682.88 |
| 10 | FUDBCO/Dhanusha/Works/NCB/49/082/083 | Shashwat-Prayush J.V., Kathmandu | 1,96,93,500.44 |
| 11 | FUDBCO/Dhanusha/Works/NCB/50/082/083 | Shashwat-Prayush J.V., Kathmandu | 1,84,85,078.21 |
| 12 | FUDBCO/Dhanusha/Works/NCB/51/082/083 | JJ-KB-SA J.V., Pithiya Bazar-7 | 2,13,04,711.67 |
| 13 | FUDBCO/Dhanusha/Works/NCB/52/082/083 | Rabbani Construction Jaleshwor-11 | 2,32,10,496.28 |
| 14 | FUDBCO/Dhanusha/Works/NCB/53/082/083 | Santosh/Om Sai J.V., Sarlahi | 2,09,36,723.52 |
| 15 | FUDBCO/Dhanusha/Works/NCB/11/082/083 | Makalu-Sunrise J.V., Janakpurdham | 2,47,16,080.00 |


इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, ४५८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल

CMYK